जनपक्षीय विचारप्रधान साप्ताहिक

# देशप्रेम

DESHPREM *National Weekly*

www. deshpremweekly .com

देशप्रेम प्रकाशन प्रा.लि.द्वारा प्रकाशित

वर्ष २८ अंक ६ २०८३ जेठ १० गते आइतबार (May. 24, 2026 ) जि.प्र.का.का.द.नं. १८७/०५६/५७ मूल्य रू. १० ।

## एमाले सिध्याउने खेलमा इन्डो पश्चिमा शक्ति परिचालित

# अध्यक्ष केपी ओली बिरुद्ध षडयन्त्र जारी



काठमाडौं । नेपालका संसदवादी पार्टीमध्ये सबैभन्दा ठूलो र शक्तिशाली मानिएको एमाले बिभाजन गराउन र सो पार्टीका अध्यक्ष केपी ओलीलाई राष्ट्रिय राजनीति तथा पार्टी राजनीति दुबैतिरबाट किनारा लगाउन इन्डो पश्चिमा शक्ति सक्रिय भएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ । ओली पुराना नेताहरुमध्ये बढी देशभक्त मानिनु हुन्छ । गत भदौ २३ र २३ को रहस्यमय घटना लगत्तै नेकां, एमाले, तत्कालीन माओवादी केन्द्र र राप्रपा लगायतका दलहरुमा नेतृत्व परिवर्तन गराउने प्रयास भएको थियो । जसमा नेपाली कांग्रेसका तत्कालीन महामन्त्रिद्वय गगन थापा र विश्व प्रकाश शर्माको बिशेष सक्रियतामा निर्वाचनको मुखैमा पारेर बिशेष महाधिवेशनको बहानामा पार्टी बिभाजन गराउँदा पार्टी र सो पार्टीका सभापति शेरबहादुर देउवा दुबै किनारामा पुगेका थिए । देउवालाई स्वदेशमा आउन समेत नसक्ने परिस्थिति सिर्जना गराइएको छ । हाल नेपाली कांग्रेस तीन समूहमा बिभाजित भएको छ । देउवा समूहले अनामनगरमा अलग्गै कार्यालय समेत खोलेको छ । गगन थापा र विश्व प्रकाशहरुको प्रयास अझैपनि नेपाली कांग्रेसलाई एकजुट हुननदिनेमा केन्द्रित रहेको देखिएको छ । उहाँहरु नेपालमा पूर्व राजा र अन्तराष्ट्रियरुपमा इन्डो पश्चिमा शक्ति निकट रहेको राजनीतिक क्षेत्रमा चर्चा हुनेगरेको छ । सोही अन्तराष्ट्रिय अभियानलाई छल्नका लागि तत्कालीन माओवादी केन्द्रले माओवादी पार्टी र माओवाद छाडेर भएपनि पुष्पकमल दाहाललाई नेतृत्वमा कायमै राख्न सफल भएको थियो । सो समूह हाल नेपाली कम्युनिष्ट पार्टीका नाममा सञ्चालित छ । त्यसैगरी एमालेले सोही षडयन्त्र बुझेर गत मंसिरमै महाधिवेशन गरी पार्टी बिभाजन हुन र नेतृत्व परिवर्तन हुनबाट जोगाएको थियो । हाल सो पार्टीमा फेरी पनि बिभाजित गराउने र नेतृत्वबाट जसरी भएपनि केपी ओलीलाई किनारा लगाएरै छाड्ने अभियान थालिएको छ । गत शुक्रबारबाट भएको सचिवालय बैठकमा पार्टीका पाँचजना उपाध्यक्ष मध्ये चारजना ओलीलाई किनारा लगाउने अन्तराष्ट्रिय अभियानमा परिचालित भएको देखिएको थियो । जसको प्रयास जसरी भएपनि बिद्या भण्डारीलाईनै अध्यक्ष बनाएर पार्टी पुनरगठन गराउनेमा केन्द्रित रहेको जानकारहरुले बतायस्एका छन् । भण्डारी नेपाल पूर्व राजा र इन्डो पश्चिमा शक्ति बाँकी ८ पेजमा

## सरकारी कर्मचारीको तलव बृद्धि हुनुपर्ने माग

काठमाडौं । परंपरा र अवस्थाअनुसार यसपटक सरकारी कर्मचारीहरुको तलवमा २५ देखि ४५ प्रतिशतसम्म बढाउनुपर्ने अवस्था छभने सरकारले त्यसअनुसारको तयारी नगरेको बताउन थालिएको छ । कतिपय जानकारहरुले अहिलेको अवस्थामा अरुतिरबाट कटौती गरेर भएपनि कर्मचारीहरुको तलबभत्ता र सुविधा बढाउनुपर्ने बताएका छन् । ऐन, नियमअनुसार पनि प्रत्येक दुई वर्षमा बढाउनुपर्ने अवस्था छ । सामान्य परिवार धान्न पनि तलबले नपुग्ने अवस्था रहेको कर्मचारीहरुको गुनासो सुनिएको छ । तत्कालीन पुष्पकमल दाहाल नेतृत्वको सरकारको पालादेखिनै कर्मचारीको तलब दोब्बर बनाउने र संख्या घटाउने प्रचार गरिएको थियो । निजामती किताबखानाको आब ०८१/८२ को एक तथ्यांकअनुसार तीन तहमा गरेर एकलाख ५१ हजारभन्दा बढी कर्मचारीको दरबन्दी स्वीकृति भएको छ । निजामती, सेना, प्रहरी र शिक्षक सेवाबाट अवकाश पाएर पेन्सन खानेहरुको संख्या तीनलाख आठ हजारभन्दा बढी छ । त्यसमा ८१ अर्ब रुपैयाँजति खर्च हुनेगरेको छ । कर्मचारीको तलब वृद्धिबारे बजेट तर्जुमागर्दा अन्तिम समयमा सरकारले बाँकी ८ पेजमा

## संविधान संशोधनको एजेण्डा क्रान्तिकारी रुष्ट

काठमाडौं । क्रान्तिकारी कम्युनिष्ट पार्टी, नेपाललगायतका केही कम्युनिष्ट र संसदवादी दलहरुले बर्तमान सरकारले तयार गराएका संविधान संशोधनको एजेण्डाप्रति बिमति जनाएका छन् । सरकारद्वारा गठित कार्य दलले अन्य सबै पक्षसँग छलफल गरेपनि संसदीय ब्यवस्था नमान्ने क्रान्तिकारी पार्टीहरुसँग छलफलसमेत गरेको छैन । क्रान्तिकारी कम्युनिष्ट पार्टीमा जनयुद्धकालीन अधिकांश नेता तथा कार्यकर्ताहरु रहेका छन् । त्यसैगरी नेकपा (माओवादी) सँग पनि छलफल गरिएको छैन । क्रान्तिकारीले दोश्रो संविधानसभा र त्यसयताका कुनैपनि निर्वाचनहरुमा भाग लिएको छैन । जसको पक्षमा करिव ४० प्रतिशत जनमत रहेको अनुमान छ । क्रान्तिकारी कम्युनिष्ट पार्टीले ०७२ को संविधानलाई देशमा बिद्यमान सबै समस्याहरुको जड भएको औपचारिक ठहर पनि गरेको छ । संविधानसभाबाट निर्माण भएको १० वर्ष पुरानो ०७२ को संविधानको संशोधनको एजेण्डामा करिब करिब राष्ट्रिय सहमति भएको सरकारी प्रचार छ । संविधान निर्माण गरेकै दिनदेखि बाँकी ८ पेजमा

## प्रमुख तीन प्रतिपक्षी दलबीच एकता हुने

काठमाडौं । संसदका प्रमुख तीन प्रतिपक्षी दलबीच कार्यगत एकता हुने भएको छ । काँग्रेस, एमाले र नेपाली कम्युनिष्ट पार्टीबीच गणतन्त्रको रक्षाका लागि कार्यगत एकता हुने भएको हो । उक्त पार्टीहरुले सहकार्यगर्ने विषयमा छलफल थालेका छन् । वर्तमान सरकारका गतिविधि संविधान र लोकतान्त्रिक मूल्यविपरीत भएकोभन्दै प्रमुख तीन दलका शीर्ष नेताहरुबीच औपचारिक तथा अनौपचारिक सम्वाद भइरहेको बताइन्छ । एमालेका अध्यक्ष केपी ओलीलेनै कांग्रेस र नेकपा नेताहरुसँग सहकार्यबारे छलफल भइरहेको जानकारी दिनुभएको छ । बताइएअनुसार सरकारका गतिविधिविरुद्ध सडक र सदनमा संयुक्तरुपमा अघिबढ्ने विषयमा सैद्धान्तिक सहमति भएको छ । प्रदेश सरकारको नेतृत्व परिवर्तनगरी नेकपालाई सुदूरपश्चिम सरकारको नेतृत्व दिने प्रस्तावसमेत छलफलमा रहेको बताइएको छ । एमाले अध्यक्ष केपी ओलीले आफ्नो पार्टीको सचिवालय बैठकमा कांग्रेस र नेकपाका शीर्ष नेताबिचमा यसबारे कुराकानी भइरहेको ब्रिफिङ गर्नुभएको थियो । सडक र सदनमा वाम-डेमोक्रेट मिलेर जानुपर्ने बाँकी ८ पेजमा

## नेपाल भारतीय सुरक्षा छाताभित्र पर्ने

काठमाडौं । बर्तमान सरकार भारतसँग गरिएको सुपुर्दगी सन्धी पुनराबलोकनको तयारीमा रहेको थाहा भएको छ । सरकारले उक्त सुपुर्दगी सन्धी परिमार्जनगर्न सहज बनाउने निर्णय गरेको छ । यसैक्रममा नेकपा मसालमा महामन्त्रि मोहनबिक्रम सिंहले एक बक्तब्य प्रकाशितगरी उपरोक्त कुराको खुलाशा गर्नुभएको हो । उहाँले भन्नुभएको छ- गत फागुन २१ गते निर्वाचित संसदको गत वैशाखमा बसेको बैठकले नेपाल सरकार र गणतन्त्र भारत सरकारबीच फौजदारी विषयमा पारस्परिक कानूनी सहायतासम्बन्धी सम्झौता पारित गरेको छ । त्यसबारे नेपाल सरकार र भारत सरकारका बिचमा लामो समयदेखि छलफल चल्दैआएको थियो । भारतले बारम्बार त्यो सम्झौतामा भारतीय स्वार्थका कुरालाई एकपछि अर्को थप्दै नेपाललाई त्यो सम्झौता पारितगर्न दबाबदिँदै आएको थियो । त्यो सम्झौतालाई पारित गराउन भारतले बारम्बार जोड दिएपनि नेपालका बिभिन्न सरकारले त्यो सम्झौतामा बाँकी ८ पेजमा

## सरकारी निर्णयप्रति चेम्बर असन्तुष्ठ

काठमाडौं। नेपाल चेम्बर अफ कमर्सले सार्वजनिक सवारी साधनको नयाँ दर्ता रोक्कागर्ने सरकारको निर्णयप्रति असन्तुष्टि जनाएको छ । चेम्बरले गत शुक्रबार एक प्रेस विज्ञप्ति जारीगर्दै यातायात व्यवस्था विभागले सार्वजनिक सवारीको वैज्ञानिक व्यवस्थापनगर्ने उद्देश्यले अर्को सूचना जारी नभएसम्म सम्पूर्ण सार्वजनिक सवारी साधनहरु (इलेक्ट्रिक समेत) को दर्ता रोक्का गरिएकोभन्दै जारी गरेको निर्णयले अटोमोबाइल व्यवसायीहरु ठूलो आर्थिक जोखिममा परेको जनाएको छ । चेम्बरको बिज्ञप्तिमा सार्वजनिक सवारी व्यवस्थापनलाई वैज्ञानिक, व्यवस्थित र दीर्घकालीन बनाउन सरकारद्वारा ल्याउन लागिएको नीति स्वागतयोग्य भएपनि व्यवसायीहरुसँग कुनै पूर्व सूचना, छलफल बाँकी ८ पेजमा

## इन्डो-प्यासिफिक रणनीतिबारे छलफल हुँदै

काठमाडौं । भारतको नयाँ दिल्लीमा इन्डो-प्यासिफिक क्षेत्रको रणनीतिबारे छलफल हुँदैछ । अमेरिकाका विदेशमन्त्री मार्को रुबियो हिजो शनिबार बिहान कोलकाता आइपुग्नुभएको थियो । भारतका लागि अमेरिकी राजदूत सर्जियो गोरले सामाजिक सञ्जालमार्फत मार्को रुबियोको भारत भ्रमणबारे



जानकारी दिनुभएको हो । सर्जियो गोरले एक्समा लेख्नुभएअनुसार हिजै नयाँ दिल्लीमा रुबियोले प्रधानमन्त्री नरेन्द्र मोदीसँग भेटगर्ने कार्यक्रम रहेको थियो । भेटवार्तामा व्यापार, प्रविधि, रक्षा, क्वाड र अन्य धेरै मुद्धामा छलफलगर्ने कार्यक्रम छ । रुबियो क्वाड समूहका देशका विदेशमन्त्रीहरुको बैठकमा भागलिन भारत आउनुभएको हो । क्वाडमा अमेरिका, जापान, भारत र अष्ट्रेलिया समावेश छन् । भारतका लागि अमेरिकी राजदूत गोरकाअनुसार क्वाडको बैठक अमेरिका-भारत साझेदारीलाई अझ बलियो बनाउने ट्रम्पको दृष्टिकोणलाई अगाडि बढाउन बाँकी ८ पेजमा

## नेपालको ऋण २९ खर्ब भन्दा बढी

काठमाडौं । नयाँ सरकारसँगै देशको ऋण साढे २९ खर्ब नाघेको रहस्य खुलेको छ । बर्तमान सरकारले पनि यसअघिका सरकारलाई माथगर्नेगरी ऋण लिनथालेको छ । सरकारको कूल सार्वजनिक ऋण दायित्व चालु आब ०८२/८३ को वैशाख मसान्तसम्ममा २९ खर्ब ७५ अर्ब चारकरोड रुपैयाँ पुगेको छ । सो ऋण नेपालको कूल गार्हस्थ्य उत्पादन (जीडीपी)को ४५.०८ प्रतिशत हो । कूल ऋणमध्ये वैदेशिक ऋणको हिस्सा ५३.५७ प्रतिशत र आन्तरिक ऋणको हिस्सा ४६.४३ प्रतिशत छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले गतसाता सार्वजनिक गरेको मासिक प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको शुरुमा २६ खर्ब ७४ अर्ब चार करोड रुपैयाँ ऋण दायित्व छ । १० महिनाको अवधिमा विनिमय दरको नोक्सानीसहित तीनखर्ब ९९ करोड रुपैयाँ थपिएको हो । सो कार्यालयका अनुसार आन्तरिक ऋण परिचालनमा तीव्रता छभने वैदेशिक ऋण न्यून छ । सरकारले चालु आर्थिक वर्ष ०८२/८३ मामात्रै कूल बाँकी ८ पेजमा

## भाद्र २४ को घटना लुकाउन खोजेको आरोप

काठमाडौं । बर्तमान सरकारले गत भाद्र २४ गतेको घटनाको कुनै छानविन नगरी लुकाउन खोजेकोभन्दै बिरोध शुरुभएको छ । यसैक्रम नेपाली कांग्रेसका सभापति गगन थापाले भाद्र २४ गते भएको घटनाको ढाकछोपगर्ने सरकारको प्रयास कुनै हालतमा स्वीकार्य नहुने बताउनुभएको छ । हिजो शनिबार विराटनगरस्थित कोइराला निवासमा आयोजना गरिएको पत्रकार भेटघाटमा सभापति थापाले भाद्र २४ गतेको विध्वंशको छानबिन नगर्ने र घटनाको ढाकछोपगर्ने सरकारको प्रयास स्वीकार्य नहुने बताउनुभएको हो । उहाँले सरकारले आफैले गरेको प्रतिबद्धताअनुसार भाद्र २४ गतेको विध्वंसको छानबिनगर्न न्यायिक आयोग गठनगर्न मागसमेत गर्नुभएको छ । उहाँले गत भाद्र २३ र २४ गतेको घटना बाँकी ८ पेजमा

## नेपाललाई गरिव मुलुकबाट माथि उठ्न नदिइने

काठमाडौं । नेपाललाई अतिकम विकसित राष्ट्र (एलडीसी)को सूचीबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुननदिने षडयन्त्र शुरुभएको छ । नयाँ सरकार गठन भएलगत्तै उक्त प्रयास थालिएको थियोभने हाल नेपालको परराष्ट्र मन्त्रालयले संयुक्त राष्ट्रसंघको विकास नीति समिति (सीडीपी) समक्ष औपचारिक पत्रनै पठाएको छ । उक्त पत्र पठाएको कुरा परराष्ट्रकाल प्रवक्ता लोकबहादुर पौडेल क्षेत्रीले पुष्टि पनि गर्नुभएको छ । उहाँकाअनुसार यस सम्बन्धमा परराष्ट्रमन्त्री शिशिर खनालले गत बैशाख ३० (मे १३ ) मा संयुक्त राष्ट्रसंघलाई औपचारिकरुपमा अनुरोधपत्र पठाइसक्नुभएको छ । नेपाल यसअघि नै विकासशील देशमा स्तरोन्नति हुने तयभएको थियो । तर प्रतिकूल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिलाई दृष्टिगतगर्दै सो कार्यक्रम

**समाचार विश्लेषण**

सन् २०२६ को नोभेम्बरसम्मका लागि पछाडि सारिएको थियो । स्तरोन्नति स्थगित गर्नुका पछाडि सरकारले पाँच मुख्य कारण सार्वजनिक गरेको छ । जसमा पहिलो विश्व बैंकले सन् २०२६ मा नेपालको आर्थिक वृद्धिदर जम्मा २.३ प्रतिशतमा सीमित रहने प्रक्षेपण गरेको हो । दोश्रो स्तरोन्नतिपछि नेपालले अहिले पाउँदैआएको भन्सार छुट र कोटा मुक्त व्यापारिक सुविधाहरु गुम्ने जोखिम छ । जसका कारण उत्पादनशील क्षेत्रको रोजगारीमा ३५ प्रतिशतसम्म ह्रास आउनसक्ने अनुमान छ । तेश्रो स्तरोन्नतिका लागि तयार पारिएको संक्रमणकालीन रणनीति अपेक्षाभन्दा ढिला कार्यान्वयन भएको छ । चौथो कोभिड-१९ पछिको आर्थिक पुनरुत्थान अझै पूर्णरुपमा स्थिर हुनसकेको छैन । पाँचौं मध्यपूर्वको बढ्दो द्वन्दका कारण नेपालको रेमिट्यान्समा गम्भीर असर परेको छ । साथै इन्धन र खाद्यान्नको मूल्यसमेत उच्च भएको छ । प्रवक्ता क्षेत्रीको भनाईमा अहिलेनै स्तरोन्नतिगर्दा नेपाली अर्थतन्त्रमा थप संकट आउने भएकाले सरकार यो निर्णयगर्न बाध्यभएको भन्ने रहेको छ । सरकारले आर्थिक संरचना, व्यापारिक चुनौती, निर्यात बाँकी ८ पेजमा

## नेपालमा हातहतियारको चलखेल बढ्दो

काठमाडौं । नेपालमा गत भदौ २३ र २४ को घटनापछि हातहतियारको चलखेल बढ्दै गएको थाहाभएको छ । गत एकमहिनाको अवधिमा हातहतियारसम्बन्धी मुद्धामा संलग्न ४० जना पक्राउपरेको प्रहरीको तथ्यांकले उपरोक्त [redacted] हो । नेपाल प्रह[redacted] कार्यालयका अनुसार गत वैशाख महिनामा देशभरबाट हातहतियार सम्बन्धी मुद्धामा संलग्न ४० जनालाई पक्राउ गरेको छ । जसमध्ये उपत्यकाबाट तीनजना, कोशी प्रदेशबाट एकजना, मधेश प्रदेशबाट एकजना, बागमती प्रदेशबाट एकजना, गण्डकी प्रदेशबाट १४ जना, लुम्बिनी प्रदेशबाट नौजना, कर्णाली प्रदेशबाट आठजना र सुदूरपश्चिम प्रदेशबाट तीनजना पक्राउपरेका हुन् । पक्राउपरेका व्यक्तिहरुबाट चाईनिज पेस्तोल एकथान, पेस्तोल एकथान, रिभल्वर एकथान, कटुवा पेस्तोल दुई थान, भरुवा बन्दुक २१ थान, बन्दुक एकथान र एयरगन दुई थानगरी जम्मा २९ थान हातहतियार बरामद भएको छ । उनीहरुबाट चाईनिज पेस्तोलको गोली एकराउण्ड, एसएलआरको गोली २६३ राउण्ड, बिभिन्न बन्दुकमा लाग्ने गोली ७० राउण्डसमेत बरामदभएको छ । अपराधमुक्त समाज निर्माण र अपराध नियन्त्रणका लागि अवैध हातहतियार कारोबारी तथा प्रयोगकर्तालाई पक्राउगरी कानूनी दायरामा ल्याउन नेपाल प्रहरीले सदैव क्रियाशील छ । तस्करी, हत्या, अपहरण, डकैती, लुटपाट, जबर[redacted]दा असुली तथा दुर्लभ [redacted] शिकारमा हातहतियार [redacted] देखिन्छ । अवैध हातहति[redacted] तथा कारोबारीलाई निस्ते[redacted]ल प्रहरीले सूचना संकलनलाई विशेष प्राथमिकतामा राखी देशभरिनै विशेष अभियान सञ्चालनगरी कार्य गरिरहेको जनाएको छ । त्यसैगरी नेपाल प्रहरीले गत वैशाख महिनामा देशभरबाट बिभिन्न मुद्धाका दुईहजार ३१९ जना फरारहरुलाई पनि पक्राउगरेको थाहाभएको छ । जसमध्ये केन्द्रीय अनुसन्धान ब्यूरोबाट १२ जना, काठमाडौं उपत्यका प्रहरी कार्यालयबाट ३६६ जना, कोशी बाँकी ८ पेजमा

## एमाले...

निकट मानिनुहुन्छ । हिजो शनिबार यो समाचार तयारगर्दासम्म एमालेको सचिवालय बैठक जारीरहेको तर कुनै ठोस निर्णय भैनसकेको बताइएको थियो । भनिन्छ गत शुक्रबारको बैठकको शुरुमा अध्यक्ष ओलीले विरोधीहरुसँग मिलेर पार्टीलाई संकटमा पार्न खोजेकोभन्दै नामै लिएर आरोप लगाएपछि उपाध्यक्ष रामबहादुर थापा बाहेक विष्णु पौडेल, पृथ्वी सुब्बा गुरुङ, गोकर्ण विष्ट र रघुजी पन्तहरुले नेतृत्व हस्तान्तरणको विषय उठान गर्नुभएको थियो । बैठकमा अध्यक्ष ओलीसहित चुनावमा जाँदा परिणाम प्रतिकूल भएको पनि कतिपय नेताहरुले आरोप लगाएको थाहाभएको छ । बैठकमा उपाध्यक्ष विष्णु पौडेलले जबजको विषय उठानगर्दै दुई कार्यकाल र ७० वर्ष उमेर हदमा टेकेर अगाडि बढ्नुपर्नेमा जोड दिनुभएको थियो । जसलाई उपाध्यक्ष गोकर्ण विष्ट र रघुजी पन्तले पनि समर्थन गर्नुभएको थियो । बैठकमा बोल्ने कतिपय नेताहरुले अध्यक्षको बर्हिगमन र पार्टी पुनर्गठनलगायत विषयमा जोड दिनुभएको थियो । यसैबीच एमालेका नेता ईश्वर पोखरेलले आत्मसमीक्षा र पुनर्गठनबाटमात्रै पार्टी अगाडि बढ्नसक्ने बताउनुभएको छ । सामाजिक सञ्जाल फेसबुकमा लेख्दै नेता पोखरेलले आत्मसमीक्षा र पुनर्गठन रोक्न खोज्नुलाई अधोगति निम्त्याउनु रहेको बताउनुभएको छ । एनजीओ/आइएनजीओको बाहुल्यता रहेको मानिने एमालेमा विदेशी शक्तिको बोलावाला तीब्र छ । एमालेको अध्यक्षबाट तल्कालको अवस्थामा ओलीलाई हटाइएमा सो पार्टीपनि तीन समूहमा बिभाजित हुने ब्याख्या र बिश्लेषणगर्न लागिएको छ ।

## नेपाल...

हस्ताक्षरगर्न अस्वीकारगर्दै आएका थिए । सुशीला कार्कीको सरकारले प्रथमपल्ट त्यो सम्झौतालाई स्वीकार गऱ्यो र बालेन सरकारले त्यसलाई संसदमा पेशगऱ्यो र त्यो पारित पनि भयो । त्यसरी जेनजी आन्दोलनपछि बनेको सरकारको भारतका लागि त्यो पहिलो र महत्वपूर्ण उपहार थियो । त्यो सम्झौतामा भएका व्यवस्था अनुसार दुवै देशका प्रहरीलाई एकअर्काको देशमा गएर छानबिन, खानतलासी, सम्पत्ति जफत, हिरासत वा जेलमा रहेका व्यक्तिलाई कुनै पक्षले माग गरेमा बुझाउनुपर्ने, यहाँसम्मकि दुवै देशका प्रहरीले संयुक्तरुपमा एकअर्कोको देशमा गएर अनुसन्धानसमेत गर्नपाउने, गिरफ्तारगर्न पाउने वा एकअर्का देशका अभियुक्तलाई सुपुर्दगीगर्न पाउने आदि व्यवस्था गरिएको छ । सम्झौताले भारत र नेपालका बिचमा फौजदारी विषयमा पारस्परिक कानूनी सहायता सम्झौता समानताको सिद्धान्तमा आधारित भएकोजस्तो देखिएपनि व्यवहारमा त्यस प्रकारका अधिकारको प्रयोग भारतलेनै गर्ने कुरा स्पष्ट छ । बक्तब्यको अन्त्यमा त्यो कुरामाथि ध्यानदिएरनै नेपालका पहिलेका सबै सरकारले त्यसलाई अस्वीकारगर्दै आएका थिए तर सुशीला सरकारले विनाकुनै आपत्ति त्यसलाई स्वीकार गऱ्यो र बालेन सरकारले सम्झौतालाई कार्यान्वयनगर्ने निर्णय गरेको छ । सरकारको त्यस प्रकारको निर्णयको नेपाल कम्युनिष्ट पार्टी (मसाल) ले कडा शब्दमा विरोध गर्दछ भनिएको छ । सरकारको उक्त कदमबारे अन्य संसदवादी दलहरुले आफ्नो प्रतिक्रिया दिउका छैनन् ।

## भाद्र...

बारे राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने बताउँदै सो प्रतिवेदनअनुसार दोषीमाथि कारवाही हुनुपर्ने समेत बताउनुभएको थियो । उहाँले मानव अधिकार आयोगको प्रतिवेदन रोक्न कतिपय शक्तिहरुले बर्तमान सरकारलाई दबाब दिएको सुनिएकोले त्यस्ता कार्य नगर्नसमेत उहाँले आग्रह गर्नुभएको थियो । एमालेले पनि भाद्र २४ को घटनाको अलग्गै छानविनगरी दोषिमाथि कारवाही हुनुपर्ने माग गर्दैआएको छ । बर्तमान सरकारले सत्ता सम्हाल्दै गर्दापनि भदौं २४ को घटनाको अलग्गै छानविनगर्ने भनिएको थियो । तर हाल त्यसबारे मौनता साध्ने काम भएको छ ।

## सरकारी..

वा समन्वय नगरी हठातरुपमा दर्ता रोक्कागर्ने निर्णय गरिनु व्यवहारिक नभएको उल्लेख गरिएको छ । विज्ञप्तिमा बिभिन्न बैंक तथा वित्तीय संस्थामार्फत ऋण लिएर प्रतितपत्र (एलसी) खोली आयात गरिएका सयौं सवारी साधनहरु भन्सार छुटेर दर्ता प्रक्रियामा रहेको, केही ट्रान्जिटमा रहेको तथा कतिपय उत्पादक कम्पनीबाट अर्डर अनुसार निर्माण तथा डिस्प्याच भइसकेको अवस्थामा अचानक दर्ता रोक्का गरिँदा लगानी जोखिममा परेको जनाइएको छ । चेम्बरले सार्वजनिक यातायात सेवाका लागि आयात गरिएका यस्ता सवारी साधन अन्य क्षेत्रमा बिक्री वा प्रयोग हुन नसक्ने भएकाले व्यवसायीहरु गम्भीर आर्थिक संकटमा पर्ने चेतावनी दिएको छ । साथै सो निर्णयले अन्तर्राष्ट्रिय उत्पादक कम्पनीहरुसँग नेपाली व्यवसायीहरुको विश्वसनीयतामा समेत नकारात्मक असर पर्ने पनि उल्लेख गरिएको छ । चेम्बरले उक्त निर्णयले सार्वजनिक यातायात सेवा, रोजगारी, अटोमोबाइल व्यवसाय, बैंकिङ क्षेत्रको लगानी तथा सरकारी राजस्व संकलनमा समेत प्रत्यक्ष असर पार्ने उल्लेखगर्दै सरकारसँग निर्णय तत्काल पुनर्विचारगर्न आग्रह गरेको छ ।

## नेपालको....

पाँच खर्ब ९५ अर्ब ६६ करोड रुपैयाँ सार्वजनिक ऋण परिचालनगर्ने लक्ष्य राखेको थियो । उक्त लक्ष्यअनुरुप चालु आवको १० महिनासम्ममा ६१.३० प्रतिशत अर्थात् तीन खर्ब ६५ अर्ब १६ करोड ऋण प्राप्त गरेको छ । जसमा आन्तरिक ऋणको हिस्सा ८१.७९ प्रतिशत र बाह्य ऋणको हिस्सा १८.२१ प्रतिशत रहेको छ । सरकारले तीन खर्ब ६२ अर्ब आन्तरिक ऋण उठाउने लक्ष्य राखेकोमा ८२.५० प्रतिशत अर्थात् दुई खर्ब ९८ अर्ब ६६ करोड प्राप्त गरिसकेको छ । वैदेशिक ऋणतर्फ भने लक्ष्यको तुलनामा न्यून रहेको देखिएको छ ।

## सरकारी...

निर्णय लिने अर्थ मन्त्रालयका अधिकारीहरुको भनाई छ । नयाँ सरकार गठन भएर मन्त्रालयहरु एकअर्कामा गाभिएको छभने अन्य मन्त्रालय र विभागहरुमा पनि सांगठनिक पुनर्संरचनागर्ने प्रचार गरिएको छ । अर्थ मन्त्रालयका अधिकारीहरु सरकारले उत्पादनमूलक उद्योगहरुमा लगानी अभिवृद्धि, रोजगारी सिर्जना, सूचनाप्रविधिसम्बन्धी सेवाको निर्यातजस्ता क्षेत्रलाई बजेटमा प्राथमिकतामा राखिने बताउँदै आएका छन् । विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताबारे संसदमा उठेका प्रश्नको उत्तरदिँदै अर्थमन्त्री डा.स्वर्णिम वाग्लेले सुशासनको लाभांश, अर्थतन्त्रको पुनर्संरचना, एकीकृत पूर्वाधार, सामाजिक लगानी र बहुआयामिक अन्तर्राष्ट्रिय सम्बन्धलाई प्राथमिकताका रुपमा उल्लेख गर्नुभएको थियो । उहाँले हालसम्म कर्मचारीको तलव र सुविधा बृद्धिबारे बोल्नुभएको छैन ।

## संविधान...

असहमति शुरु भए पनि १० वर्ष ढुक्कसँग चलेको संविधान गत २३ र २४ भदौमा भएको जेनजी आन्दोलनले जरैसम्म हल्लाइदिएपछि संविधान संशोधनको एजेण्डामा करिब करिब राष्ट्रिय सहमति जुटेको नयाँ सरकार पक्षीय नेताहरुको दाबि छ । जेनजी आन्दोलनपछि भएको निर्वाचनमा सबैभन्दा ठूलो पार्टी बनेको राष्ट्रिय स्वतन्त्र पार्टीले आफ्नो प्रतिष्ठाको सवाल बनाएको सो एजेण्डामा यतिबेला पुराना दल नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी एमाले, नेपाली कम्युनिस्ट पार्टीलगायतका दल पनि तयार भएपछि संविधान संशोधनको एजेण्डाले गति पाउने पक्का भएको कतिपयको भनाई छ । संविधान संशोधनका लागि बहसपत्र तयारगर्न गठित कार्यदलले बिभिन्न चरणमा बिभिन्न पक्षसँग सम्वादगर्ने क्रममा गतसाता बिहीबार राजनीतिक व्यक्तित्वसँग छलफल गरेसँगै संविधान संशोधनको एजेण्डाले आकार विस्तार गरेको बताउन थालिएको छ । प्रधानमन्त्री बालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम साहको संयोजकत्वमा गठित कार्यदलले यसअघि संविधानविद्, कानूनविद्, नागरिक समाजसँग छलफल भनिएको थियो । जनस्तरबाट संघीयता, जातीय समाबेशी र धर्मनिरपेक्ष लगायतका एजेण्डा हटाउने माग भएको छभने नेकां, एमाले र नेपाली कम्युनिष्ट पार्टी लगायतका दलहरु त्यसका लागि तयार देखिएका छैनन् । बर्तमान सरकार भने कार्यकारी राष्ट्रप्रमुखको पक्षमा रहेको बताइन्छ ।

## प्रमुख..

आवश्यकता सिर्जना भएको ठहर गरिएको छ । सोही छलफलका आधारमा प्रदेश सरकारहरुको नेतृत्व परिवर्तनगर्न थालिएको छ । हाल कोशी, लुम्बिनी र कर्णालीमा एमाले नेतृत्वमा सरकार छभने बागमती, मधेस, सुदूरपश्चिम र गण्डकीमा कांग्रेसले सरकारको नेतृत्व गरिरहेको छ । यस्तो अवस्थामा नेकपालाई सुदूरपश्चिम प्रदेश सरकारको नेतृत्व दिनसकिने भनिएको छ ।

## इन्डो..

केन्द्रित छ । रुबियो हिजो मे २३ देखि आगामी २६ तारिखसम्म भारतमा रहनुहुने भएको छ । त्यस अवधिमा उहाँले कोलकाता, आगरा, जयपुर र नयाँ दिल्ली भ्रमणगर्ने कार्यक्रम छ । भारत भ्रमणमा आउनुअघि रुबियोले भारतलाई आवश्यक परेजति एनर्जी बेच्न अमेरिका इच्छुक रहेको र उत्पादन निर्यात ऐतिहासिकस्तरमा पुगेको उल्लेख गर्नुभएको थियो । इन्डो-प्यासिफिक क्षेत्रमा रणनीतिक चासो र सुरक्षा सहकार्य तीव्रहुँदै गएको पृष्ठभूमिमा भारतले आगामी मे २६ मा क्वाड्रिलेट्रल सेक्युरिटी डाइलग (क्वाड) अन्तर्गतका विदेश मन्त्रीहरुको उच्चस्तरीय बैठक आयोजनागर्ने भएको छ । उक्त बैठकलाई इन्डो-प्यासिफिक क्षेत्रमा सुरक्षा, विकास र बहुपक्षीय सहकार्यलाई अझ सुदृढ बनाउने प्रमुख कूटनीतिक प्रयासका रुपमा हेरिएको छ । भारतका विदेश मन्त्री एस जयशंकरको निमन्त्रणामा अष्ट्रेलियाका विदेशमन्त्री पेनी वोङ, जापानका विदेशमन्त्री तोसिमित्सु मोतेगी तथा संयुक्त राज्य अमेरिकाका विदेशमन्त्री मार्को रुबियो मे २६ मा नयाँदिल्ली आइपुग्ने कार्यक्रम तयभएको छ । यो भ्रमणलाई इन्डो-प्यासिफिक क्षेत्रमा रणनीतिक साझेदारीलाई संस्थागत गर्ने महत्वपूर्ण अवसरका रुपमा लिइएको छ । बैठक केवल बहुपक्षीय संवादमा सीमित नरही द्विपक्षीय कूटनीतिक सम्बन्ध विस्तारका लागि पनि केन्द्रविन्दु बन्नेछ । भ्रमणमा सहभागी मन्त्रीहरुले भारतका विदेशमन्त्री एस जयशंकरसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्तागर्ने कार्यक्रम रहेको छ ।

## नेपालमा...

प्रदेशबाट ३२६ जना, मधेश प्रदेशबाट ७३० जना, बागमती प्रदेशबाट १९९ जना, गण्डकी प्रदेशबाट २०४ जना, लुम्बिनी प्रदेशबाट ३३० जना, कर्णाली प्रदेशबाट ६८ जना र सुदूरपश्चिम प्रदेशबाट ८४ जना पक्राउपरेका हुन् । उक्त अवधिमा पक्राउपरेका उनीहरुलाई तोकिएको ८२५ वर्ष दुईमहिना २५ दिन कैद सजाय कार्यान्वयनमा आएको छ । उनीहरुबाट २१ करोड ५३ लाख ६९ हजार ११० रुपैयाँ जरिवाना असुलउपर गरिएको छ । कर्तव्य ज्यान, लागूऔषध, जबरजस्ती करणी, बैंकिङ कसुर, ठगी लगायतका बिभिन्न मुद्धामा फैसला ठहरभई फरार रहेकाहरु पक्राउगर्ने सन्दर्भमा नेपाल प्रहरीले विशेष अभियान संचालनगर्दै आइरहेको भनिएको छ । हालसम्म भदौ २४ मा जेलबाट भगाइएका कैदीबन्दी र लुटिएका हतियार सबै फेलापर्न सकेका छैनन् ।

# बिभिन्न जिल्लामा अत्यधिक गर्मी, सावधानी अपनाउन आग्रह

काठमाडौं । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले हिजो शनिबारदेखि भोली सोमबारसम्म पश्चिम तराईका जिल्लामा अत्यधिक गर्मी र तातो हावाको लहर चल्न सक्ने भएकाले सतर्कता अपनाउन आग्रह गरेको छ । लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका थोरै स्थानमा तीन दिनसम्म अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढीभई अत्यधिक गर्मी हुने सम्भावना रहेको प्राधिकरणद्वारा हिजो जारी सूचनामा जनाइएको छ ।

ती प्रदेशको तराईका भू-भागमा मध्यम तातो लहरको सम्भावना रहेको प्राधिकरणले जनाएको छ । प्राधिकरणले दाङ, बाँके, बर्दिया, डोटी, कैलाली र कञ्चनपुर जिल्लालाई सतर्कता तथा यस्तै कपिलवस्तु, रुपन्देही, अर्घाखाँची, पाल्पा, प्युठान, रोल्पा, सल्यान, सुर्खेत, अछाम, डडेलधुरा र बैतडीलाई अद्यावधिक रहनुपर्ने जिल्लाको सूचीमा राखेको छ । अत्यधिक गर्मी र तातो हावाको लहरका कारण मानव स्वास्थ्यमा सामान्यदेखि गम्भीरसम्म असर पर्नसक्ने भएकाले सतर्कता अपनाउन प्राधिकरणले अनुरोध गरेको छ । प्राधिकरणले विपद् सम्बद्ध सबै निकायलाई आवश्यक पूर्वतयारी र प्रतिकार्यका लागि तयारी अवस्थामा रहन आग्रह गरेको छ । जल तथा मौसम विज्ञान विभागद्वारा गत शुक्रबार जारी तातोदिन तथा तातो लहरसम्बन्धी विशेष बुलेटिनमा गत छगतेदेखि तराई केही भू-भागमा तापक्रम तीव्ररुपमा बढेको जनाइएको छ । अत्यधिक गर्मीका कारण थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांशपेसीहरु दुख्ने, बान्ता हुनेलगायत स्वास्थ्य समस्या देखिनसक्ने चिकित्सकको भनाइ छ । तातो हावाको लहरबाट बच्न चर्को घाम लागेका बेला वा दिउँसोको समयमा सकभर घरभित्रै बस्न, बाहिर निस्कनै परे छाटा ओढ्न वा पातलो कपडाले टाउको ढाक्न प्राधिकरणले आग्रह गरेको छ ।

यस्तै खुकुलो, शीलत हुने हल्का रङको कपडा लगाउने, पानी धेरै पिउने, बेलाबेलामा चिसो पानीले नुहाउने, धेरै चिनी नहालेको सर्वत, कागती पानी र फलफूल खाने, धेरै पसिना आएमा जीवनजल पिउन प्राधिकरणले अनुरोध गरेको छ । घरमै बनाएको ताजा खानेकुरा खान, सकेसम्म पत्रु खाना (जंक फुड) नखान, खेतबारीमा वा बाहिर कामगर्दा बिहान गर्मी बढ्नुअघि वा दिउँसो शितल फर्केपछिमात्रै गर्न, बालबालिकालाई चर्को घाममा खेल्न जाननदिन प्राधिकरणद्वारा जारी सतर्कतासम्बन्धी सूचनामा उल्लेख छ । यसैबीच जल तथा मौसम विज्ञान विभागले तातो दिन तथा तातो लहर (लु)सम्बन्धी विशेष बुलेटिन जारीगर्दै आवश्यक सावधानीका लागि सार्वजनिक अनुरोध गरेको छ । विभागले देशभरको तापक्रमको अवस्थाको विश्लेषण अनुसार गत शुक्रबार साँझ जारी बुलेटिनमा आगामी तीनदिन पनि लुम्बिनी प्रदेश र सुदूरपश्चिम प्रदेशका पहाडी र तराई भू-भागका केही स्थानहरुमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस वा सोभन्दा बढी रहने तथा थोरै स्थानहरुमा ४० डिग्री सेल्सियस वा सोभन्दा बढीभई अत्याधिक गर्मीको सम्भावना देखिएकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउनहुन अनुरोध गरेको हो । विभागका मौसमविद् सञ्जिव अधिकारीले लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका भू-भागहरुमा आगामी ३ दिनसम्म मध्यम तातो लहर तथा पहाडी भू-भागमा तातो दिन हुने सम्भावना रहेको हुनाले सोको असरबाट बच्न आवश्यक सतर्कता अपनाउन विशेष बुलेटिन मार्फत अनुरोध गरिएको बताउनुभयो । उहाँका अनुसार सुदुरपश्चिम प्रदेशका पहाडी र तराई भू-भाग तथा लुम्बिनी प्रदेशका तराई भू-भागका थोरै स्थानहरुमा गत छगतेदेखिनै अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ । साथै सुदुरपश्चिम र लुम्बिनी प्रदेशका पहाडी र तराई भू-भागका केही स्थानहरुमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियसभन्दा माथि मापन गरिएको छ । विभागका अनुसार सतर्कता अपनाउनुपर्ने जिल्लाहरुमा कञ्चनपुर, कैलाली, डोटी, बर्दिया, बाँके र दाङ रहेका छन्भने अध्यावधिक गर्नुपर्ने जिल्लाहरुमा बैतडी, डडेलधुरा, अछाम, सुर्खेत, सल्यान, रोल्पा, प्युठान, पाल्पा, अर्घाखाँची, रुपन्देही र कपिलवस्तु रहेका छन् । विभागले तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असरहरु जस्तै थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेशीहरु दुख्ने, बान्ता आदि हुनसक्ने देखिएकोले सो बाट बच्न पनि अनुरोध गरेको छ । विभागले तातो हावा तथा तातो लहरबाट बच्न बढी गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा रहने, बाहिरी वातावरणमा बढी नजाने, चर्को घाममा बाहिर ननिस्किने, हल्का लुगा (सुतीको कपडा) लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउनभनेको छ । यस्तै नियमित (पटक,पटक) पानी तथा झोल पदार्थ (जुस, सर्वत, आदि) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मी सँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिनसमेत अनुरोध गरिएको छ । विभागले मौसम पूर्वानुमान महाशाखाबाट दैनिक जारी हुने मौसम पूर्वानुमान बुलेटिन नियमित रुपमा अद्यावधिक मौसमी सूचनाको जानकारी लिन पनि अनुरोध गरेको छ ।

## डा. वाग्ले...

क्षमता तथा संक्रमणकालीन तयारी अझ सुदृढ बनाउन समय आवश्यक रहेको निष्कर्षसहित यो निर्णय लिएको जनाएको छ/ । हालकै अवस्थामा नेपाल विकासशील मुलुकमा स्तरोन्नति भए अन्तर्राष्ट्रियरुपमा पाइँदै आएको ड्युटी-फ्री तथा कोटा-फ्री बजार पहुँचको सुविधा गुम्ने सरकारी असिधकारीहरुको डर रहेको देखिएको छ । नेपाल हालसम्म ग्रेलिष्टबाटसमेत बाहिर आउन सकेको छैन । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राई र एशिया प्यासिफिक ग्रुप अन मनी लाउन्डरिङ (एपिजी) को प्रतिनिधि मण्डलबीच गतसाता भएको भेटमासमेत नेपालको आर्थिक र भ्रष्टाचारको अवस्थाबारे छलफल भएको थियो । छलफलमा एपिजीकातर्फबाट डेलिगेसन प्रमुख डेविड सानन र पारस्परिक मूल्यांकन संयोजक किया सासलीको सहभागिता रहेको थियो । छलफलकाक्रममा एपिजीका डेलिगेसन प्रमुख साननले नेपालले सम्पत्ति शुद्धीकरणसम्बन्धी ग्रेलिष्टबाट बाहिरिनका लागि आगामी दिनमा चाल्नुपर्ने कदमकाबारेमा चर्चागर्दै इन्टरनेसनल कोअपरेसन रिभ्यु ग्रुपले परिमार्जन गरेको कार्ययोजनाको दृढताकासाथ पालना हुनुपर्ने, राष्ट्रिय जोखिम मूल्यांकनको कार्य यथाशीघ्र सम्पन्न गर्नुपर्ने र बढी जोखिमपूर्ण देखिएका क्षेत्रमा सुधार केन्द्रित हुनुपर्नेमा जोड दिनुभएको भनिएको थियो ।

स्वस्थ वातावरण, स्वस्थ जीवनको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डा.केशव देवकोटा
प्रधान सम्पादक
E-mail: krdevkota@gmail.co
deshprem977@gmail.com
सम्पर्क : काठमाडौं–२८ बागबजार
प्रकाशक : देशप्रेम प्रकाशन प्रा.लि.भक्तपुर–१
फोन/फ्याक्स ६६१७७४०,मो.९८५१०९८७०३
फोन. : ५३३२८९०,पो.ब.नं. : १०७४२
मुद्रक : शर्मिला प्रिन्टर्स, डल्लु, काठमाडौं
कम्प्युटर : देशप्रेम कम्प्युटर्स, बागबजार, काठमाडौं ।

*सम्पादकीय*

## संविधान संशोधनका सन्दर्भमा सरकारले अख्तियार गरेको उल्टो बाटो

**नेपालमा एकातिर राजनीतिक अस्थिरता बढ्दै गैरहेको छभने अर्कातिर राजनीतिक अस्थिरताको मुख्य जड मानिएको ०७२ को संविधान संशोधनका लागि सरकारले अख्तियार गरेको नीति पनि त्रुटीपूर्ण देखिएको छ। यसरी उल्टो बाटो हिँडेर कसै गरेपनि लक्षमा पुग्न सकिँदैन। बर्तमान सरकार गठन गरिएलगत्तै थालिएको संविधान संशोधनको प्रयास क्रमशः भाँडिदै गएको देखिन्छ। प्रतिनिधिसभामा रास्वपाको बहुमत रहेपनि संविधान संशोधनका लागि संसदमा रहेका नेकां र एमालेलगायतका दलहरुसमेत सहमत भएको हुनुपर्दछ। त्यसैगरी राष्ट्रिय सभा र प्रदेशहरुमासमेत उचित वातावरण बनेको हुनुपर्दछ। जसका लागि बर्तमान सरकारले सहमतीय राजनीति अख्तियार गरेको हुनुपर्ने थियो। तर सरकारले दलहरुका बीचमा रहेको सामान्य सहमतिको वातावरणसमेत भाँड्ने काम गरेको छ। त्यसैले संविधान संशोधन फेरी पनि अनिश्चित जस्तो भएको छ। बर्तमान सरकारले गठन गरेको कार्यदलको औचित्यमाथि नेकां र एमालेलगायतका प्रतिपक्षी दलहरुले शुरुदेखिनै प्रश्न उठाएका थिए। हाल आएर बिभिन्न जेनजी समूहका अगुवाहरुलेसमेत विरोध जनाउन थालेका छन्। तत्कालीन सुशीला कार्की नेतृत्वको सरकारसँग गरिएको सम्झौता विपरित कार्यदल गठन भएकोभन्दै उनीहरुले बर्तमान सरकारको कदम, कार्यशैली एकलौटी खालको भएको बताउन थालेका छन्। हालको सरकारले तत्कालीन केपी ओली नेतृत्वको सरकारसँगमात्र नभएर सुशीला कार्की नेतृत्वको सरकारसँग समेत राय बझाउन थालेको देखिएको छ। जेनजी समूहहरुले प्रधानमन्त्रिका सल्लाहकार असिम साह नेतृत्वको कार्यदलनै संकटमा पार्नेगरि वक्तव्यसमेत जारीगरेका छन्। बर्तमान सरकारले शुरुमै असिम साहको नेतृत्वमा संविधान संशोधन बहसपत्र तयारगर्ने कार्यदल गठन गरेको थियो। सो कार्यदलमाथि राजनीतिक तहबाटै बिभिन्न खालका प्रश्नहरु उठिरहेकाबेला जेनजी अगुवाहरुलेसमेत सामूहिक वक्तव्य जारीगर्दै विमति जनाउनु आफैमा शोचनीय बिषय भएको छ।**

**कार्यदलले जेनजी समूहका अगुवाहरुलाई छलफलका लागिभन्दै बोलाएपछि बिभिन्न २५ जना जेनजी अगुवाहरुले गतसाता सामूहिक वक्तव्य जारीगर्दै बिरोध गरेका हुन्। जसमा जेनजीका प्रतिनिधि र नेपाल सरकारकाबीचमा यसअघि भएको सम्झौताको धारा पाँचमा संविधान संशोधन सुझाव आयोग गठन गरिने व्यवस्थाअनुसार नयाँ सरकारले जेनजी जनआन्दोलनबाट स्थापित म्यान्डेट अनुरुपनै सो सम्झौतालाई शिरोपरगर्दै स्वतन्त्र विज्ञ, जेनजी र युवासहित सम्बन्धित सरोकारवालाको सहभागिता रहनेगरी उच्चस्तरीय संविधान संशोधन सुझाव आयोग गठन गर्नुपर्नेमा एकलौटीरुपमा बहसपत्र कार्यदल बनाई उल्लिखित सम्झौताको उल्लंघन गरेको भनिएको छ। उनीहरुले बर्तमान सरकारले गठन गरेको कार्यदलमाथिनै प्रश्न उठाएकाले सरकार सो कार्यदल बिघटन गरेर फेरी नयाँ कार्यदल बनाउन बाध्य हुने अवस्था सिर्जना भएको छ। कतिपय जेनजी अगुवाहरुले शुशीला कार्की प्रधानमन्त्रीहुँदा गत मंसिरमा गरेको १० बुँदे सम्झौता गरेका थिए। जसमा बिभिन्न विषयहरु समावेश गरिएका थिए। तर सरकार परिवर्तन भएपछि नयाँ सरकारले उक्त संभौताप्रति समेत बेवास्ता गरेको देखिएको छ। कतिपय जेनजी समूहका अगुवाहरुले संविधान संशोधनगर्नका लागि जेनजी आन्दोलनको सम्झौताको धारा पाँच बमोजिम संविधान संशोधन सुझाव आयोग गठनगरी संशोधन योग्य विषय ग्रहणगर्नका लागि त्यसै आयोगले केन्द्र, प्रदेश र स्थानीय तहमा व्यापक बहस, संवाद, अन्तरक्रियागरी उत्पीडित वा पीछडिएको क्षेत्रका नागरिक तथा आर्थिक रुपमा विपन्न बर्गलगायतका सरोकारवाला समुदाय एवं आम नेपाली नागरिकसँग परामर्श गरेरमात्रै विषय निर्धारणगरी संशोधनको प्रक्रिया अगाडि बढाइएको हुनुपर्ने कुरा उठाएका छन्। यसरी बर्तमान सरकार गठन भएपछि चालिएको पहिलो कदमनै अप्ठेरोमा परेको देखिएको छ। बुझ्नुपर्ने कुरा के छभने ०७२ को संविधान संविधान सभाले बनाएको र घोषणा गरेको हो। जसमा संशोधनका लागि कम्तिमा संसदबाटै सर्वाधिकार सम्पन्न समिति गठन गरिएको हुनुपर्दछ। बर्तमान सरकारले दलीय गतिबिधि निषेधगर्ने नीति लिएकाले यो सरकारबाट गणतान्त्रिक संविधान संशोधन हुननसक्ने अवस्था छ। जसका लागि कि त सर्बदलीय सहमति कायम गरिएको हुनुपर्दछ। किभने तेश्रो संविधान सभाको घोषणा हुनुपर्दछ। देशको मूल कानून संविधान संशोधन गर्ने/गराउने जस्तो महत्वपूर्ण कुरामा झाराटार्ने गतिबिधि हुनु राम्रो हुँदैन। जसले अन्योलमात्र बढाउने काम गर्दछ।**

# नेपालमा बाम एकताका लागि भएका प्रयासलाई हेर्दा

नेपालमा बाम एकता सधैका लागि आकर्षक नारा हुनेगरेको छ। तर बाम राजनीति जहिले पनि छितरिएको अवस्थामा रहने गरेको छ। नेपालमा एकातिर पश्चिमाहरुको चासो र हस्तक्षेप बढिरहेको छभने अर्कातिर उनीहरुले नेपालको वामपन्थी शक्तिप्रति विशेष ध्यान दिएको पाइन्छ। विशेषगरी गत जनयुद्धको समयमा अन्तर्राष्ट्रिय शक्ति सन्तुलनमा नेपालको स्थानबारे बहस हुनेगरेको छ। भनिन्छ अमेरिका, युरोपेली संघलगायतका देशहरुले तत्कालीन माओवादी आन्दोलनलाई एकातिर भित्रभित्र सघाएका थिएभने अर्कातिर आतंककारीको सूचीमा राखेर बदनाम गराउने काम पनि गरेका थिए। जुन पछि शान्ति प्रक्रियामा आएका कारण हटाइएको थियो। त्यसले देखाउँछकि नेपालको कम्युनिष्ट आन्दोलन केवल आन्तरिक संघर्ष मात्र होइन, अन्तर्राष्ट्रिय भूराजनीतिक समीकरण सँग पनि सम्बन्धित थियो र छ पनि। हालको अवस्थामा नेपालका वाम पार्टी र शक्तिहरु तीनदेखि चार भागमा विभाजित भएका छन्।

एमाले केपी ओलीको नेतृत्वमा, नेपाली कम्युनिष्ट पार्टी पूर्व माओवादी नेता पुष्पकमल दाहालको नेतृत्वमा, नेकपा (मसाल ) मोहनबिक्रम सिंहको नेतृत्वमा, क्रान्तिकारी कम्युनिष्ट पार्टी सिपि गजुरेलको नेतृत्वमा र नेकपा( माओवादी) नेत्रबिक्रम चन्दको नेतृत्वमा आआफ्नो ढंगले अगाडि बढेका छन्। अनौपचारिक तथ्यांकअनुसार नेपालमा २० वटा भन्दा बढी कम्युनिष्ट पार्टी र अन्य बाम समूहहरु रहेको अनुमान छ। तर कुनैपनि पार्टी र समूहहरुकाबीचमा खास मेल पनि छैनभने उनीहरुलाई समेट्ने संयन्त्र पनि बन्न सकिरहेको छैन। गत भदौ २३ र २४ गतेको घटनापछि नेपालमा दलीय राजनीतिमै कालो वादल देखिएको छ। सो घटनापछि शुरुमै दलहरुलाई बेवास्ता गरिएको थियो। झन गत फागुन २१ को निर्वाचन परिणाम बाहिर आएर रास्वपाजस्तो पार्टीले झण्डै दुई तिहाइ मत प्राप्त गरेर सरकार गठन गरेपछि दलीय राजनीतिमाथि नै प्रहार शुरुगरिएको छ। त्यसमध्ये पनि कम्युनिष्ट पार्टीहरु बिरुद्ध बिभिन्न हर्कतहरु हुनथालेका छन्। यस्तो अवस्थामा बृहत् बाम एकाताको कुरा उठेको छ। तर त्यो कुराले कुनै लय समात्न सकेको देखिएको छैन। पार्टीहरुको विचार, रणनीति र कार्यशैलीमा आन्तरिक भिन्नता रहँदैआएको छ। यस्तो अवस्थामा एकातिर नेपाली कम्युनिष्ट पार्टीका संयोजक दाहालले बाम एकताका लागि पहल गरिरहेको बताइन्छभने अर्कातिर नेकपा(माओवादी) का महासचिव नेत्रबिक्रम चन्दले पनि अलग्गै प्रयास गरेको देखिएको छ। बाम एकताको पहलनै फुटेर भएका कारण त्यसले राम्रो परिणाम दिनेमा शंकाहरु उत्पन्न भएका छन्। बाहिर आएका समाचारहरुअनुसार नेकपा ( माओवादी)ले कम्युनिष्ट आन्दोलनलाई लक्ष्यमा पुऱ्याउने प्रयास अन्तर्गत बिभिन्न

**देश/परिवेश** **डा. केशव देवकोटा**

राजनीतिक दल र नेतासँगको भेटलाई तिव्रता दिएको भनिएको छ। गत भदौमा भएको बिध्वंश र त्यसपछि बनेका सरकारहरुका कारण देश राजनीतिक, आर्थिक, सास्कृतिक, सामाजिक दृष्टिले इतिहासकै संकटग्रस्त स्थितिमा पुगिरहेको हालको समयमा माओवादीले कम्युनिष्ट आन्दोलनलाई लक्ष्यमा पुऱ्याउने प्रयास अन्तर्गत राजनीतिक भेटघाट र छलफललाई तिव्रता दिएको प्रचार पनि गरिएको छ। यसैक्रममा सो समूले पूर्व प्रधानमन्त्री तथा नेपाली कम्युनिष्ट पार्टीका नेता झलनाथ खनालसँग भेटवार्ता गरेको समाचार बाहिर आएको थियो। उक्त भेटवार्तामा नेपालको राजनीतिक आन्दोलन र कम्युनिष्ट आन्दोलनले विगतकालमा पैदागरेका सम्भावना र गम्भीर कमजोरीका विषयमा गम्भीर छलफल भएको बताइएको छ। माओवादीका प्रतिनिधि र खनालबीच भएको उक्त भेटवार्तामा देश र जनताको ऐतिहसिक जिम्मेवारी पूरागर्ने सवालमा माले, एमाले र माओवादीले गरेको गल्तीका विषयमा वस्तुसंगत विश्लेषण भएको भनिएको छ। उक्त भेटवार्तामा दुई शिर्षस्थ नेता ०६२-६३ र ०७५ सालपछि आएको ठूलो सम्भावना र ऐतिहासिक दायित्व निर्वाहमा तत्कालीन माओवादी र एमाले चुकेको निष्कर्षमा पुगेको बताइएको छ। उक्त भेटवार्तामा राष्ट्रिय राजनीतिमा नेतृत्वको विगतको कमजोरी, साम्राज्यवादी षड्यन्त्र, गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा सदस्यको निर्वाचनको परिणाम र नवदलालहरुको फाँसीवादी निरंकुशताको बिषयमा गम्भीर छलफल भएको भनिएको छ। त्यसैगरी उक्त भेटवार्तामा देशको वर्तमान विशिष्ठ संवेदनशील र खतरायुक्त अवस्थामा राष्ट्रिय राजनीति, कम्युनिष्ट आन्दोलन र नयाँ पहलकदमीका विषयमा गम्भीर छलफल भएको बताइएको छ। उक्त भेटवार्ता ऐतिहासिक, जिम्मेवारपूर्ण र नयाँ पहलकदमीका लागि विशेष महत्वको रहेकोभन्ने लगायतका टिकाटिप्पणीहरु पनि बाहिर आएका छन्। त्यसैगरी सो समूहले प्रगतिशील लोकतान्त्रिक पार्टीका नेता जनार्दन शर्मासँग पनि छलफल गरेको भनिएको छ। उहाँहरुबीच पछिल्लो समय देशमा विकशित राजनीतिक घटनाक्रम, कम्युनिष्ट आन्दोलन र त्यसमा आएका समस्याको समाधानका लागि संयुक्त पहल र सहकार्यका विषयमा गम्भीर छलफल भएको बताइएको छ। त्यसैगरी नेकपा माओवादीको टोलीले क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिव र नेकपा संयुक्तका कार्यबाहक अध्यक्षसँग पनि अलग अलग वार्ता गरेका समाचारहरु बाहिर आएका छन्। क्रान्तिकारी कम्युनिष्ट पार्टी नेपालका महासचिवसँगको भेटवार्तामा जेनजी आन्दोलन र त्यसपछि बनेको बर्तमान सरकारको कार्य, राजनीतिक प्रवृति र यसका अनुकुलता र प्रतिकुलताका विषयमा गम्भीर छलफल भएको भनिएको छ।

सो भेटवार्तामा राष्ट्रको पहिचान र जनाधिकार विरुद्धको खतराका बिषयमासमेत घनिभूत छलफल भएको भनिएको छ। सो भेटवार्तामा देशको वर्तमान राष्ट्रिय राजनीति र क्रान्तिकारी कम्युनिष्ट आन्दोलनको वर्तमान परिवेश र नयाँ पहलका बिषयमा समेत छलफल भएको समाचार बाहिर आएको छ। त्यसैगरी सो समूहले नेकपा संयुक्तका कार्यवाहक अध्यक्ष घनश्याम भुसालसँग गरेको भनिएको वार्तामा पनि साम्राज्यवाद र नवदलाल पूँजीपतिहरुको चरित्र र त्यसले देशमा पैदागरेको खतराका बिषयमा गम्भीर छलफल भएको बताइएको छ। उक्त भेटवार्तामा देशको वर्तमान राजनीतिक अवस्था, कम्युनिष्ट आन्दोलन र दुई पार्टीको दायित्वको बिषयमासमेत घनिभूत छलफल भएको बताइएको छ। त्यसैगरी सो समूहले नेकपा ( मसाल) का महामन्त्री मोहनबिक्रम सिंहसँग पनि छलफल गरेका समाचारहरु बाहिर आएका छन्। सो भेटवार्तामा जेनजी आन्दोलन र त्यसको बलमा बनेको सुशीला कार्की नेतृत्वको अन्तरिम सरकार र सो सरकारले गराएको प्रतिनिधिसभा सदस्य पदको निर्वाचन र त्यसपछि बनेको बर्तमान सरकारसम्म आउँदा देशमा विकसित राजनीतिक घटनाक्रमका विषयमा गम्भीर छलफल भएको बताइएको छ। उक्त भेटवार्तामा नेपालको राजनीतिक आन्दोलन, त्यसको जिम्मेवारी र अगाडिका चुनौतीका विषयमासमेत गम्भीर छलफल भएको बताइएको छ। उक्त भेटवार्तामा नेपालको कम्युनिष्ट आन्दोलनले पछिल्लो दिनमा व्यहोर्नु परेको समस्या र त्यसको समाधानको विषयमा समेत गम्भीर छलफल भएको बताइन्छ। त्यसैगरी राष्ट्रिय स्वाधिनता, जनाधिकार र त्यसका अगाडि खडाभएका चुनौती, षड्यन्त्र र हस्तक्षेप र यसको समाधानको विषयमासमेत गम्भीरताकासाथ छलफल भएको भनिएको छ। नेकपा माओवादीले नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष ऋषि कट्टेल र वैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपालका महासचिव आहुती लगायतसँग पनि छलफल गरेका कुराहरु बाहिर आएका छन्। तर सो समूले नेपालका ठूला कम्युनिष्ट पार्टी मानिएका एमाले र नेपाली कम्युनिष्ट पार्टीको शीर्ष नेतृत्वसँग छलफल गरेको देखिएको छैन। त्यसैगरी नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल **बाँकी ७ पेजमा**

# नेपाल विकासशील राष्ट्र बन्न नसक्ने अवस्था तिर

काठमाडौं। नेपालमा राजनीतिक अन्योल र अस्थिरता बढिरहेको छ, अर्कातिर आर्थिक अन्योलता र संकटहरु पनि बिद्यमान रहेका छन्। हालैमात्र बर्तमान सरकारले अति कम विकसित मुलुक (एलडीसी)को हैसियतबाट विकासशील मुलुकमा स्तरोन्नति हुने प्रक्रिया तत्कालका निम्ति स्थगित गरिदिन संयुक्त राष्ट्रसंघको सम्बन्धित निकायसँग अनुरोध गरेको कुरा बाहिर आएको छ। भनिन्छ नेपालको परराष्ट्र मन्त्रालयले हालै उक्त अनुरोध सहितको औपचारिक पत्र पठाएको हो। सो विषय राष्ट्रसंघको ईकोनोमिक एण्ड सोशल काउन्सिलको कार्यक्षेत्र अन्तर्गत पर्दछ। यद्यपि नेपालले कति समयका निम्ति स्थगनको आग्रह गरेको होभन्ने खुलेको छैन। सामान्यतया तीन,तीन वर्षमा यससम्बन्धी आवश्यक मापदण्डहरुको मूल्यांकनगर्ने गरिन्छ।

संयुक्त राष्ट्रसंघको महासभाले सन् २०२१ मा नेपाललाई स्तरोन्नति गर्ने प्रस्तावलाई अनुमोदनगर्दै विकासशील राष्ट्रमा उक्लिनका लागि दिएको पाँचवर्षको संक्रमणकालीन समय दिएको थियो। जुन यसै वर्षको नोभेम्बरमा सकिँदै छ। कतिपय जानकारहरुले नेपालले अनुरोधगर्दैमा राष्ट्रसंघीय काउन्सिलले यसलाई स्वीकार्छ भन्ने नरहेको बताएका छन्। भनिन्छ बंगलादेशले पनि डिफरल मागेको छ। नेपालले त्यसैको सिको गरेको हो। यसअघि राजनीतिमा पनि बंगलादेशकै सिकोगरिएको थियो। नेपाललाई सम्पत्ति शुद्धिकरणसम्बन्धी सघन निगरानी (ग्रे लिष्ट) जुरिसडिक्सन्स अन्डर इन्क्रिज्ड मोनिटरिङ) बाट बाहिर निकाल्न सरकारमा रहेकाहरुलाई निकै अप्ठेरो परेको देखिएको छ। त्यसैका लागि भएभरका योजनाहरु कटौतीगर्ने र बजेटमा हेरफेर गर्ने/गराउने कामहरु भैरहेका छन्। बर्तमान सरकारका अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले नेपाललाई सम्पत्ति शुद्धिकरणसम्बन्धी सघन निगरानी (ग्रे लिष्ट) जुरिसडिक्सन्स अण्डर इन्क्रिज्ड मोनिटरिङ) बाट बाहिर निकाल्न सबै उपाय अवलम्बन गरिने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयको समन्वयमा गतसाता अर्थ मन्त्रालयमा भएको एशिया प्यासिफिक ग्रुप अफ मनी लाउन्डरिङ (एपिजी) को इन्टरनेशनल कोअपरेसन रिभ्यु ग्रुप ( आइसिआरजी) को कार्ययोजनासम्बन्धी छलफलमा उहाँले उक्त कुरा बताउनु भएको थियो। जानकारहरुका अनुसार अनुसार एपिजीका प्रतिनिधिसँगको छलफलमा अर्थमन्त्री डा. वाग्लेले सम्पूर्ण सामर्थ्य लगाएर नेपाललाई ग्रेलिष्टबाट बाहिर निकाल्ने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। प्रधानमन्त्रीको नेतृत्वमा नेपाल सरकार मुलुकमा सुशासन स्थापना गरेर विकासमा फड्को मार्न लागिपरेको उल्लेखगर्दै अर्थमन्त्री डा. वाग्लेले जनताको जनमतको एक प्रमुख सन्देश पनि त्यही भएको बताउनुभएको थियो। उहाँको भनाईमा अहिलेको ग्रेलिष्टको अवस्था पछिल्ला ३० वर्षको कुशासनको प्रतिफल होभन्ने थियो। गत फागुन २१ को निर्वाचनबाट नयाँ सरकार गठन भएपछि सुशासनको सवालमा भएका काम सबैले अनुभूतगर्ने किसिमको भएको उहाँले दाबी गर्नुभएको थियो। नेपाललाई सम्पत्ति शुद्धिकरणको ग्रेलिष्टबाट बाहिर निकाल्न तत्काल र नियमित गरिनुपर्ने पहलबारे सरकारी निकायहरुले नियमित काम गरिरहेको र यसको मूल्यांकन पनि भइरहेको उहाँले उल्लेख गर्नुभएको थियो। ग्रेलिष्ट सूचक सम्बन्धमा नेपालको अवस्थामा पछिल्लो समीक्षा अवधि र अहिले धेरै फरक रहेको पनि उहाँले बताउनुभएको थियो। एपिजीका उपकार्यकारी सचिव डेभिड स्यान्ननले नेपाल ग्रेलिष्ट बाट बाहिरिन पर्याप्त कार्यगर्न अझै बाँकी रहेको बताउनुभएको थियो। छलफलमा अर्थमन्त्रालयका साथै प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, नेपाल राष्ट्र बैंकलगायतका निकायका अधिकारीको सहभागिता थियो।

सोही टोलीले गतसातानै नेपाल प्रहरीका प्रहरी महानिरीक्षक दानबहादुर कार्कीसँग पनि भेटवार्ता गरेको थियो। प्रहरी प्रधान कार्यालय नक्सालमा भएको भेटमा प्रहरी महानिरीक्षक कार्कीले नेपाललाई सम्पत्ति शुद्धिकरणसम्बन्धी सघन निगरानीको सूची (ग्रेलिष्ट) बाट बाहिर निकाल्न चालिएका कदमबारे अवगत गराउनुभएको थियो। भेटमा नेपालले प्रस्तुत गरेको कार्ययोजनाको कार्यान्वयनमा प्रमुख कानून कार्यान्वयनगर्ने निकायकारुपमा नेपाल प्रहरीको भूमिकाबारे विस्तृत छलफल भएको थियो। प्रहरी महानिरीक्षक कार्कीले सम्पत्ति शुद्धिकरण निवारण प्रणालीलाई मजबुत बनाउन नेपाल प्रहरीले अन्य सरोकारवाला निकायसँग गरिरहेको प्रभावकारी समन्वय र कारवाहीको अवस्थाबारे जानकारी गराउनुभएको थियो। त्यस्तै प्रहरी कर्मचारीको क्षमता अभिवृद्धि, प्राविधिक सहयोग र आगामी कार्यदिशाका विषयमासमेत दुई पक्षबिच कुराकानी भएको थियो। भेटमा एपिजीका उपकार्यकारी सचिव डेभिड स्यान्नन र पोलिसी नीति अधिकारी किया सासलको सहभागिता थियो। उहाँहरुले वित्तीय अपराध नियन्त्रणका लागि सूचना आदान-प्रदान, आपसी सहयोग र अन्तर्राष्ट्रिय समन्वयलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो। एफएटिएफले ०८१ फागुन नौमा नेपाललाई दुईवर्षका लागि ग्रेलिष्टमा राखेको थियो। नेपालले उक्त सूचीबाट बाहिर निस्कन १५ बुँदे आइसिआरजी कार्ययोजनामा प्रतिबद्धता व्यक्त गरी सोअनुरुप कार्य गरिरहेको बताउने गरिएको छ। बर्तमान सरकारले आगामी आब ०८३/८४ को बजेटमार्फत मध्यम वर्ग विस्तारको तयारी गरेको बताइन्छ। अर्थमन्त्री डा. वाग्लेले गतसाता संसदका दुवै सदनका बेग्लाबेग्लै बैठकमा आगामी आवको विनियोजन विधेयकको सिद्धान्त र प्राथमिकताउपर उठेका प्रश्नको जवाफदिँदै नागरिकको आय, सिप र अवसरमा पहुँच बढाउन यस्तो अवधारणा लागूगर्ने तयारी भएको जानकारी गराउनुभएको थियो। मध्यम वर्ग विस्तारको अवधारणा केही सीमित वर्गलाई मात्र सुविधा दिनेभने नभएको उहाँको भनाइ थियो। सम्पत्ति शुद्धिकरणसम्बन्धी ग्रेलिष्टबाट बाहिर निस्कन नेपालले पाएको समयसीमा नजिकिँदै जाँदा **बाँकी ७ पेजमा**

# संविधान संशोधनका लागि राजतन्त्र र गणतन्त्रको बहस बढ्दो

**यो साताको बिशेष**

काठमाडौं। नेपालमा संविधान संशोधन दलहरुका बीचमा राजनीतिक कलहको प्रमुख बिषय बन्ने देखिउको छ। एकातिर संविधान संशोधनका लागि बहसपत्र तयारगर्न गठित कार्यदलका संयोजक एवं प्रधानमन्त्री वालेन्द्र साहका राजनीतिक सल्लाहकार असिम साहले संविधान संशोधनलाई राष्ट्रिय बहस र सहमतिका आधारमा अघि बढाइनेभन्दै सुझाव संकलन गरिरहनुभएको छभने अर्कातिर नेकां, एमाले र नेपाली कम्युनिष्ट पार्टी लगायतले ०७२ को संविधानका लागि अर्को गठबन्धन बनाएका छन्। त्यसैगरी राजमो र क्रान्तिकारी कम्युनिष्ट पार्टी लगायतले जन गणतन्त्रमा जोड दिएको देखिएको छ। सरकारी समाचार संस्था राससले जनाएअनुसार सरकारी सम्वाद टोलीले बिभिन्न राजनीतिक दलका नेताहरुसँग संविधान संशोधन बहसपत्र तयारीका विषयमा सुझाव संकलनगर्ने क्रममा संयोजक साहले सरकारले एकलौटीरुपमा संविधान संशोधनगर्न खोजेको नभई राष्ट्रिय सहमतिमा सबै राजनीतिक दलहरुलाई समेटेर साझा बिन्दु पहिल्याउनेमा सरकारको जोड रहेको बताउनुभयो। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा गतसाता आयोजित कार्यदलको छलफलमा संयोजक साहले संविधान जारी हुँदाको राजनीतिक संघर्ष, जनआन्दोलन, मधेस आन्दोलन र शहीदहरुको बलिदानलाई स्मरणगर्दै संविधानका संवेदनशील पक्षमा सरकार गम्भीर रहेको बताउनुभयो। कार्यदलले बिभिन्न विषयमा साझा सहमति कहाँ सम्भव छ तथा कहाँ मतभेद छन्भन्ने पहिचान गर्ने काम गरिरहेको बताउनुभयो। उहाँका अनुसार बहसपत्र तयार भएपछि त्यसलाई राष्ट्रिय बहसका लागि सार्वजनिक गरिनेछ। उहाँले सरकारलाई यो प्रक्रियामा कुनै हतारो छैन। राष्ट्रिय सहमतिविना संविधान संशोधनको गुञ्जायस हुँदैन भन्ने कुरामा सरकार पूर्ण सजग छ। कुन विषयमा संशोधन गर्ने, कुन कुरामा हात हाल्ने र कुनमा नहाल्ने भन्नेबारे राजनीतिक दल र शक्तिको साझा धारणा बुझ्न यो प्रक्रिया सुरु गरिएको हो भन्नुभयो। छलफलमा सहभागी बिभिन्न राजनीतिक दलका नेताहरुले शासकीयस्वरुप, निर्वाचन प्रणाली र प्रदेशको संरचनामा आआफ्नो सुझाव प्रस्तुत गर्नुभएको थियो।

**नेताहरुको सुझाव :** छलफलमा सहभागी जनमत पार्टीका अध्यक्ष डा सिके राउतले संविधान संशोधनमार्फत गणतन्त्रलाई थप मजबुत बनाउनुपर्ने जिकिरगर्दै आमूल संरचनात्मक सुधारको प्रस्ताव गर्नुभयो। उहाँले शासकीयस्वरुप परिवर्तनगरी प्रत्यक्ष निर्वाचित राष्ट्रपति र प्रत्यक्ष निर्वाचित नै प्रदेश प्रमुखको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो। संवैधानिक निकायका प्रमुख पनि निर्वाचित हुनुपर्ने र खर्चिलो निर्वाचन प्रणाली बदल्नुका साथै 'राइट टु रिजेक्ट' (अस्वीकारगर्ने अधिकार) र 'राइट टु रिकल' (प्रतिनिधि फिर्ता बोलाउने अधिकार)लाई संविधानमै ग्यारेन्टी गरिनुपर्ने उहाँको सुझाव थियो। विज्ञहरुबाट मन्त्री बनाइनुपर्ने, सांसदहरुमा ह्विप लाग्न नहुने र सर्वोच्च अदालतका न्यायाधीशसमेत निर्वाचित हुनुपर्ने अध्यक्ष डा राउतको तर्क थियो। आर्थिक नीतिमा समाजवादोन्मुख शब्दले निजी क्षेत्र हतोत्साहित भएकोभन्दै उहाँले त्यसको सट्टा सामाजिक लोकतन्त्र राख्न र तराई-मधेसमा जनसंख्याका आधारमा निर्वाचन क्षेत्र पुनःनिर्धारणगर्न उहाँले सुझाव दिनुभएको थियो। प्रदेशलाई विशिष्ट अधिकारसहित पूर्णस्वायत्तता दिनुपर्नेमा उहाँले जोड दिनुभयो। नेपाली कांग्रेसका नेता मीन विश्वकर्माले संविधानका मूलभूत विषय र प्रस्तावना चलाउन नहुने धारणा राख्नुभयो। संविधानलाई गतिशील दस्तावेजको संज्ञादिँदै उहाँले गणतन्त्र, संघीयता, समावेशिता र राष्ट्रिय सार्वभौमिकता जस्ता मूलभूत उपलब्धिमा हस्तक्षेप नगर्न सुझाव दिनुभएको थियो। संविधानलाई सर्वसाधारणले सहजै बुझ्नसक्ने गरी सरलीकृत गर्नुपर्नेमा नेता विश्वकर्माले जोड दिनुभयो। संघ र प्रदेशमा जनप्रतिनिधि तथा मन्त्रीहरुको संख्या धेरै भएकाले त्यसलाई घटाउन सकिने र प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै समावेशिता सन्तुलन गर्न सकिने विकल्पसमेत उहाँले प्रस्तुत गर्नुभयो। नेता विश्वकर्माले प्रत्यक्ष निर्वाचन प्रणालीभित्रै समावेशिता सुनिश्चित गर्न तथा बहुप्रतिनिधिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने धारणा राख्नुभएको थियो। नेकपा (एमाले) का केन्द्रीय सदस्य एवं संविधानसभा सदस्य कृष्णभक्त पोखरेलले संशोधनकाक्रममा संविधानको मूलआधारस्तम्भ भत्किन नहुने धारणा राख्नुभएको थियो। उहाँले राष्ट्रियसभाको सदस्य संख्या घटाउन, उपराष्ट्रपतिलाई नै राष्ट्रियसभाको अध्यक्षको जिम्मेवारीदिने प्रणाली अपनाउन र प्रदेशमा बढीमा पाँचदेखि सात जनामात्र मन्त्री राख्ने व्यवस्थागर्न जोड दिनुभएको थियो। गैरआवासीय नेपालीलाई राजनीतिकबाहेकका अधिकार दिन नहिचकिचाउनुपर्ने उहाँको भनाइ थियो। नेपाली कम्युनिष्ट पार्टीका नेता माधव सापकोटाले पूर्ण समानुपातिक निर्वाचन प्रणाली र प्रत्यक्ष कार्यकारी प्रमुखको व्यवस्था हुनुपर्ने बताउनुभएको थियो। उहाँले पनि उपराष्ट्रपतिलाई राष्ट्रियसभाको अध्यक्ष बनाउनुपर्ने र विज्ञबाट मन्त्री चयन गर्ने व्यवस्था उपयुक्त हुने उल्लेख गर्नुभएको थियो। राष्ट्रप्रमुखलाई स्वेच्छाचारी बन्न नदिन महाभियोग र नियन्त्रण सन्तुलनका संयन्त्र स्पष्ट हुनुपर्ने नेता सापकोटाले बताउनुभएको थियो। उहाँले प्रदेशसभाको सट्टा गाउँपालिका तथा नगरपालिकाका प्रमुखलाई प्रदेशसभाको भूमिकामा राख्न सकिने प्रस्तावसमेत अघि सार्नुभएको थियो। पूर्वपरराष्ट्रमन्त्री रमेशनाथ पाण्डेले विगतका सात संविधानका सबल र दुर्बल पक्षको पूर्वाग्रहरहित समीक्षा गरेरमात्र दीर्घकालीन संविधान संशोधनको मार्गचित्र कोर्नुपर्ने सुझाव दिनुभएको थियो। उहाँले हतारमा निर्णयगर्दा संविधान निर्जिव बन्ने खतरा औँल्याउँदै वर्तमान सरकारलाई राजनीतिक हतारो नभएकाले ऐतिहासिक रुपमा परिपक्व कामगर्न आग्रह गर्नुभएको थियो। छलफलका क्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका संसदीय दलका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले संविधान संशोधनका लागि अहिले उपयुक्त समय भएकोभन्दै आम नागरिकका विचार समेटेर छिटो अघि बढ्नुपर्ने बताउनुभएको थियो। सबै राजनीतिक दलहरु आन्तरिक तयारी र आपसी संवादमा जुटिसकेकाले अब संविधान संशोधनको विषय चाँडै अगाडि बढनु सकारात्मक भएको उहाँको धारणा थियो। वर्षौंदेखि अड्किएका कानुनी र संवैधानिक गाँठोहरु फुकाउन सबै दल यसरी एकैठाउँमा आउनु तथा सरकारले चालेका कदममा सकारात्मक हुनु देशको राजनीतिक निकासका लागि उत्साहजनक र स्वागतयोग्य संकेत भएको मुख्य सचेतक बुर्लाकोटीको भनाइ थियो। यस्तै छलफमा सहभागी राष्ट्रिय मुक्ति पार्टी नेपालका केशवकुमार झाले वर्तमान संविधानमा नेपालको मौलिकपन, दर्शन र संस्कृति गायब भएको टिप्पणी गर्दै यसमा व्यापक परिमार्जनको आवश्यकता औँल्याउनुभयो। उहाँले प्रदेशअन्तर्गत स्थानीय तह रहनुपर्ने साथै स्थानीय तह दलविहीन हुनुपर्ने सुझाव राख्नुभयो। संविधानमा व्यापक परिवर्तनको आवश्यकता औँल्याउँदै उहाँले प्रस्तावनामै हालसम्मका सम्पूर्ण लोकतान्त्रिक आन्दोलन उल्लेखगर्न सुझाव दिनुभएको थियो। पूर्वमन्त्री कल्पना धमलाले मौलिक हकको कार्यान्वयन र आमाका नामबाट सहज नागरिकता पाउने व्यावहारिक प्रबन्धमा जोडदिँदै समानुपातिक समावेशी कोटामा एक पटकभन्दा बढी दोहोरिन नपाउने व्यवस्था गर्नुपर्ने सुझाव दिनुभएको थियो। सोहीक्रममा नेपाली कांग्रेसका नेता तथा संविधानसभा सदस्य दीपक कुइँकेलले संसद र मन्त्रीको संख्या घटाउने कुरामा जोड दिनुभएको थियो।



**राजमोको अवधारणापत्र :** राष्ट्रिय जनमोर्चा केन्द्रीय कार्यालयद्वारा गत वैशाख २६ गते काठमाडौंमा आयोजित संविधान संशोधनको सन्दर्भमा गणतन्त्र र राष्ट्रियता विषयक अन्तरक्रिया कार्यक्रममा अध्यक्ष चित्रबहादुर केसीद्वारा प्रस्तुत अवधारणापत्रमा भनिएको छ :

१. संविधान मुलुकको मुख्य कानूनी दस्तावेज हो। मुलुकको राजनीतिक समीकरण, शक्तिसन्तुलन, विकास, चेतना, विश्व राजनीतिमा आउने परिवर्तनअनुरुप संविधानलाई पनि परिमार्जन गर्दै लैजानुपर्दछ। त्यसैले संविधान कठोर र जड नभएर गतिशील हुनुपर्दछ भन्ने मान्यतालाई हाम्रो संविधानले पनि स्वीकार गरेको छ। त्यहीअनुरुप प्रत्येक १०/१० वर्षमा संविधानका बिभिन्न धारा, संवैधानिक संरचनाको प्रभावकारिता वा औचित्यताको सिंहावलोकन गरिनुपर्ने कुरामा हाम्रो संविधानले जोडदिएको छ। राष्ट्रिय जनमोर्चाले पनि संविधानको संशोधनमाथि जोड दिन्छ। संविधानमा भएको संघीयतासहितका गलत प्रावधानको संशोधनमा राष्ट्रिय जनमोर्चाले जोड दिँदैआएको छ।

२. वर्तमान सरकारले संविधान संशोधन गर्नका लागि "संविधान संशोधन बहसपत्र निर्माण कार्यदल बनाएको छ। संविधान संशोधनका मुद्दा पहिचान गर्न र संविधानमा संशोधनको प्रक्रियामा सम्पूर्ण जनवर्गलाई सहभागी गराउन संविधान संशोधनका लागि आधार तयार पार्न त्यसलाई कैयौं चरणमा अगाडि बढाउन सकिन्छ। संविधानमा संशोधन गर्नुपर्ने मुद्धाको पहिचानका लागि विज्ञ सम्मिलित टोलीको गठन, राजनीतिक दलका बिच सहमति कायम गरेर राजनीतिक तथा जनस्तरमा बृहत् छलफल गरेर अन्तिममा संविधान संशोधन विधेयक तयार पारेर संसदको छलफलको विषय बनाउन सकिन्छ। संविधान संशोधनगर्ने र त्यसलाई अनुमोदनगर्ने काम संघीय संसदको भए पनि बिभिन्न चरण र स्तरमा संविधान संशोधनको मुद्धामा छलफल चलाउदा त्यो बृहत् र प्रजातान्त्रिक प्रकृतिको बन्छ। त्यसरी प्रजातान्त्रिक तबरबाट बृहत् छलफल गरेर संघीय संसद्मा प्रवेश गरेमा त्यो बढी परिपक्व हुनेछ तर सरकारले गठन गरेको संविधान संशोधन बहसपत्र निर्माण कार्यदलको संयोजकमा नियुक्त गरिएको व्यक्ति उच्चस्तरको नैतिक चरित्र र संवैधानिक कानूनको क्षेत्रमा उच्च ज्ञान नभएको र राजा आऊ, देश बचाऊ अभियानमा संलग्न व्यक्ति भएका कारण त्यसले कैयौं प्रश्न र आशंका पैदा गरेको छ।

३. संविधान निर्माण वा संशोधन एउटा जटिल तथा जोखिमपूर्ण तर मुलुकका लागि अत्यावश्यक प्रक्रिया हो। संविधान संशोधनको उठान र अवतरण सही ढंगबाट हुन सकेनभने जनआन्दोलनका उपलब्धि गुम्ने जोखिम पनि हुन्छ। स्वयम् पाकिस्तान र बंगलादेशको संविधान संशोधनको अनुभवबाट पनि त्यो कुरा स्पष्ट हुन्छ। संविधान संशोधनको मामिला हाम्रो आन्तरिक घरेलु मामिला र आवश्यकता हो तर यो विषयलाई हामीले नेपालको घरेलु मामिला र आन्तरिक आवश्यकताको दायरासम्म मात्र बिचार गऱ्यो भने त्यो गलत हुनेछ। संविधान निर्माण वा त्यसमाथि संशोधनको क्रममा अन्तर्राष्ट्रिय शक्तिहरुले पनि सम्भावित चलखेलगर्न सक्ने सम्भावनालाई पनि ध्यान दिनुपर्दछ। उनीहरुले चलखेलगर्न नपाउन् भन्ने सवालमा पूर्ण रुपले सतर्कता अपनाउनुपर्ने आवश्यकतामा ध्यान दिनुपर्दछ। संविधान निर्माण वा संशोधनको प्रक्रियालाई कैयौं अन्तर्राष्ट्रिय शक्तिकेन्द्रले उपयोग गरेर आफ्नो निहित वा रणनीतिक स्वार्थमा प्रयोगगर्ने गरेको नेपाल वा विश्वका अनुभवबाट देखिन्छ। त्यसैले संविधान संशोधन कार्यलाई विदेशी हस्तक्षेपबाट मुक्त राखिनुपर्दछ तर देशमा अहिले बहाल सरकार विदेशीको कठपुतली सरकारको रुपमा कायम भएको छ। संविधान संशोधनको कार्यलाई सरकारले विदेशी हस्तक्षेपबाट मुक्त राख्न सक्छ भन्ने विश्वासगर्न गाह्रो पर्दछ। त्यसैले संविधानलाई विदेशी हस्तक्षेपबाट मुक्त राख्न गणतन्त्रवादी तथा देशभक्त शक्तिबिचको एकताले विशेष महत्व राख्दछ।

४. संविधान निर्माण वा संशोधनको क्रममा हाम्रोजस्तो अल्पविकसित, अर्धसामन्ती र अर्धऔपनिवेशीक मुलुकमा राष्ट्रियताको प्रश्नलाई सधैँ माथि राख्नुपर्ने आवश्यकतामा हामीले गम्भीरतापूर्वक ध्यान दिनुपर्दछ। यद्यपि संविधान निर्माण वा संशोधन कार्य अगाडि बढाउँदा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रले अवाञ्छित स्वार्थ लाद्न सक्ने भयले संविधान निर्माण वा संशोधनको प्रक्रियाबाट पछाडि हट्ने होइन त्यो प्रक्रियालाई जनताको पक्षमा दृढतापूर्वक अगाडि बढाउनुपर्दछ। त्यसकासाथै साम्राज्यवादीका अवाञ्छित स्वार्थका विरुद्ध समेत दृढतापूर्वक उभिनुपर्दछ। विदेशीका अवाञ्छित स्वार्थलाई अस्वीकार गर्न र मुलुकको राष्ट्रियताका पक्षमा दृढतापूर्वक उभिनुपर्ने आवश्यकतामा हामीले जोड दिन्छौँ। नेपालले संविधान निर्माण र संशोधनका क्रममा विदेशी दबाब झेल्नुपरेका कैयौं घटनाक्रम छन् तर त्यस्तो अवस्थामा दलहरुको आपसी एकता र सुझबुझबाट नै विदेशी दबाबको सामना गरेर संविधान संशोधन वा निर्माणलाई अधिकतम राष्ट्रिय हितका पक्षमा उपयोग गर्न नेपालले सफलता पनि प्राप्तगरेको छ। विगतका केही घटनाक्रमको संक्षिप्त चर्चाबाट पनि त्यो कुरा स्पष्ट हुनेछ। २०४७ सालको संविधान निर्माणका क्रममा २०४६ चैत मसान्तलाई आधार वर्ष (ऋगत या तजभ थभबच) मानी जन्मको आधारमा नागरिकता दिनुपर्ने कुरामा तत्कालीन संविधान सुझाव आयोगलाई दबाब परेको थियो। त्यसकासाथ नेपालको संविधान निर्माणमा सहयोग गर्नका लागि भारतबाट आएका दुई जना कानूनविद्ले अन्तर्राष्ट्रिय सन्धिसम्झौताको स्वीकृति, सम्मिलन र अनुमोदनको संवैधानिक प्रावधान भारतीय स्वार्थअनुरुप बनाउन धेरै नै प्रयत्न गरेका थिए। जन्मको आधारमा नागरिकता दिने विषय र भारतीय स्वार्थअनुरुप अन्तर्राष्ट्रिय सन्धिसम्झौताको सम्मिलन स्वीकृति र अनुमोदनको राष्ट्रघाती प्रावधानलाई तत्कालीन संविधान सुझाव आयोगले दृढतापूर्वक अस्वीकार गरेको थियो।

५. पहिलो संविधानसभा मुख्यतया संघीयतासम्बन्धी मोडेलको विवादका कारण संविधान निर्माण गर्न नसकेर विघटन भएको थियो। संघीयता देशभित्रका घरेलु शक्तिको भन्दा त्यसको आडमा आआफ्ना स्वार्थ लाद्ने विदेशी शक्तिकेन्द्रको एजेन्डा बन्न पुगेको थियो। यहाँसम्म कि संघीयताको मोडेलको सवालमा अन्तर्राष्ट्रिय शक्तिकेन्द्रका बिच पनि कुनै सहमति थिएन। जातीय संघीयतालाई नेपालको संविधानमा छिराउन पशिचमा शक्तिले अरबौं रुपिया पानीझैं बगाएका थिए। दोश्रो संविधानसभाको कार्यकालमा पनि अन्तर्राष्ट्रिय शक्तिकेन्द्रहरु संघीयता सम्बन्धी विवादलाई चर्काउन चाहन्थे। संघीयतासम्बन्धी विवादलाई कायम राखेर संविधान निर्माण हुन सक्दैनथ्यो। त्यो अवस्थामा नेपालका प्रमुख राजनीतिक दलहरुले सुझबुझपूर्ण ढंगबाट प्रादेशिक सिमानासम्बन्धी विवादलाई थाति राखेर संविधान निर्माण र जारीगर्ने उद्देश्यले १६ बुँदे सहमति गरेका थिए। यी केही घटनाबाट स्पष्ट हुन्छकि मुलुक अप्ठ्यारो परिस्थितिमा धकेलिएको बेला त्यसका विरुद्ध दलका बिच राष्ट्रिय एकता पनि निर्माण हुनेगरेको छ। त्यही एकताले मुलुकलाई अप्ठ्यारो परिस्थितिबाट अगाडि बढाउन मदत पनि पुग्ने गरेको छ। त्यही कुरा संविधान संशोधनको प्रक्रियाको हकमा पनि लागु हुन्छ। २०६३ चैतमा अन्तरिम संविधानको पहिलो संशोधनबाट संविधानमा संघीयता लाद्ने कार्य, संविधानसभाद्वारा संविधान निर्माणको क्रममा जन्मको आधारमा नागरिकता दिने फितलो प्रावधान, वैवाहिक अंगीकृत नागरिकता तुरुन्तै प्रदान गर्नुपर्ने सवाल छिराउन भारत सफल भए पनि मधेसमा जनसंख्याको आधारमा निर्वाचन क्षेत्रको निर्धारण, पदाधिकारीको नागरिकतासम्बन्धी विषय, प्रादेशिक सीमा निर्धारणमा नेपालले अडान लिएका कारण त्यसमा आफ्नो स्वार्थ छिराउन भारतलगायतका विदेशी शक्तिलाई सम्भव भएन र हुन सकेन।

६. संविधान निर्माणकाक्रममा छिमेकीका स्वार्थ स्वीकार नगरेका कारण संविधानमा त्यसलाई समावेशगर्न नेपालमाथि बिभिन्न प्रकारका दबाब परेका थिए। यहाँसम्म कि भारतले संविधानको मस्यौदामा संविधानसभाका सदस्यको हस्ताक्षर भइरहेको क्रममा पनि संविधानको घोषणालाई स्थगित गरभन्ने तहसम्म हस्तक्षेप गरेको थियो। संविधान घोषणा भइसकेपछि पनि भारतले अहिलेसम्म हाम्रो संविधानलाई स्वीकार र समर्थन गरेको छैन। नेपालको संविधानका विरुद्ध भारतले अन्तर्राष्ट्रिय मोर्चाबन्दीसमेत गर्नुका साथै नेपालका विरुद्ध अमानवीय आर्थिक नाकाबन्दी समेत लादेको थियो। यी सबै घटनाबाट स्पष्ट हुन्छकि संविधान निर्माण वा संशोधन हाम्रो आन्तरिक मामिला र आवश्यकता हुँदाहुँदै पनि हाम्रो कमजोर अवस्थालाई उपयोग गरेर विदेशी शक्तिकेन्द्रले चलखेल गर्ने गर्दछन्। त्यसैले संविधान संशोधनको क्रममा मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षाको प्रश्न तथा गणतन्त्रको सुदृढीकरणको विषयलाई केन्द्रमा राखेर नै अगाडि बढाउनुपर्दछ।

७. उपर्युक्त तथ्यलाई हेर्दा यो भन्नका लागि आधार छ कि संविधान निर्माण वा संशोधनको प्रक्रियाको फाइदा उठाएर विदेशी साम्राज्यवादी शक्तिले आफ्नो स्वार्थलाई छिराउन अनेकन् तिकडम वा प्रयत्नगर्ने गर्दछन्। त्यो अवस्थामा हामीले मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डतालाई केन्द्रमा राखेर नै अगाडि बढ्नुपर्दछ। २०७२ को संविधानमा भारतीय स्वार्थका ७ ओटा विषयलाई राख्न नेपालले अस्वीकार गरेको हुनाले नै भारतले नेपालमाथि अमानवीय आर्थिक नाकाबन्दी लादेको थियो। वैवाहिक अंगीकृत नागरिकता तुरुन्तै दिनुपर्ने, पदाधिकारीको नागरिकतासम्बन्धी हालको व्यवस्थालाई परिवर्तन गरेर अंगीकृत नागरिकलाई पनि त्यो पदमा लैजानुपर्ने, निर्वाचन क्षेत्रको निर्धारणसम्बन्धी मूल्यांकन १०/१० वर्षमा हुनुपर्ने, **बाँकी ७ पेजमा**

# एमालेको सचिवालय बैठक र नेता फेर्ने कुराहरु

विवक शर्मा

**पौडेलले सार्वजनिकरुपमा कुनै टिप्पणी नगरे पनि बिभिन्न कोणबाट कुराहरु बाहिर आएका छन्। खासगरी उहाँले बीबीसी नेपाली सेवासँग हालै गरेको संक्षिप्त कुराकानीमा कतिपय कुराहरु खुलेका थिए। पार्टीको नेतृत्व परिवर्तनका लागि पौडेल र महासचिव शंकर पोखरेलबीच सहमति भइसकेको भनिएको थियो। सार्वजनिकरुपमा अध्यक्ष ओली र तत्कालिन सरकारको प्रतिरक्षागर्दै आउनुभएका उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ पनि अब ओलीलाई पार्टी नेतृत्वमा राखिरहन नसक्ने निष्कर्षमा पुगेको बताइएको थियो। पोखराको एउटा आन्तरिक कार्यक्रममा उहाँले मुखै खोलेर ओलीलाई अध्यक्षबाट हटाउनेबारे बोलेको प्रचार पनि गरिएको थियो। तर हाल आएर त्यसमासमेत सामान्यीकरण भएको देखिएको छ।**

नेपालको सबैभन्दा ठूलो संसदवादी कम्युनिष्ट पार्टी मानिएको एमालेमा खासगरी नेतृत्वको परिवर्तनको बिषयलाई लिएर नेताहरुका बीचमा मतान्तरहरु देखिएका छन्। गत भदौमा भएको विधान महाधिवेशन र मंसिरमा भएको पार्टीको बिशेष महाधिवेशनपछि गत शुक्रबार भएको एमालेको सचिवालय बैठकलाई धेरै महत्वकासाथ हेरिएको छ। जसमा एकता र मेलमिलापको नीति पारित भएको बताइन्छ। एमालेले पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारीलाई प्रमुख अतिथि बनाएर गत तीनगते मदन आश्रित स्मृति दिवस मनाएपछि एकता र मेलमिलापको वातावरण बनेको हो। एमालेका अध्यक्ष केपी ओलीले भण्डारीसँग दूरी घटाउने उद्देश्यका साथ उहाँलाई प्रमुख अतिथि बनाउने रणनीति अख्तियार गर्नुभएको देखिएको छ। भनिन्छ ओलीकै निर्देशनमा भण्डारीलाई प्रमुख अतिथि बनाइएको थियो। गत वैशाख २७ गते अध्यक्ष ओलीले भक्तपुरको गुन्डुस्थित आफ्नो निवासमा बिद्या भण्डारीसँग लामै छलफल गर्नुभएको थियो। हाल एमालेमा अध्यक्ष ओली बिरुद्ध बाह्य आक्रमण भएकाले पार्टीले संरक्षण दिनुपर्छ भन्ने नीति बनाइएको बताइन्छ। एमालेका अध्यक्ष ओलीलाई पद त्याग गराउन उहाँसँग निकट मानिने उपाध्यक्ष विष्णु पौडेल पनि लागेको चर्चा चलिरहेको छ।

पौडेलले सार्वजनिकरुपमा कुनै टिप्पणी नगरे पनि बिभिन्न कोणबाट कुराहरु बाहिर आएका छन्। खासगरी उहाँले बीबीसी नेपाली सेवासँग हालै गरेको संक्षिप्त कुराकानीमा कतिपय कुराहरु खुलेका थिए। पार्टीको नेतृत्व परिवर्तनका लागि पौडेल र महासचिव शंकर पोखरेलबीच सहमति भइसकेको भनिएको थियो। सार्वजनिकरुपमा अध्यक्ष ओली र तत्कालिन सरकारको प्रतिरक्षागर्दै आउनुभएका उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ पनि अब ओलीलाई पार्टी नेतृत्वमा राखिरहन नसक्ने निष्कर्षमा पुगेको बताइएको थियो। पोखराको एउटा आन्तरिक कार्यक्रममा उहाँले मुखै खोलेर ओलीलाई अध्यक्षबाट हटाउनेबारे बोलेको प्रचार पनि गरिएको थियो। तर हाल आएर त्यसमासमेत सामान्यीकरण भएको देखिएको छ। खासमा नेतृत्वको उत्तराधिकारका बिषयमा ओली र भण्डारीबीच बिवाद भएको देखिएको थियो। केपी ओली लामो समयदेखि एमालेको प्रमुख र शक्ति केन्द्रसमेत रहँदै आउनु भएको छ। बिद्या भण्डारी राष्ट्रपतिबाट बाहिरिएपछि सक्रिय राजनीतिमा फर्किने सम्भावनाले पार्टीभित्र नयाँ शक्ति समीकरणको चर्चा बढाएको थियो। जसले ओली पक्ष र भण्डारी निकट समूहबीच असहजता बढाएको विश्लेषण गरिन्थ्यो। एमाले औपचारिकरुपमा एकीकृत पार्टी भएपनि विभिन्न नेताहरुको प्रभाव क्षेत्र रहेको छ। भण्डारीलाई केही नेताहरुले वैकल्पिक शक्ति केन्द्रकारुपमा हेर्न थालेपछि ओली पक्ष सतर्क भएको देखिन्छ। वैचारिकभन्दा बढी संगठनात्मक प्रतिस्पर्धा रहेको छ। पछिल्लो बिवाद ठूलो वैचारिक मतभेदभन्दा पनि पार्टीको भावी नियन्त्रण र नेतृत्व व्यवस्थापनसँग सम्बन्धित देखिन्छ। एमालेभित्र ओलीपछिको नेतृत्व कसले लिने ? भन्ने प्रश्नले यो बहसलाई अझ तीव्र बनाएको छ।

भण्डारी एमालेको पुरानो कम्युनिष्ट आन्दोलनसँग जोडिएको लोकप्रिय अनुहार हुनुहुन्छ। अर्कोतर्फ ओली पार्टी सञ्चालन र चुनावी रणनीतिमा बलियो पकड भएका नेता मानिनु हुन्छ। त्यसैले दुवै व्यक्तित्वबीचको दूरीले कार्यकर्तामा पनि ध्रुवीकरण गराउने सम्भावना हुन्छ। तर हाल आएर दुवै नेताले सार्वजनिक रुपमा खुला टकरावभन्दा पार्टी एकतालाई प्राथमिकता दिएको देखिएको छ। त्यसैले सो विवादलाई तत्काल विभाजनतर्फ जानेभन्दा पनि शक्ति सन्तुलन र नेतृत्व व्यवस्थापनको संघर्षकोरुपमा बुझ्नु उपयुक्त हुन्छ। राजनीतिमा अनुहारमात्र फेरेर केही हुनेवाला छैन, संगठनको स्वरुपदेखि नेताहरुको कार्यशैली लगायतसम्म समग्र विषय रहेका छन्। गत महाधिवेशनमा ती तीनै नेताहरु ओलीका प्रमुख सहयोगी बनेको देखिएको थियो। ईश्वर पोखरेल र सुरेन्द्र पाण्डे लगायतका नेताहरुले गत मंसिरको महाधिवेशनमा छुट्टै प्यानल बनाएरै ओलीलाई रोक्ने प्रयास पनि नगरेको होइन। पार्टी सदस्यता रोकिएकी पूर्वराष्ट्रपति बिद्यादेवी भण्डारीले पनि ओलीले नेतृत्व छाड्नुपर्ने धारणा खुलारुपमै व्यक्त हुनुभएको थियो। आफ्नै विश्वासपात्रहरुले छाड्ने संकेत पाएपछि अध्यक्ष ओलीले पार्टीमा नयाँ रणनीति बनाउनु भएको देखिएको छ। जसअनुसार पूर्वराष्ट्रपति भण्डारीको पुनरागमनको निम्ति ओली तयार हुनुभएको स्पष्ट हुन्छ। उपाध्यक्ष पौडेल र महासचिव पोखरेलसहितको सहभागितामा मदन-आश्रित स्मृति दिवसको अवसरमा गत तीनगते आइतवार आयोजित कार्यक्रममा भण्डारीलाई प्रमुख अतिथि बनाइएपछि एमाले बृत्तमा ठूलो तरंग उत्पन्न भएको थियो। जानकारहरुकाअनुसार एमालेमा दुईथरी धारणा जोडदाररुपमा आइरहेका छन्। अध्यक्ष ओलीको विकल्प छैन समूह पनि छ।

एमालेमा ओलीले चौतर्फी प्रतिकूलता बढेपछि आफ्नो बहिर्गमन तत्काललाई रोक्न भण्डारीलाई अघिसार्न खोजेको हुनसक्ने विश्लेषणगर्नेहरु पनि रहेका छन्। संस्थापनइतर खेमाका कतिपय नेताहरु चाहिँ भण्डारीलाई सदस्य दिने वा नेतृत्वको निम्ति तयारगर्ने विषयले ओलीको बहिर्गमनको माग नरोकिने बताउँछन्। कतिपयको भनाईमा बिद्या भण्डारीको सदस्यता वा उहाँ नेतृत्वमा आउनेकि नआउनेभन्ने फरक विषय हो। नेतृत्व परिवर्तनको विषयलाई त्यससँग जोडेर हेर्न मिल्दैन भन्नेरहेको छ। गत चारगतेको सचिवालय बैठक र त्यसपछिभने भावी नेतृत्वबारे छलफल भएको छैन। ऐतिहासिक असफलता र निर्वाचनमा सर्मनाक हारको जिम्मेवारीलिँदै मुख्य नेताको हैसियतले निकाश दिने अलग कुरा हो। तर महाधिवेशनबाट चुनिएको नेतृत्वलाई बीचैमा हटाउने प्रयास भयोभने त्यसले राम्रो परिणति दिँदैन। एमालेभित्र चुनौती बेहोरिरहेको भनिएका अध्यक्ष ओलीले नै विगतमा भण्डारीको पार्टीमा पुनरागमन रोकेको भन्ने गरिन्थ्यो। तर अहिलेभने उहाँ आफै पूर्वराष्ट्रपतिको पुनरागमनको निम्ति तयार हुनु आफैमा चर्चालायक बिषय भएको छ। कतिपयले ओलीले आफूमाथिको सम्भावित संकट टार्न बिद्या भण्डारीसँगै पुष्पकमल दाहालसँगको सहकार्यको मुद्दा पनि अघिसार्न सक्ने आंकलन गर्नेगरेको पाइएको छ। गत केही साताअघि अस्पताल भर्ना हुनुभएका अध्यक्ष ओलीसँग नेपाली कम्युनिष्ट पार्टीका संयोजक दाहालले भेट गरेको र त्यसै बेला सहकार्यको सन्दर्भ पनि चलेको समाचार आएको थियो।

पूर्वराष्ट्रपति भण्डारीले पनि ओलीलाई सोही अवस्थामा भेट्नुभएको थियो। अस्पतालबाट डिस्चार्ज भएपछि भण्डारी र ओलीको भेटवार्ता भएको बताइएको थियो। दाहालमाथि पनि नेतृत्व छाड्न दबाव बढ्दो छ। उहाँले माधव नेपालको दलसँग एकीकरण गरेर उसबेला त्यो नेतृत्व छाड्ने सम्भावना पन्छाउनुभएको थियो। पछिल्ला दिनमा दाहालले वामपन्थी एकता अनिवार्य भइसकेको अभिव्यक्ति दोहोर्‍याउँदै आउनुभएको छ। तर कतिपयले त्यसलाई नेतृत्व परिवर्तनको दबाव छल्ने दाउभनेर टिप्पणी पनि गरेका छन्। पछिल्ला दिनमा पार्टी र जनताबाट अलग,थलग परेकाहरु फेरि एकताका नाममा कार्यकर्ता र जनतालाई भ्रमितगर्न खोजिरहेका छन्भन्ने पनि कतिपयको आरोप रहने गरेको छ। कतिपयले त वास्तविक समाधान भनेको असफल नेतृत्वले आत्मालोचना र प्रायश्चितको भावसहित राजीनामागर्नु तथा सबै पार्टीभित्रका सापेक्षिक क्रान्तिकारी शक्तिहरुले बृहत् वाम ध्रुवीकरण र सिद्धान्तनिष्ठ पार्टी एकताका लागि अघिबढ्नु हो पनि भनेका छन्। कतिपयले माथिका नेताहरुको टाउको मिलाएर गरिने एकता विगतमा विफल भइसकेको र आफ्नो गल्ती कमजोरी लुकाउन त्यसको आड लिनसक्ने अवस्था अब नरहेको पनि बताउने गरेका छन्। समग्रमा हेर्दा एमालेमा खासै बैचारिक बिवाद नरहेको देखिएको छ। पार्टीको नेतृत्व शैली, निर्णय प्रक्रिया, संगठन सञ्चालन र राजनीतिक कार्यदिशा लाई लिएर असन्तुष्ट कतिपय नेताले विशेष महाधिवेशनको मागगर्दै देशव्यापीरुपमा हस्ताक्षर अभियान थालेपछि एमालेभित्र नयाँ राजनीतिक तरंग सिर्जना भएको चर्चा गरिएको थियोभने कतिपयले हस्ताक्षर अभियानको नेतृत्व युवाले लिएको पनि बताएका थिए। गत फागुन २१ को निर्वाचनमा भएको पराजयको कारण पार्टी नेतृत्व होभन्ने भाष्य निर्माण गर्न/गराउन पनि केहीले प्रयास नगरेका होइनन्।

कतिपयले गत आमनिर्वाचनमा पार्टी पराजयको जिम्मा पार्टी अध्यक्ष ओलीलाईमात्र दिनुनहुने कुरा पनि उठाएका छन्। पार्टीको तल्लो तहदेखिको संरचना ध्वस्त हुनुमा पार्टी अध्यक्षमात्रै दोषी होइन, केन्द्र, प्रदेश, जिल्ला र जनसंगठनका गुटलाई अघिबढाउने नेता पनि दोषी हुन्भन्ने आवाज पनि उठेको छ। उनीहरुले एमालेभित्रको रुपान्तरण तलदेखि माथिसम्म र माथिदेखि तलसम्म निरन्तर आवश्यक देखिएको बताउने गरेका छन्। विशेष महाधिवेशनको विषयमा संस्थापन पक्षले पार्टी विधान, अनुशासन र संगठनात्मक मर्यादा विपरीत कार्य नगर्न तल्लो कमिटीलाई अनुरोध गरेको छ तर त्यसलाई खुला चुनौतीदिँदै सातै प्रदेशमा विशेष महाधिवेशन पक्षधर युवाले सम्पर्कव्यक्ति तोकिसकेको प्रचार पनि गरिएको छ। राष्ट्रिय महाधिवेशन प्रतिनिधि परिषद् सदस्यको हस्ताक्षर अभियानलाई प्रभावकारी बनाउन र तल्ला कमिटी सम्म लैजान सम्पर्कव्यक्ति तोकेको कतिपयको भनाई छ। एमालेको कार्यवाहक अध्यक्षको हैसियतमा रहनुभएका उपाध्यक्ष रामबहादुर थापालेभने पार्टीलाई एकताबद्ध बनाएर लान तत्काल नेतृत्व परिवर्तनको कुरा उठाउनु नहुने बताउनुभएको देखिएको छ। एमालेभित्र आन्तरिक लोकतन्त्र र संगठनात्मक अनुशासनबीचको बहस फेरी चर्किएको **बाँकी ७ पेजमा**

# रास्वपाका नेताहरुमा असन्तुष्टि बढेको खुलाशा

काठमाडौं। सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टीका नेताहरुका बीचमा आपसी मनामालिन्य र द्वन्द बढेर गएको देखिएको छ। यसैक्रममा सो पार्टीका नयाँ नेता तथा सांसद डा. अमरेशकुमार सिंहले नेपाल पाकिस्तानी मोडलको प्रजातन्त्रतर्फ जानलागेको खुलाशा पनि गर्नुभएको छ। उहाँले रास्वपाको वर्तमान सरकारको कार्यशैलीप्रति आपत्ति जनाउँदै नेपाल पाकिस्तानी मोडलको प्रजातन्त्रतर्फ उन्मुखभएको टिप्पणी गर्नुभएको छ। हिमालयन टेलिभिजनमा गतसाता बुधबार प्रसारित एक अन्तर्वार्ताकाक्रममा सांसद सिंहले उपरोक्त खुलाशा गर्नुभएको थियो। उहाँले संसदलाई छलेर अघिबढ्ने र विधिको शासनलाई बेवास्तागर्ने प्रवृत्तिका कारण नेपालको बिद्यमान लोकतन्त्र जोखिममा परेको दाबी पनि गर्नुभएको थियो। उहाँले नेपालमा पुलिसस्टेट हाबी हुनखोजेकोभन्दै पाकिस्तानमाजस्तै संसदलाई कमजोर बनाउने खेल भइरहेको पनि बताउनु भएको थियो। उहाँले पछिल्लो समय व्यवसायीहरुलाई कानूनी प्रक्रिया र पर्याप्त आधारबिना पक्राउगर्ने र भोलिपल्टै छोड्ने परिपाटीले अर्थतन्त्रमा नकारात्मक असर परेको पनि बताउनुभएको थियो। सांसद सिंहले जसरी विधिको शासन मिचेर व्यापारीहरुलाई थुन्ने काम भइरहेको छ, यसले लगानीकर्तामा डर पैदागरेको छ। यही कारण नेपालको अर्बौं रुपैयाँ विदेश पलायन भइसकेको छ भन्नुभएको थियो।


नेपालको राजनीतिक इतिहासमा दुईतिहाइ र बहुमतका सरकारहरु पनि सफल नभएको उदाहरणदिँदै उहाँले वर्तमान सरकार पनि पूर्ण कार्यकाल टिक्नेमा आशंका व्यक्त गर्नुभएको थियो। सत्ताको उन्मादलेगर्दा संविधान र परम्पराको उल्लंघन भइरहेको उहाँको भनाइ थियो। छिमेकी मुलुकहरुसँगको सम्बन्धको चर्चागर्दै सांसद सिंहले केपी ओलीको पालामाभन्दा अहिले भारत र चीनसँगको भूराजनीतिक सन्तुलन खलबलिएको दाबी पनि गर्नुभएको थियो। उहाँले सुकुमवासी बस्ती हटाउने सरकारको कार्यशैलीको विरोधगर्दै उचित विकल्पबिना संरचना भत्काउनु गलत भएको बताउनुभएको थियो। उहाँले वर्तमान राजनीतिक अन्योल र संवैधानिक संकटका कारण आगामी स्थानीय तहको निर्वाचनसम्म यही संविधान रहला कि नरहलाभन्नेमा समेत आशंका व्यक्त गर्नुभएको थियो। गत सातगते संसदमा देखिएको अवस्थाले त रास्वपा भित्र ठूलै खल्बली शुरुभएको राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। पछिल्लो समयमा रास्वपाका नेताहरु बिभिन्न सहकारी ठगी काण्डमा पनि देखिन थालेका छन्भने सुकुम्बासी बस्तीमा पनि उनीहरुको समेत संलग्नता देखिन थालेको छ। राजनीतिक रुपमा एक नभएको कुनैपनि पार्टीको टिकाउ नहुने राजनीतिक क्षेत्रमा चर्चाको बिषय भएको छ। सो पार्टीले गत फागुन २१ को निर्वाचनपछि दुई पटक प्रशिक्षण कार्यक्रम सञ्चालन गरे पनि नेताहरुका बीचमा बैचारिक एकता कायम हुन नसकेको जानकारहरुको भनाई छ।

# अन्तराष्ट्रिय

## रुसी राष्ट्रपति पुटिनको चीन भ्रमण र विश्व राजनीतिमा पर्ने असर

कर्तव्य

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले गतसाता गर्नुभएको चीन भ्रमण र विश्व राजनीतिमा त्यसले पर्ने असरका बारेमा बहसहरु शुरुभएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको चीन भ्रमण सकिएको केही दिनमै चिनियाँ राष्ट्रपति सी जिनपिङ र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले बेइजिङमा भेटवार्तागर्दै चीन-रुस सम्बन्धलाई अडिग र रणनीतिक रुपमा बलियो भएको बताउनु आफैमा बुझ्न सकिने बिषय भएको छ। विश्व राजनीति तीव्र ध्रुवीकरणतर्फ गइरहेका बेला दुई नेताले आफ्नो साझेदारीलाई अझ गहिरो बनाउने संकेत दिनुभएको छ। दुवै पक्षका अधिकारीहरुले सी-पुटिन बैठककाक्रममा हुने छलफलको खास विषयहरु घोषणा गरेका थिएनन्। तर केही मुख्य मुद्दाहरुमा छलफल भएको आंकलन गरिएको छ। बिबिसी नेपाली सेवाकाअनुसार रुसमाथि पश्चिमा देशले केही वर्षदेखि लगाएको प्रतिबन्धबीच पनि दुई देशबीचको व्यापारिक सम्बन्ध थप प्रगाढ बनेको छ। द्विपक्षीय व्यापारको एक प्रमुख क्षेत्र रुसको तेल र ग्याससहित व्यापक ऊर्जा आपूर्ति हो। द पावर अफ साइबेरिया



२ पाइपलाइन, जुन अन्ततः वर्षौंदेखिको ठप्प वार्तापछि निर्माण हुन सक्छ र त्यसबाट वार्षिक ५० अर्ब घनमिटर रुसी चीनमा आपूर्ति हुने छ। त्यसले विशेषगरी स्ट्रेट अफ होर्मुजको संकटबीच चीनको ऊर्जा सुरक्षामा टेवा पुर्‍याउने छ। अहिले पनि चलिरहेको युक्रेन युद्धको बारेमा पनि छलफल भएको हुनसक्छ। रुसले युक्रेनमा आफ्नो सैन्य अभियान जारीराख्न दोहोरो प्रयोग हुने र ड्रोनसम्बन्धी वस्तुको निम्ति चिनियाँ निर्यातमा निर्भर रहेको बताइएको छ। चीनले वार्ताको माध्यमबाट द्वन्दको शान्तिपूर्ण समाधानको आह्वानगर्दै आधिकारिक रुपमा युद्धमा तटस्थताको नीति लिएको छ। तर उसले रुसविरुद्ध पश्चिमा देशले लगाएको प्रतिबन्धको आलोचनागर्नुका साथै ती प्रतिबन्धहरु गैरकानूनी र अनुचित भएको दाबी गरेको छ। गत साता चीन भ्रमणमा पुग्नुभएका अमेरिकी ट्रम्पलाई पनि बेइजिङले भव्य स्वागत गरेको थियो। तर हर्मुज जलमार्ग पुनः सञ्चालनमा सहयोग गर्ने विषयदेखि अन्य महत्वपूर्ण आर्थिक तथा सुरक्षा मुद्धामा ठोस उपलब्धि ननिस्किएपछि त्यस भ्रमणलाई मिश्रित परिणामकारुपमा हेरिएको थियो। त्यस लगत्तै भएको पुटिनको चीन भ्रमणलाईभने दुवै देशबीच व्यावहारिक सहकार्य विस्तारगर्ने प्रयासका रुपमा विश्लेषण गरिएको छ। विशेषगरी युक्रेन युद्धका कारण पश्चिमी प्रतिबन्धको चापमा परेको रुस अहिले ऊर्जा निर्यातका लागि चीनमाथि अझ बढी निर्भर बन्दैगएको छ। पश्चिमी देशहरुले लगाएको प्रतिबन्धले रुसको ऊर्जा आम्दानीमा असर पारेपछि मस्कोले बेइजिङसँगको सम्बन्धलाई आफ्नो आर्थिक र रणनीतिक सुरक्षा दुवैका लागि महत्वपूर्ण ठानेको देखिन्छ। यसैबीच इरानविरुद्ध जारी अमेरिका-इजरायल युद्धका कारण मध्यपूर्वबाट तेल र ग्यास आपूर्तिमा अवरोध उत्पन्न भएपछि रुसले आफूलाई वैकल्पिक ऊर्जा आपूर्तिकर्ताका रुपमा प्रस्तुतगर्ने अवसर खोजिरहेको छ। विश्लेषकहरुकाअनुसार पुटिनले यस भ्रमणका क्रममा मंगोलियामार्फत चीनसम्म ल्याइने प्रस्तावित पावर अफ साइबेरिया-२ प्राकृतिक ग्यास पाइपलाइन परियोजनालाई अघिबढाउन दबाब दिनसक्ने सम्भावना छ। यो परियोजनालाई मध्यपूर्वबाट समुद्री मार्गहुँदै आउने ऊर्जाको स्थलीय विकल्पका रुपमा हेरिएको छ। बेइजिङस्थित ग्रेट हल अफ द पिपुलमा भएको वार्ताको उद्घाटन सत्रमा दुवै नेताले मैत्रीपूर्ण सहयोगसम्बन्धी सन्धि विस्तारगर्ने घोषणागर्दै दुई देशबीचको सम्बन्धलाई विशेष महत्व दिएको देखिएको थियो। चिनियाँ सरकारी सञ्चारमाध्यमकाअनुसार सीले पुटिनसँग राजनीतिक आपसी विश्वास र रणनीतिक समन्वयलाई निरन्तर गहिरो बनाइएको बताएका थिए। उता रुसी सञ्चारमाध्यमले सार्वजनिक गरेको दृश्यअनुसार पुटिनले पनि प्रतिकूल बाह्य परिस्थितिहरुका बाबजुद चीन-रुस सम्बन्ध अभूतपूर्व उच्चस्तरमा पुगेको उल्लेख गर्नुभएको थियो। उहाँले कुनै देशको नाम नलिए पनि यो टिप्पणी अमेरिकातर्फ संकेत गरिएकारुपमा हेरिएको छ। सीले वार्ताकाक्रममा एकपक्षीय र प्रभुत्ववादी प्रवृत्ति अनियन्त्रितरुपमा फैलिरहेको चेतावनीदिँदै अप्रत्यक्षरुपमा अमेरिकाको आलोचना गर्नुभएको थियो। पछिल्ला महिनाहरुमा ट्रम्प नेतृत्वको अमेरिकाको अनिश्चित नीतिका कारण धेरै मुलुक चीनसँग नजिकिन थालेको विश्लेषण भइरहेका बेला बेइजिङले विश्व नेताहरुको श्रृंखलाबद्ध स्वागतलाई तीव्रता दिएको छ। सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण शुरुगरेपछि चीन-रुस सम्बन्ध अझ निकट बनेको छ। पश्चिमी देशहरुसँगको दूरी बढेसँगै पुटिनले हरेकवर्ष चीन भ्रमणगर्दै आएका छन्। यही सन्दर्भमा वाशिंटनस्थित ब्रुकिङ्स संस्थाकी विश्लेषक प्याट्रिसिया किमले सी-पुटिन सम्बन्धलाई 'प्रदर्शनात्मक आश्वासनको आवश्यकता नपर्ने सम्बन्धको रुपमा व्याख्या गरेका छन्। उहाँकाअनुसार ट्रम्पको भ्रमणभन्दा पुटिनको भ्रमण कम आकर्षक देखिए पनि त्यसको रणनीतिक महत्व बढी छ। सीले सन् २०२५ को सेप्टेम्बरमा पुटिनलाई पुरानो मित्रभन्दै आत्मीय स्वागत गर्नुभएको थियो। विश्लेषकहरुकाअनुसार चीन र रुस दुवैले आफ्नो सम्बन्धलाई चीन-अमेरिका सम्बन्धभन्दा संरचनात्मकरुपमा स्थिर र बलियो **बाँकी ७ पेजमा**

# नेपालमा सर्वपक्षीय गोलमेच सम्मेलनको आवश्यकता

खेम परिश्रमी

नेपालमा राजनीतिक संकट दिन प्रतिदिन बढ्दो छ । गत फागुन २१ गतेको निर्वाचनबाट झण्डै दुई तिहाइ मत हाँसिल गरेको रास्वपाले पनि देशलाई सम्हालेर अगाडि बढाउन नसक्ने संकेतहरु देखिएका छन् । देशका कार्यकारी प्रमुख प्रधानमन्त्रि संसदको बैठकमा आउन नचाहाने घटनालेगर्दा विपक्षी दलहरु एकजुट भएका छन्भने प्रतिनिधिसभाको बैठक एकाएक गत सातगतेबाट आगामी १२ गतेसम्मका लागि स्थगित भएको छ । यसबीचमा राष्ट्रिय सहमति कायम गराउनका लागि सरकारले के योजना बनाउछ छ ? भन्ने खुलेको छैन । तर राजनीतिक क्षेत्रमा सर्वदलीय र सर्व पक्षिय भेलाद्वारा मात्र नेपालको राजनीतिक गतिरोधको अन्त्य हुनसक्ने चर्चा शुरु भएको छ । नेपालका प्रायः दलहरुमा बिचार पक्ष कमजोरहुँदै गएकाले उनीहरुले गर्ने गतिबिधि पनि त्रुटीपूर्ण हुँदैगएको देखिएको छ । एकातिर गत फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन भएर नयाँ दल रास्वपा बहुमतमा र नेकां र एमालेजस्ता पुराना दलहरु प्रतिपक्षमा पुगेका छन्भने अर्कातिर प्रतिपक्षी दलहरुमा वर्तमान सरकारका पछिल्ला गतिविधिलाई लिएर विभिन्न द्विविधाहरु बढेर गएको देखिएको छ । नेकां र एमालेले राष्ट्रपतिबाट गत भदौ २७ गते चालेको कदमलाई शुरुमै असंवैधानिक पनि भनेका थिएभने संसद पुनर्स्थापनाका लागि कानुनी उपचारको बाटो समेत अवलम्बन गरेका थिए । साथसाथै उनीहरुले गत फागुन २१ को निर्वाचनमा भाग समेत लिए । जसलेगर्दा उक्त भदौ २७ को कदम र संसद पुनर्स्थापनाका लागि चालिएको कदम औचित्यहीन हुन पुग्यो । गत भदौमा भएको सरकार परिवर्तनलाई लिएर बिघटित संसदमा रहेका दलहरुकाबीचमा मत बिभाजन पनि देखिएको थियो । कतिपय संसदवादी नेताहरुले त अब दलमाथि प्रतिबन्ध लाग्नसक्ने र केही नेताहरु पकाउ पर्नसक्ने प्रचारसमेत गरेका थिए । निर्वाचन शुरुहुनुभन्दा झण्डै चार महिना अघिनै सेना परिचालनको निर्णय गरिएकाले कतै संकटकालको अवस्था आउने त होइन ? भन्ने आशंकाहरु पनि ब्यक्त भएका थिए । क्रान्तिकारी कम्युनिष्ट पार्टीलगायतले आगामी गत फागुन २१ को निर्वाचनको औचित्यमाथि प्रश्न उठाएका कारण तत्कालिन चुनावी सरकारकासाथै संसदवादी दलहरु पनि झस्किएको अवस्था थियो । किनकी सो पार्टीले दोश्रो संविधानसभाको निर्वाचन र त्यसयताका कुनैपनि संसदीय निर्वाचनहरुमा भाग लिएको छैन । गत भदौमा भएको विध्वंशलगत्तै भएको नेपाली सेनाको पृतनापतिहरुको सम्मेलनमा देशको सुरक्षा र यहाँ भैरहेको विदेशी चलखेलकाबारेमा जेजस्ता प्रशंगहरु उठेका थिए, त्यसले पनि नेपालमा अझै आन्दोलन भड्किन सक्ने र नयाँ ढंगको परिवर्तन हुनसक्ने संभावना देखाएको थियो । नयाँ सरकार गठन भएपछि पनि सो संभावना टरेको छैन ।

गत भदौ २३ गते केही निश्चित उमेर समूहका ब्यक्तिहरु संगठित भएको नारा दिएर जसरी आन्दोलनको थालनी गरिएको थियो, खासमा त्यो विचारविहीन आन्दोलन थियो भन्ने कुरा पछिल्ला घटनाक्रमहरुले पनि स्पष्ट गरेका छन् । कुनैपनि राजनीतिक आन्दोलनलाई विचारले निर्देशन गरेनभने त्यो अराजक हुन्छभन्ने विश्वव्यापि मान्यतालाई त्यस घटनाले पनि पुष्टि गरेको छ । नभन्दै गत भदौ २३ गतेको आन्दोलन काठमाडौंको माइतिघरबाट शुरुहुँदा शान्तिपूर्ण रहेपनि करिब डेड किलोमिटर पर नयाँ बानेश्वर चोकमा पुग्दानपुग्दै अराजक भएको थियो । त्यतिबेला सुरक्षामा रहेकाहरुबाट पनि अन्धाधुन्ध कारवाही भयोभने आन्दोलनको पंक्तिले पनि होस गुमाएको देखिएको थियो । यो राष्ट्र सबैको साझा हो ।

राष्ट्रको सम्पतिमा सबैको समान हक छ । त्यसैगरी राष्ट्रको सम्पतिको संरक्षण पनि सबैले मिलेर गरेको हुनुपर्छ । गत भदौ २३ र २४ गते आन्दोलनको आवरणमा जुन ढंगले विध्वंश मच्चाउने काम गरिएको थियो, त्यसले नेपाल र नेपालीकै ठूलो बेइज्जती गरेको छ । त्यतिबेला विभिन्न सामाजिक सञ्जाल र अन्तराष्ट्रिय सञ्चार माध्यमहरुमा 'नेपालीहरु सत्ता प्राप्तिका लागि आफ्नै देशमा चौतर्फी आगो लगाउन पनि पछि पर्दैनन्' भन्ने खालका समाचार बिबरणहरु प्रकाशित र प्रशारित भएका थिए । केही ब्यक्तिहरुको उदण्डताले एकातिर खर्बौंको राष्ट्रिय सम्पति पनि नोक्सान भयोभने अर्कातिर नेपाल र नेपालीको विश्वव्यापि बदनाम हुने काम पनि भएको थियो । दुई दिनकै आन्दोलनका भरमा तत्कालीन सरकारका गृहमन्त्रि र प्रधानमन्त्रिले नैतिकताका आधारमा पदबाट राजीनामागर्नु स्वाभाविकै हो । तर संसदको बैठक चलिरहेको र संसदबाट अर्को सरकार गठन गर्न/गराउन सकिने अवस्था कायमै रहेका बेला राष्ट्रपतिद्वारा संसद बाहिरबाट प्रधानमन्त्रिको चयनगर्ने र त्यसरी चयन भएका प्रधानमन्त्रिको एकल सिफासिका आधारमा संसद बिघटन गरेर नयाँ निर्वाचनको घोषणागर्ने जुन काम भयो, त्यसले नै देश निरंकुशतातार्फ जान लागेको संकेत गरेको थियो । हाल आएर सो संकेतले केही बल पाउँदै गएको देखिएको छ । त्यसअघि ०७८ मा संसद पुनर्स्थापना गरिँदा सर्वोच्च अदालतले संसदबाट अर्को सरकार बन्ने संभावना रहेसम्म मध्यावधी निर्वाचनमा जान नमिल्ने फैसला गरेको थियो । जुन नजिर कायमै रहेको छ । कुनै ब्यक्ति वा पार्टीले अदालतको नजिर बिरुद्ध संकेतमात्र गरेको भएपनि यसअघि कारवाही गरिएका अनेक उदाहारणहरु रहेका छन् । तर गत भदौ २७ मा दिनदहाडै अदालतको मानहानीहुँदा पनि कुनै कारवाही त के आवाजसमेत उठाइएन । जसले कानूनी राज्यको नराम्ररी खिल्लिउडाउने काम गरेको थियो । त्यस घटनापछि नेपाल कानूनी राज्यको अवधारणाबाट च्युतभएकाले अब अन्य कुराहरुमा पनि देशको संविधान र ऐन कानूनको खिलाफमा काम कारवाहीहरु हुने संभावना प्रबल बन्दैगएको छ । जहाँ पनि आन्दोलनहरु हुनसक्छन् ।

सबैलाई चाहिएको सत्ता र शक्ति हो । तर त्यसको प्राप्ति कुनै खास आधारमा भएको हुनुपर्दछ । नेपालमा हाल जुन सरकार छ, त्यो पनि ०७२ को संविधानकै आधारमा विद्यमान संसदीय बहुदलीय ब्यवस्था अन्तर्गत निर्वाचनबाट बनाइएको हो । जसले संवैधानिक र कानूनी आधारमा काम गरेको हुनुपर्दछ । गत भदौमा त्यसरी संसद बाहिरबाट सरकार बनाएर मन्त्रिपरिषदसमेत विधिवत गठन नहुँदै मनोनित प्रधानमन्त्रिको एकल सिफारिसका आधारमा निर्वाचित संसद भंगगरेर नयाँ निर्वाचनको घोषणा गरिएका कारण अब फेरी पनि त्यस्ता घटना दोहोरिने संकेतहरु देखिन थालेका छन् । त्यसैगरी गत भदौको घटनाले ०७२ को संविधान ब्यवहारिकरुपमा कागजको खोस्टोमा परिणत भएको छ । जो जसले आफूलाई ०७२ को संविधानको जनक भन्नेगरेका थिए, उनीहरुलेनै सबैभन्दा पहिले पछिल्लो परिवर्तनको स्वागत गरेको देखिएको थियो । अझ कतिपय सार्वजनिक कार्यक्रममा त त्यस्ता नेताहरुले आफ्नै सल्लाहअनुसार संसद बाहिरबाट प्रधानमन्त्रि बनाउने र संसद बिघटनको निर्णय भएको दाबिसमेत गरेका थिए । तिनै नेताले कतिपय कार्यक्रममा नेपालमा दलमाथि प्रतिबन्ध लाग्नसक्ने र केही नेताहरु पकाउपर्न सक्ने भनेकाले बिभिन्न शक्तिकेन्द्रहरुको भित्री योजना केसम्म रहेछ भन्ने खुलेको थियो । हाल उनीहरु समेत राष्ट्रिय राजनीतिबाट किनारा लागेको अवस्था छ । हुन त ०७२ को संविधानलाई यसअघिनै क्रान्तिकारी कम्युनिष्ट पार्टीले देशमा बिद्यमान सबै समस्याहरुको जड भएको ठहर गरेको थियो ।

०७२ को संविधान निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गरेकाहरुले नै संविधान घोषणा भएलगत्तै संविधान अधुरो र अपुरो रहेको बताएका थिए । झण्डै साँढे आठ वर्षको समय र ३० अर्बभन्दा बढी रकम खर्च गरेर बनाइएको संविधान त्यस्तो त्रुटीपूर्ण हुनु आफैमा शोचनीय बिषय थियो । नभन्दै ०७२ को संविधान घोषणा भएको चार महिनामै पहिलो संशोधन गरिएको थियो । पहिलो संशोधनमा परेका कुराहरुसमेत हालसम्म कार्यान्वयन हुनसकिरहेका छैनन् । दोश्रो संशोधन गरेर चुच्चे नक्सा सार्वजनिक गरिएको थियो । सो नक्शाभित्र परेको लिपुलेक र लिम्पियाधुरा लगायतको भूभागमा नेपालले हालसम्म आफ्नो सामान्य उपस्थितिसमेत जनाउन सकेको छैन । अर्कातिर छिमेकी भारतले उक्त नक्शाको निरन्तर बिरोध गर्दैआएको छभने अर्को छिमेकी मुलुक चीनले सो नक्शाबारे आफूहरुलाई औपचारिकरुपमा जानकारी नै नदिइएको भनेको छ । संयुक्त राष्ट्रसंघ र विश्वका अन्य मुलुकलाई औपचारिक जानकारी दिने प्रयाससम्म पनि गरिएको छैन । जुन संविधान घोषणा भएको १० वर्षसम्म पनि पूर्णत कार्यान्वयन हुन सक्दैनभने त्यो असफल भएको ताजा उदाहारण हो । ०७२ को संविधान अमेरिका लगायतका पश्चिमा राष्ट्रबाट प्रभावित रहेको कुरा त्यतिबेलै टिकाटिप्पणीको बिषय भएको थियो । आफूलाई ०७२ को संविधानको मुख्य प्रस्तावक बताउनेहरुले **बाँकी ७ पेजमा**

# राष्ट्रिय सम्पतिको संरक्षणमा देखिएको उदासिनता

प्रेमचन्द्र झा

नेपालमा पछिल्ला दिनहरुमा जनताको करबाट बनेको संरचना ब्यक्तिगत लाभमा प्रयोग हुन थालेका छन् । रौतहटको समनपुरस्थित बागमती पुल, मधेश प्रदेश सरकार, गढीमाई नगरपालिका र अवैध बालुवा-गिट्टी उत्खननको विषय अहिले स्थानीय जनताको ठूलो चिन्ताको कारण बनेको छ । जनताको करबाट बनेको सार्वजनिक संरचना ब्यक्तिगत फाइदा, राजनीतिक पहुँच र प्रशासनिक मौनताको कारण जोखिममा परेको आरोप दिनप्रतिदिन गम्भीर बन्दैगएको छ । विशेषगरी मधेश प्रदेशका मुख्यमन्त्रीकै गृह क्षेत्रमै यस्तो गतिविधि खुलेआम भइरहेकोभन्दै स्थानीयवासी, समाजसेवी, पत्रकार तथा विभिन्न राजनीतिक दलका नेताहरुले प्रश्न उठाइरहेका छन् कि देशमा कानूनी शासन साँच्चै छकि छैन ? बागमती नदी क्षेत्रबाट भइरहेको अत्यधिक बालुवा तथा गिट्टी उत्खनन, मापदण्डविपरीत भण्डारण, अत्यधिक भार बोकेका टिपरहरुको आवागमन र पुलको क्षमताभन्दा धेरै लोड बोकाएर सञ्चालन गरिनु केवल वातावरणीय वा प्रशासनिक समस्या मात्र होइन, यो प्रत्यक्षरुपमा जनसुरक्षा, राज्य सम्पत्ति र कानूनी शासनमाथिको चुनौती पनि हो । समनपुरस्थित बागमती पुल कुनै निजी कम्पनी वा ब्यक्तिको सम्पत्ति होइन । यो रौतहट र सर्लाहीका हजारौं नागरिकको दैनिक जीवनसँग जोडिएको सार्वजनिक पूर्वाधार हो । तर आज यही पुल राजनीतिक संरक्षण र अवैध उत्खननको चपेटामा परेको देखिन्छ । स्थानीयहरुका अनुसार विगत तीन,चार महिनादेखि नदीजन्य पदार्थको उत्खनन तीव्ररुपमा भइरहेको छ । नदीको बहावमै डोजर प्रयोगगरेर बालुवा र गिट्टी निकाल्ने, नदी किनारमै पहाडजस्तो भण्डारणगर्ने र रातदिन टिपर चलाउने काम भइरहेको देखिन्छ ।

अझ गम्भीर कुरा के छभने, ती टिपरहरुले पुलको भार क्षमता नै चुनौती दिनेगरी अत्यधिक लोड बोकेर आवतजावत गरिरहेका छन् । यस्तो अवस्थामा पुलमा चिरापर्ने, संरचना कमजोर हुने र कुनैदिन ठूलो दुर्घटना हुने सम्भावना बढेको छ । जनताको सबैभन्दा ठूलो प्रश्न यही हो कि यदि पुल भत्कियोभने यसको जिम्मेवारी कसले लिने ? राज्यको करोडौं लगानीमा बनेको पुल क्षतिग्रस्त भयोभने त्यसको उत्तरदायित्व कसको हुन्छ ? राजनीतिक नेतृत्वको कि प्रशासनको ? कि ठेकेदारको ? कि सबै मिलेर मौन बस्ने ? मुख्यमन्त्रीमाथि उठेको अर्को गम्भीर आरोप भनेको यो सम्पूर्ण धन्दा उनको संरक्षणमा भइरहेको भन्ने हो । स्थानीयस्तरमा यस्तो चर्चा छकि कम मूल्यांकन गरेर ठेक्का दिइएको, राजस्व प्रक्रिया गोप्य राखिएको र नजिकका ब्यक्तिहरुलाई फाइदा हुनेगरी सम्पूर्ण संयन्त्र चलाइएको छ । गढीमाई नगरपालिकाका प्रमुख श्याम यादव र मुख्यमन्त्रीबीचको राजनीतिक समीकरणका कारण ठेकेदारलाई सहज वातावरण मिलिरहेको आरोप पनि लगाइँदै आएको छ । यदि यी आरोपहरु गलत हुन्भने राज्यका जिम्मेवार निकायले पारदर्शी ढंगले तथ्य सार्वजनिक गर्नुपर्छ ।

तर यदि आरोपमा सत्यता छभने त्यो केवल भ्रष्टाचारको विषयमात्र होइन, सार्वजनिक सम्पत्तिमाथिको संगठित आक्रमण हो । लोकतन्त्रमा जनताले निर्वाचित गरेको नेतृत्वबाट अपेक्षा गरिने कुरा जनताको सुरक्षा, विकास र कानूनी शासन हो । तर जब त्यही नेतृत्वको नाममा अवैध उत्खनन, टिपर आतंक र पुल जोखिममा परेको खबर आउँछ, तब जनतामा निराशा र आक्रोश स्वाभाविकरुपमा बढ्छ । रौतहटका प्रमुख जिल्ला अधिकारी समक्ष स्थानीय समाजसेवी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा नागरिकहरुले गुनासो गरेपछि अनुगमन भएको बताइएको छ । अनुगमनमा मापदण्डविपरीत उत्खनन र भण्डारण भएको प्रमाणसहितको प्रतिवेदन तयार भएको खबर बाहिर आएको छ । यदि प्रशासनले साँच्चै प्रतिवेदन तयार गरेको होभने त्यसलाई सार्वजनिक गरिनुपर्छ । दोषीमाथि कारवाही हुनुपर्छ। अन्यथा अनुगमन केवल देखावटी प्रक्रियामात्र ठहरिनेछ । नेपालमा धेरैपटक देखिएको समस्या यही हो कि अनुगमन हुन्छ, प्रतिवेदन बन्छ, समाचार आउँछ, तर प्रभावशाली ब्यक्तिहरुको नाम जोडिएपछि मुद्धा अघिबढ्दैन । यसले जनतामा कानून शक्तिशालीका लागि फरक र सर्वसाधारणका लागि फरक हुन्छभन्ने धारणा बलियो बनाउँछ ।

यही कारण अहिले रौतहटका नागरिकहरु प्रश्न गरिरहेका छन् कि यदि सामान्य नागरिकले एउटा ट्याक्टरले मापदण्डविपरीत बालुवा बोकेभने तुरुन्त कारवाही हुन्छ, तर सयौं टिपर दिनरात पुल थर्काउँदै गुड्दा किन प्रशासन मौन छ ? ट्राफिक प्रहरीले केही दिन पुलमा ड्युटी राखेर पानी झरेपछि मात्र टिपर सञ्चालनगर्न दिएको कुरा पनि बाहिर आएको छ । यसले समस्या अस्तित्वमा रहेको पुष्टि गर्छ । तर ट्राफिक प्रहरी स्वयंलाई पुलको वास्तविक भार क्षमता थाहा नभएकोजस्तो देखिनु झन चिन्ताजनक विषय हो । एउटा पुलले कति टनसम्म भार थेग्न सक्छभन्ने जानकारी बिना भारी सवारी साधन सञ्चालनगर्न दिनुभनेको सम्भावित दुर्घटनालाई निम्तो दिनु हो । बागमती नदी केवल **बाँकी ७ पेजमा**

## साहित्य र सिर्जना

# प्रगतिवादी साहित्यकार एमबि सिंहलाई वाङ्मय पुरस्कार प्रदान

काठमाडौं । नेपालमा चर्चित बामपन्थी राजनीतिज्ञ तथा प्रगतिशील साहित्यकार मोहनविक्रम सिंहलाई गोकुल वाङ्मय पुरस्कार-०८२ प्रदान गरिएको छ । गण्डकी साहित्य संगम पोखराले उहाँलाई हिजो सो पुरस्कार प्रदान गरेको हो । साहित्य संगमकाअनुसार समाजवादी यथार्थवाद र सामन्तवाद-साम्राज्यवाद विरोधी प्रगतिशील तथा देशभक्त साहित्यिक धारामा साधनागर्ने श्रष्टाद्रष्टालाई प्रेरणा, प्रोत्साहन एवं सम्मानगर्न ०५२ सालदेखि राष्ट्रिय तहमा ४० हजार रुपियाँको गोकुल वाङ्मय पुरस्कार र क्षेत्रीय तहमा २० हजार रुपियाँको गण्डकी वाङ्मय पुरस्कार



प्रदानगर्दै आएको छ । सो पुरस्कार प्रत्येक दुई वर्षमा एकपटक प्रदान गरिने गरिएको आयोजक संस्थाले जनाएको छ । ०८२ सालको गोकुल वाङ्मय पुरस्कारका लागि प्रतिभा छनौटगर्न संगमका कार्यसमिति सदस्य शोभाकान्त गौडेलको संयोजकत्वमा समिति गठन गरेको थियो । समितिमा संगमका सल्लाहकार डा. कृष्णराज अधिकारी र प्रगतिशील साहित्यकार डा. यदुनन्दन उपाध्यायसमेत तीनजना हुनुहुन्थ्यो । उक्त समितिले सर्वसम्मत सिफारिस गरेअनुरुप करिब छदशकदेखि प्रगतिवादी साहित्यका फाँटमा निरन्तर साहित्य साधनागर्दै आएका श्रष्टा एवं द्रष्टा मोहनविक्रम सिंहलाई गोकुल वाङमय पुरस्कार प्रदानगर्ने निर्णय गरेको थियो । उक्त पुरस्कार सन्तानब्बेऔं गोकुल जयन्तीको अवसर पारेर पोखरामा आयोजित विशेष समारोहमा हस्तान्तरण गरिएको हो । १९९२ साल वैशाख तीनगते काठमाडौंको मरुटोलमा जन्मनुभएका मोहनविक्रम सिंहका प्युठानको किसान समस्या र संघर्ष (राजनीतिक पुस्तक-०११), इन्क्लाव जिन्दावाद (कविता संग्रह-०१७), युग बोल्छ (गीतिनाटक-०३४), विश्व कम्युनिष्ट आन्दोलनको संक्षिप्त इतिहास (पुस्तक-०३८), गंगाकावेरी एक्सप्रेस (लामो कविता-०४०), झिमरुक नदी र चिबे चराको कथा (खण्डकाव्य-०४२), विचार, विवेचना र विश्लेषण (समालोचना-०४२), आदिविद्रोही (खण्डकाव्य-०४२), १२ मे (नाटक-०४६), महिला मुक्तिको महान गाथा (समालोचना-०४८), कामरेड जलजला (उपन्यास-०८१) लगायतका कृतिहरु प्रकाशित छन् ।

# अमेरिकामा नेपाली साहित्य सम्मेलन हुने

काठमाडौं । अमेरिकाको कोलोराडोमा नेपाली साहित्य सम्मेलन भएको छ । अन्तरराष्ट्रिय नेपाली साहित्य समाज (अनेसास) को आयोजना तथा अनेसास कोलोराडो च्याप्टरको संयोजनमा यही मे २२ देखि आज २४ तारिखसम्म नवौं अन्तराष्ट्रिय नेपाली साहित्य सम्मेलन आयोजना भैरहेको छ । सम्मेलनमा नेपालसहित विश्वका विभिन्न मुलुकबाट करिब १२५ जना साहित्यकार, लेखक तथा पत्रकारको सहभागिता रहेको जनाइएको छ । साथै कोलोराडो राज्यमा रहेका ५० भन्दा बढी श्रष्टा तथा साहित्यप्रेमीहरुको पनि सम्मेलनमा उपस्थिति रहेको अनेसासले जनाएको छ । अनेसासका महासचिव राजु सिटौलाले सम्मेलन सौहार्दपूर्णरुपमा भैरहेको बताउनुभएको छ । सम्मेलनमा ५३ हजार अमेरिकी डलर खर्च हुने अनुमान गरिएको छ । मे २२ मा सम्मेलनका सहभागीहरुलाई स्वागत तथा विशेष रात्रिभोज आयोजना गरिएको थियोभने सम्मेलनको औपचारिक उद्घाटन हिजो मे २३ मा भएको थियो । सम्मेलनको पहिलो दिन 'इतिहासमा आख्यान र आख्यानमा इतिहास' शीर्षकमा मदन पुरस्कार विजेता नीलम कार्की निहारिका, पत्रकार तथा लेखकद्वय सुधीर शर्मा र बसन्त बस्नेतबीच विशेष बहस कार्यक्रम सञ्चालन भयो । उक्त सत्रको सहजीकरण पत्रकार नारायण श्रेष्ठले गर्नुभएको थियो । हिजो मे २३ र आज २४ मा सञ्चालन हुने विभिन्न सत्रहरुमा ख्यातिप्राप्त साहित्यकार तथा लेखकहरुबीच साहित्यका विविध विधामा बहस, छलफल तथा अन्तरक्रिया आयोजना गरिएको छ । सम्मेलनका दुईदिन बिहान योग अभ्यास तथा साँझ काव्य उत्सवसमेत आयोजना गर्नेगरि कार्यक्रम तयगरिएको छ । सम्मेलनको अन्तिम दिन आज आइतबार विभिन्न सहयोगी व्यक्ति तथा संघ संस्थाहरुलाई सम्मान गरिने नवौं अन्तरराष्ट्रिय नेपाली साहित्य सम्मेलनका मिडिया संयोजक दीर्घराज उपाध्यायले बताउनुभएको छ । सम्मेलनका अवसरमा विभिन्न जातजाति तथा समुदायका सांस्कृतिक झाँकी, लोकसंस्कृति तथा सांगीतिक कार्यक्रमसमेत प्रस्तुत गरिदै छ । संयोजक उपाध्यायकाअनुसार सम्मेलनको अन्तिम दिन आज सहभागी अतिथिहरुलाई कोलोराडोका ऐतिहासिक तथा पर्यटकीय गन्तव्यहरुको भ्रमण गराउने कार्यक्रमसमेत तयगरिएको छ ।

# गौंथलीको पहिलो झलक सार्वजनिक

काठमाडौं । नेपाली चलचित्र गौंथलीको पहिलो झलक सार्वजनिक गरिएको छ । अभिनेता अरुण क्षेत्री र अभिनेत्री सिम्रन खड्काको मुख्य अभिनय रहेको नेपाली चलचित्र गौंथली चाँडै प्रदर्शनमा आउने भएको छ । डा कपिल रिजालले निर्देशन गर्नुभएको उक्त चलचित्रको पहिलो झलक सार्वजनिक गरिएको हो । ग्रामिण भेगको सामाजिक र प्रेम कथामा आधारित रहेर उक्त चलचित्र तयार गरिएको निर्देशक डा रिजालले जानकारी दिनुभएको छ । उहाँले गौंथली शिर्षककै बुवा (डा भोला रिजाल)ले ग्रामिण परिवेशलाई समेटेर चलचित्र निर्माण गर्नुभएको थियो । यसपटक मैले दर्शकको त्यो विश्वासलाई कायम गर्नेगरी काम गरेको छु । यो अनौठो र असामान्य देखिने जोडीको प्रेमकथा हो । यो हामीले नसोचेको एउटा कथा हो भन्नुभयो । डा रिजालले आफू चिकित्सक भएकाले पनि गौंथलीको कथा दर्शकसम्म पुग्न आवश्यक रहेको बताउनुभएको छ । अभिनेता अरुण **बाँकी ७ पेजमा**

# विश्वमा हन्टा भाइसरको जोखिम र नेपालको अवस्था

साझा मञ्च

डा.प्रकाश बुढाथोकी

नेदरल्याण्ड अर्थात् डच कम्पनीको एमभी होन्डियस नामक जहाज जुन अप्रिल १ मा अर्जेन्टिनाबाट बेलायत, अमेरिका, स्पेनलगायतका २८ विभिन्न देशका १५० भन्दा बढी यात्रु यात्रा गरिरहेका थिए। उक्त क्रुजशिपमा हन्टा भाइरसको एन्डिस स्ट्रेन फैलिएपछि दुई डच नागरिकसहित तीनजनाको मृत्यु, पाँच जना प्रयोगशाला प्रमाणित संक्रमित र जहाजमै भएका करिब १५० जतिको सुरक्षित अवतरणको चर्चा फैलियो। जहाजबाट बीचमा झरेका विश्वका विभिन्न कुनामा पुगिसकेका यात्रुको र उनीहरुको सम्पर्कमा आएकालाई कन्टयाक्ट ट्रेसिङ खोजी कार्य आज पनि जारी छ। यात्रुलाई स्वास्थ्य संस्थामा सम्पर्कमा आउन र क्वारेन्टिनमा बस्न विभिन्न सरकारले आह्वान गरिसकेका छन्। विश्व स्वास्थ्य संगठनले समेत जोखिमलाई कम तर सचेतनालाई गम्भीररुपमा स्टेज चारमा लिदै अन्तरराष्ट्रिय स्वास्थ्य नियमावलीअन्तर्गत निगरानी र नियन्त्रण प्रक्रिया सक्रिय बनाएको छ। विश्व स्वास्थ्य संगठनले आधिकारिकरुपमा बेलायत, अमेरिका, क्यानडा, जर्मनी, नेदरल्याण्ड, स्विट्जरल्याण्ड, सिंगापुर र टर्कीलगायत १२ देशलाई सर्तक गराएको छ। जहाजमा अप्रिल ६ देखि लक्षण देखिन थालेको र अप्रिल ११ मा पहिलोपटक एक जनाको मृत्यु भएको थियो। शुरुमा सामान्य श्वासप्रश्वाससम्बन्धी रोग ठानिएको ती व्यक्तिको मृत्युपछि संक्रमित भएको पुष्टिभएको थियो। जहाज सञ्चालक कम्पनी ओसनवाइड एक्सपिडिसनकाअनुसार गत अप्रिल २४ मा सेन्ट हेलेनामा ३० जना यात्रु ओर्लिएका थिए, जसमा डच दम्पती थिए। ती दम्पतीमध्ये श्रीमानको जहाजमै मृत्यु भएको थियोभने पछि श्रीमतीको पनि मृत्युभयो। जहाजबाट ओर्लिएपछि जोहोनेसवर्गमा एक संक्रमितको मृत्यु, स्विटजरल्याण्डमा अर्को पुष्टि भएपछिमात्र हान्टा भाइरस भएको पुष्टिभएको हो। जहाजमा नभएकी एक महिलामा समेत शंकास्पद लक्षणहरु देखिएको छ र उनको परीक्षण गरिएको छ। क्यानाडामा समेत ब्रिटिस कोलम्बियामा आइसोलेसनमा रहेका क्रुज यात्रुमा संक्रमण पुष्टि भएको छ र उनीसँग सम्पर्क आएकालाई आईसोलेसनमा राखिएको छ। हान्टा भाइरस ब्रुन्याभिरिडी परिवार अन्तर्गतपर्ने २० भन्दा बढी भाइरसहरुको समूह हो, जसको नामकरण दक्षिण कोरियाको हन्तान नदीको नामबाट गरिएको हो, जहाँ सन् १९७८ मा पहिलो पटक यो भाइरस पहिचान गरिएको थियो। अर्थोहान्टाभाइरस जेनस, हन्टाभिरिडी परिवार तथा बुन्याभाइरालेस अर्डरअन्तर्गत पर्ने हान्टा भाइरसका विश्वभर स्थानअनुसार २० भन्दा बढी स्पिसिज पहिचान भएका छन्। सामान्यतया संक्रमित मुसा तथा अन्य रोडेन्टहरुको पिसाब, दिसा वा र्‍यालबाट निस्किएका सूक्ष्म कण वा तिनीहरुले दूषित बनाएको वातावरणसँगको सम्पर्कमा आउँदा श्वासप्रश्वासमार्फत मानिसमा यो भाइरस सर्छ। यसपटक भने मानिसबाट मानिसमा सरेको पाइएकाले यो दुर्लभ तर चिन्ताजनक मानिएको छ।

लामो समयसम्म नजिकको सम्पर्क, एउटै बन्द कोठामा बसाई तथा संक्रमित व्यक्तिको शारीरिक तरलसँग सम्पर्क हुँदा जोखिम बढ्छ। धेरैजसो भेरियन्ट मानिसमा सजिलै सर्दैनन्। सर्ने भेरियन्ट पनि कोभिड-१९ जस्तै तीव्ररुपमा हावाबाट फैलिने प्रकृतिको होइन। सन् २०२३ मा युरोपियन क्षेत्रमा हान्टा भाइरस संक्रमणबाट एचएफआरएस भएका एकहजार ८८५ केस अर्थात् प्रतिएक लाखमा ०.४ केसमात्र रिपोर्ट भएका थिए। पूर्वी एशियाका चीन र कोरियामा हरेक वर्ष हजारौँ केस रिपोर्ट हुने गर्छन्। सन् २०२५ भर अमेरिकी महादेशका आठ देशमा २२९ हान्टा भाइरसका केस पुष्टि भएकामा ५९ जनाको मृत्यु भएको रिपोर्ट छ। अमेरिकामा हान्टा भाइरस संक्रमण दुर्लभ मानिन्छ र सन् १९९३ देखि २०२३ सम्म जम्मा ८९० केस पुष्टिभएका छन्। मानिसबाट मानिसमा संक्रमण भएको घटना दक्षिण अमेरिकामा मात्र देखिएको छ, जहाँ २०१८-२०१९ मा भएको प्रकोपमा ३४ जना संक्रमितहुँदा ११ जनाको मृत्यु भएको थियो।

**लक्षणहरु :** अन्य दीर्घरोग भएका व्यक्ति तथा ज्येष्ठ नागरिक यस संक्रमणका जोखिम समूहमा पर्छन्। उनीहरुमा सजिलै संक्रमण हुने, संक्रमण जटिल अवस्थामा पुग्ने तथा मृत्यु हुने सम्भावना बढी हुन्छ। वातावरणीय तथा इकोलोजिकल कारकहरुले रोडेन्टको संख्यामा असर पार्ने भएकाले संक्रमणको संख्या तथा प्रकोपमा समेत प्रभाव पर्छ। हान्टाको एन्डिस भाइरसको दुर्लभ तर प्राथमिक संक्रमण नजिक र लामो समयसम्मको मानिस-मानिस सम्पर्कबाट हुन सक्छ। दोस्रो संक्रमण स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीमा कम मात्रामा देखिन्छ, जुन संक्रमणको शुरुवाती अवस्थामा बढी संक्रामकहुँदा हुने सम्भावना रहन्छ। संक्रमण भएपछि लक्षण देखिन सामान्यतया दुईदेखि चारहप्ता लाग्छ। छिटोमा एकहप्ता र ढिलोमा आठ हप्तासम्म लाग्न सक्छ। यसले संक्रमण सार्ने जोखिम अवधि ४२ दिनसम्म हुने भएकाले थप जोखिम बढाएको छ। यसमा शुरुमा एकदेखि चार हप्तासम्म चिसो लाग्ने, ज्वरो आउने, टाउको तथा शरीर दुख्ने, चक्कर लाग्ने, अत्यधिक थकान महसुस हुने, पेट दुख्ने, वाकवाकी लाग्ने, बान्ता हुने, झाडापखाला तथा मांसपेशी दुख्ने लक्षण देखिन्छन्। पछि अचानक श्वासप्रश्वासमा समस्या देखिने, रक्तचापमा परिवर्तन हुने तथा संक्रमण बढ्दै जाँदा फोक्सोमा पानी भरिने, रक्तचाप घट्ने र सास फेर्न अत्यन्त गाह्रो हुने गर्छ।

हान्टा भाइरस संक्रमणले निम्त्याउने दुई प्रमुख गम्भीर समस्यामा हान्टा भाइरस पल्मोनरी सिन्ड्रोम (एचपीएस) र हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोम (एचएफआरएस) पर्दछन्। पल्मोनरी सिन्ड्रोममा भाइरसले सिधै फोक्सोमा असरगरी सास फेर्न गाह्रो हुने, खोकी लाग्ने, फोक्सोमा तरल पदार्थ जम्ने, रक्तचाप घट्ने, मुटुको धड्कन तीव्र हुने तथा श्वासप्रश्वासमा गम्भीर अवरोध पैदाभई बिरामीको मृत्यु हुनसक्छ। हेमोरेजिक फिभर विथ रिनल सिन्ड्रोममा मुख्यतया मिर्गौलामा असर पर्छ र मिर्गौला फेल हुन सक्छ। भेरियन्टअनुसार लक्षण तथा चिन्ह फरक पर्नसक्छ। हान्टा भाइरसका भेरियन्टमध्ये एन्डिस स्ट्रेन मात्र मानिसबाट मानिसमा सर्ने भेरियन्ट हो। यो चिली र अर्जेन्टिनामा समय,समयमा फैलिने गरेको छ।

निदानका उपायहरु : शंकास्पद अवस्थाः संक्रमण फैलिएको स्थानमा बसेको वा भ्रमण गरेको, शंकास्पद वा संक्रमित व्यक्तिसँग सम्पर्कमा रहेको तथा एएनडीभी संक्रमणका शंकास्पद लक्षण भएका व्यक्ति। सम्भावित अवस्थाः शंकास्पद अवस्थाका लक्षण तथा चिन्ह भएका, स्वास्थ्यकर्मीले परीक्षण गरेको, संक्रमित वा सम्भावित केससँग इपिडेमियोलोजिकल सम्बन्ध तथा सम्पर्कमा रहेको तर प्रयोगशाला परीक्षण नभएको व्यक्ति। पुष्टिभएको अवस्थाः आरटी-पिसिआर वा सेरोलोजी परीक्षणबाट एएनडिभी संक्रमण पुष्टि भएको व्यक्ति। समस्या नदेखिएको अवस्थाः शंकास्पद वा सम्भावित भए पनि आरटी-पिसीआर वा सेरोलोजी परीक्षणमा एएनडिभी नेगेटिभ आएको व्यक्ति अथवा सम्पर्कमा आएको समयदेखि अधिकतम् ओथारो अवधि पार गरिसकेको व्यक्ति।

**उपचार :** हान्टा भाइरस संक्रमणको कुनै विशेष उपचार, औषधि, खोप वा निश्चित एन्टिभाइरल उपचार उपलब्ध छैन। संक्रमितलाई लाक्षणिक तथा सहयोगात्मक उपचारमात्र गरिन्छ। अफवाह तथा सामाजिक सञ्जालका भ्रममापरी अनावश्यक आतंकित हुने वा गराउने कामगर्नु हुँदैन। सरकारले तोकेको आधिकारिक निकायबाट जारी सूचनामा मात्र विश्वास गर्नुपर्छ। रोडेन्टबाट सर्ने रोगहरु, स्क्रब टाइफसलगायतका रोगहरुको नियन्त्रणका लागि मुसा तथा सम्बन्धित रोगबारे थप खोज तथा अनुसन्धान आवश्यक छ। यसले भविष्यमा हुनसक्ने महामारी तथा रोगको जोखिम व्यवस्थापन गर्न सहयोग पुऱ्याउँछ। व्यक्तिगत तथा वातावरणीय सरसफाइ नै मुख्य बचावटका उपाय भएकाले मुसा नियन्त्रण, सरसफाइमा सतर्कता, खाद्य सुरक्षा तथा वातावरणीय सरसफाइमा ध्यान दिनुपर्छ। घर तथा वरपरको वातावरण सफाराख्ने, मुसा प्रवेशगर्ने सम्भावित स्थान बन्द गर्ने तथा मुसाको फोहोर सफागर्दा पिपिई, मास्क तथा पञ्जा प्रयोग गर्नुपर्छ। साबुनपानीले नियमित हात धुने, भीडभाडमा नजाने, शंकास्पद वा सम्भावित संक्रमितसँग भौतिक दूरी कायम गर्ने तथा मास्क प्रयोगगर्नु आवश्यक छ। रोकथामका लागि जनस्वास्थ्यका मापदण्ड पालना, जोखिम सञ्चार तथा समुदाय सहभागितालाई **बाँकी ७ पेजमा**

# बढ्दो आर्थिक मन्दी र बैंकहरुमा बचतकर्ताको सुरक्षाको चिन्ता

अनुसा थापा

नेपालको बंकिङ क्षेत्रमा पछिल्ला दिनमा बिभिन्न बिकृति र बिसंगतिहरु देखिन थालेका छन्। बैंक तथा वित्तिय संस्थालाई पैसा आए पुग्छ। विगत होस् या वर्तमान, बचतकर्ताले पैसा लिएर गएपछि बैंकले खुरुक्क लिन्छ। कहाँबाट ल्याएको ? भनि सोध्दैन। बचत राख्न नसोध्ने तथा निकाल्दाचाँहि प्रश्न गरेर हैरान पार्ने। पैसा केलाई निकाल्न लागेको ? कहाँ लैजाने ? के गर्ने ? भनेर सोधिन्छ। ५० हजार, एक लाखको चेक देख्नेबित्तिकै बैंकका कर्मचारीको प्रश्नको सिलसिला शुरु हुन्छ। केही वर्ष अगाडिसम्म एटीएमबाट एकैचोटि ५० हजार रुपैयाँसम्म निकाल्न मिल्थ्यो। त्यसपछि २५ हजार रुपैयाँ तोकियो।

अहिले झारेर २० हजार रुपैयाँ पुऱ्याइएको छ। केही समयपछि पाँच हजारमा झार्ने चर्चा शुरुभएको बताइन्छ। बैंकहरुले तीनदेखि चार प्रतिशत ब्याज दिन्छौं भनेर बचतकर्ताबाट पैसा उठाइरहेको छ। नेपाल राष्ट्र बैंकले हप्तैपिच्छे बैंकबाट तरलता तानिरहेको छ। सो रकमको राष्ट्र बैंकले दुई प्रतिशत ब्याज दिन्छ। बाँकी भएको ब्याज बैंकले कहाँबाट ल्याएर बचतकर्तालाई दिन्छ ? बैंकले थपेर बचतकर्तालाई ब्याज दिनुपर्ने अवस्था छ। बैंकलाई ब्याजमै घाटा लागिरहेको छ। कर्मचारीको तलब, कार्यालयको खर्च फेरि छुट्टै छ। राज्यलाई कर पनि तिर्नैपऱ्यो। बैंकहरुले जति ढाकछोप गरेपनि सत्यता जनताले देखिइसकेका छन्। बैंकहरु गम्भीर आर्थिक संकटमा छन्भन्ने कुरा जनताले बुझिसकेका छन्। बैंकहरुको पनि सहकारीकै हविगत हुने देखिएको छ। यता, बैंकले कर्जा उठाउन सकिरहेको छैन। गोल्छा अर्गनाइजेशनले पूर्वी नवलपरासीको गैंडाकोटमा रहेको भृकुटी कागज कारखानाको सरकारी जग्गा राखेर बैंकबाट १२ अर्बभन्दा बढी रकम बैंकबाट ऋण लिएको छ।

त्यो ऋण बैंकले कहाँबाट उठाउँछ ? यता, विशाल ग्रुपले नक्सालस्थित बाल मन्दिरको जग्गा राखेर बिभिन्न बैंकबाट अर्बौं रुपैयाँ ऋण लिएको छ। बाँसबारी छाला जुत्ता कारखानाको जग्गा सरकारले आफ्नो नाममा ल्याइसक्यो। त्यो जग्गामा बैंकले ३५ करोडभन्दा धेरै कर्जा लगानी गरेको थियो। त्यो जग्गा सरकारको नाममा आइसकेको छ। बैंकले ३५ करोड ऋण कहाँबाट असुल्छ ? ललिता निवासको २६१ रोपनी जग्गा धितो राखेर बैंकहरुले चारखर्ब ८५ अर्ब रुपैयाँ कर्जा दिएका थिए। त्यो जग्गा सरकारले आफ्नो नाममा ल्याइसकेको छ। बैंकको लगानी डुब्यो कि डुबेन ? नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडले स्मार्ट टेलिकमलाई ऋण दिएको थियो। टेलिकमको लाइसेन्स खारेजीसँगै त्यो सम्पत्ति सरकारको भयो। अब बैंकले कहाँबाट कर्जा असुली गर्छ ? सम्पत्ति नै सरकारको भइसक्यो।

जलविद्युत कम्पनीको हकमा पनि त्यहीँ नै हो। जलविद्युत कम्पनी धितो राखेर बैंकहरुले अर्बौं रुपैयाँ लगानी गरेका छन्। त्यो पैसा कहाँबाट र कसरी उठाउँछन् ? जग्गा प्लानिङमा संलग्न एउटै व्यक्तिले बैंकबाट ७५ अर्ब रुपैयाँ कर्जा लिएको बजारमा सुनिन्छ। ती ब्यक्ति फरार भएको जग्गा व्यवसायीहरु बताउँछन्। उनी भागेसँगै बैंकको कर्जा जोखिममा परेको छ। प्राप्त जानकारीअनुनस्सार उनले ताँथलीमा जग्गा प्लानिङ गरेका थिए। तर, जग्गा कारोबारमा मन्दीसँगै ऋण तिर्न नसकेपछि उनी फरार भए। पूर्वमन्त्री दिपक खड्काले बिभिन्न ठाउँको घरजग्गा राखेर १४ अर्ब रुपैयाँ बैंकबाट ऋण लिएका छन्। यता, भाटभटेनी साहुले २८ वटा भाटभटेनी धितो राखेर बिभिन्न बैंकबाट ५३ अर्ब रुपैयाँ कर्जा लगेका छन्। उद्योग व्यवसायी महासंघका भूपूअध्यक्ष चन्द्र ढकालले ताप्लेजुङमा सात लाखमा किनेको जग्गा धितो राखेर २८ करोड रुपैयाँ ऋण लिएका छन्। मेडिकल व्यवसायी दुर्गा प्रसाईले अस्पताल र घरजग्गा धितो राखेर ११ अर्ब रुपैयाँ ऋण लिएका छन्। एमालेका नेता महेश बस्नेतले प्लानिङ गरेको जग्गा धितो राखेर सात अर्ब ऋण लिएका छन्।

सरकारी, सार्वजनिक, राजपरिवार, गुठी, ऐलानी, हदबन्दीभन्दा बढीको जग्गा व्यक्तिको नाममा लैजाने, त्यही जग्गा धितो राखेर बैंकबाट कर्जा लिने। सर्वोच्च अदालतले झापाको गिरिबन्धु टि स्टेटको सरकारी जग्गा सरकारको नाममा ल्याउन आदेश दिइसकेको छ। त्यहाँ लाखौं बिघाहा जग्गा व्यक्तिको नाममा गएको छ। त्यो जग्गामा बैंकले खर्बौं रुपैयाँ कर्जा लगानी गरेको छ। यता, काभ्रेको साँगामा ८१७ रोपनी र धुलिखेलमा **बाँकी ७ पेजमा**

# समाचार विविध

## नेउवा महासंघद्वारा देशमा रुपान्तरणकारी बजेट हुनुपर्ने माग

काठमाडौं। नेपाल उद्योग वाणिज्य महासंघले आर्थिक रुपान्तरणकारी बजेट ल्याउन सुझाव दिएको छ। गतसाता अर्थ मन्त्रालयमा अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई भेटी रुपान्तरणकारी बजेट ल्याउन सुझाव दिइएको हो। महासंघले खस्कँदो व्यावसायिक मनोबल उकास्न, बजारमा माग सिर्जनागर्न, रोकिएको लगानी पुनः आकर्षितगर्न तथा रोजगारी बढाउन नीतिगत सुधारगर्न पनि अर्थमन्त्रीलाई सुझाव दिएको छ। महासंघका अध्यक्ष अञ्जन श्रेष्ठले ६ स्तम्भ, ६० पहलसहितको साझा राष्ट्रिय रुपरेखाले सरकारको नीति तथा कार्यक्रमलाई सहयोगगर्ने उल्लेखगर्दै विप्रेषण र आयातमा आधारित अर्थतन्त्रले दीर्घकालीन समृद्धि दिन नसक्ने बताउनु भएको थियो। उहाँले रुपान्तरणकारी बजेट आउनेमा निजी क्षेत्र आशावादी रहेको बताउनु भएको थियो। उहाँले हरेक वर्ष कर नीति परिवर्तन हुने प्रवृत्तिले लगानीकर्ताको विश्वास गुमेको छ। सालबसाली आर्थिक ऐनको अस्थिर अभ्यास अन्त्यगरी व्याख्यासहितको एकल राजस्व संहिता लागूगर्न र अधिकारसम्पन्न राजस्व बोर्ड गठनगर्न आवश्यक छ। साथै कर कानून भूतप्रभावीरुपमा लागूनहुने स्पष्ट प्रत्याभूति चाहिन्छ भन्नुभयो। त्यसक्रममा अर्थमन्त्री डा. वाग्लेले अर्थतन्त्रको संरचनागत सुधार गर्नेगरी रुपान्तरणकारी बजेट ल्याइने बताउनु भएको थियो। सरकारले निजी क्षेत्रलाई मुख्य साझेदार मानेर अघिबढ्ने प्रतिबद्धता व्यक्तगर्दै उहाँले निजी क्षेत्रलाई आशावादी रहन आग्रह गर्नुभएको थियो। अध्यक्ष श्रेष्ठकाअनुसार मुलुकको औद्योगिक उत्पादन क्षमता हाल ४० प्रतिशतमा सीमित छभने निर्माण क्षेत्र कठीन अवस्थामा पुगेको छ। कुल गार्हस्थ्य पूँजी निर्माणमा निजी क्षेत्रको योगदान चारवर्षमा २८ प्रतिशतबाट घटेर १६ प्रतिशतमा झरेको उल्लेखगर्दै उनले अर्थतन्त्रलाई पुनर्जीवन दिने बजेट आवश्यक रहेको बताउनु भयो। महासंघले विगत दुई दशकमा आर्थिक वृद्धिदर औसत चारप्रतिशत मात्र रहँदा कर वृद्धिदर ११ प्रतिशत पुगेको र जीडीपीको अनुपातमा राजस्व १९ प्रतिशत नाघेको तथ्य प्रस्तुतगर्दै उच्च करभारप्रति सरकारको ध्यानाकर्षण गराएको थाहा भएको छ। महासंघकाअनुसार उच्च करका कारण अनौपचारिक कारोबार, अवैध व्यापार र उद्यम पलायन बढेको छ। मध्यपूर्वमा विकसित संकटले वैदेशिक रोजगारी, विप्रेषण र विदेशी मुद्रा सञ्चितिमा असरपार्दै समग्र अर्थतन्त्रमा करिब १.८ प्रतिशत नकारात्मक प्रभाव पर्न सक्ने अनुमान पनि गरिएको छ। महासंघले नेपाली कम्पनीलाई क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विस्तारका लागि निर्यात आम्दानीको निश्चित हिस्सा विदेशमा लगानीगर्न पाउने कानूनी व्यवस्थागर्न पनि सुझाव दिएको बताइएको छ। व्यवसायीहरुले व्यवसाय सञ्चालनभन्दा व्यवसाय जोगाउन कठीन भएको गुनासोगर्दै खुला सीमाबाट हुने चोरी पैठारी नियन्त्रणगर्न र साफ्टाअन्तर्गत तयारी वस्तु कच्चा पदार्थभन्दा सस्तो आयात हुने अवस्था रोक्न माग गरेका छन्। रुग्ण उद्योग पुनः सञ्चालनका लागि विशेष योजना, ऊर्जा, प्रसारण लाइन, पम्प स्टोरेज, शुरुङमार्ग र औद्योगिक क्षेत्रमा बुट तथा पीपीपी मोडेल प्रभावकारी बनाउन र भायबिलिटी ग्याप फन्डमार्फत निजी लगानी प्रोत्साहनगर्न पनि महासंघले सुझाव दिएको छ। कृषि, पर्यटन, जडीबुटी, चिया, कफी, सूचना प्रविधि र सेवा निर्यातलाई उच्च प्राथमिकतादिँदै नेपाललाई उपभोक्ता बजारबाट उत्पादन तथा सेवा निर्यात गर्ने राष्ट्र बनाउन ठोस कदम चाल्नुपर्ने अध्यक्ष श्रेष्ठको भनाई छ।

## राजविराज-छिन्नमस्ता सडकको दुर्दशा

काठमाडौं। राजविराज-छिन्नमस्ता सडकको दुर्दशा हेरिनसक्नु रहेको जानकारहरुले बताएका छन्। सो सडक निर्माणको काम शुरुभएको चार वर्ष बित्न लाग्दा पनि अहिलेसम्म निर्माण सम्पन्न भएको छैन। नेपालका प्रमुख शक्तिपीठमध्ये छिन्नमस्ता भगवतीको मन्दिरसम्म पुग्ने सो सडक जीर्ण भएका कारण भक्तजनदेखि लिएर अन्य सर्वसाधारणले सास्ती भोगिरहेका छन्। सडक निर्माण नभएपछि वर्षायाममा हिलो र सुक्खायाममा धुलोका कारण स्थानीय हैरान भएका छन्। छिन्नमस्ता गाउँपालिकास्थित भगवती मन्दिर पुग्ने एक मात्र सडक जीर्ण बन्दा चालक तथा यात्रुले दैनिकरुपमा सास्ती खेप्नुपरेको अवस्था छ। जीर्ण सडकका कारण सवारीसाधनलाई पनि असहज भएको छ। राजविराजदेखि छिन्नमस्ता भगवती मन्दिरसम्म १० किलोमिटर लम्बाइ रहेको उक्त सडक निर्माणका लागि साह निर्माण सेवाले ०७९ असार २३ गते भ्याटसहित २५ करोड रुपियाँमा ठेक्का लिएको थियो। ठेक्का सम्झौता भएको चारवर्ष बित्न लाग्दा पनि सडक पूर्णरुपमा निर्माण हुननसक्नु दुःखद भएको स्थानीयको भनाई छ। वर्षमा ३० देखि ३५ लाखसम्म दर्शनार्थी आउने छिन्नमस्ता भगवती मन्दिर पुग्ने एकमात्र सडक छिटो निर्माणका लागि प्रधानमन्त्री, मन्त्री, सडक विभागसम्म पुगेर गुहारे पनि सुनुवाइ नभएको स्थानीयको गुनासो छ। त्यसैगरी राजविराज-छिन्नमस्ता सडक निर्माणको ठेक्का पाएको साह निर्माण सेवाका प्रोप्राइटर सञ्जीव साहले निर्माणको काम सुस्तगतिमा भइरहेको स्वीकार गर्नुभएको छ। उहाँले निर्माणको काम सुस्त गतिमा भए पनि त्यसमा आफ्नोमात्रै कमजोरी नभएको बताउनुभएको छ। ठाउँ, ठाउँमा बिजुलीको पोल सार्नुपर्नेमा त्यो नसारिएको, भइसकेको कामको पनि सडक डिभिजन कार्यालय लहानले भुक्तानी नदिएको र इन्धनको मूल्यमा भएको वृद्धिले पनि निर्माणको काममा असर पारेको उहाँको दाबी छ। उहाँले अहिले पनि सडक डिभिजन कार्यालय लहानले भएको कामबापत एक करोड रुपियाँभन्दा बढी भुक्तानी दिएको छैन भन्नुभयो। दुई वर्षभित्रै काम सम्पन्न गर्नुपर्नेमा ०८२ चैतमा उक्त ठेक्का सम्झौताको म्याद सकिइसकेको छ। सडक डिभिजनलेभने म्यादथप्न मानेको छैन। राजविराज-छिन्नमस्ता सडकखण्डमा नाला निर्माणको ९० प्रतिशत जति काम सकेर आठ किलोमिटर जति ग्राभेल गरिसकिएको र दुई किलोमिटर सडकमा बेस पनि हालिसकिएकोहुँदा सडक डिभिजनले म्याद थप गरिदिए र भइसकेको कामको भुक्तानी दिएमा फागुन मसान्तसम्म निर्माणको कामसक्ने साह निर्माण सेवाका प्रोप्राइटर सञ्जीव साहले बताउनुभएको छ।

## पाठ्यक्रम परिमार्जनको तयारी

काठमाडौं। बर्तमान सरकारले मुलुकको बदलिँदो परिवेशलाई समेट्ने गरी बिद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्ने प्रक्रिया शुरुगरेको थाहाभएको छ। प्रारम्भिक बालविकास (इसिडी) देखि कक्षा १२ सम्मको समग्र पाठ्यक्रममा समयानुकूल परिमार्जनगर्न लागिएको अधिकारहिरुको भनाई छ। जसका लागि शिक्षा तथा खेलकुद मन्त्रालयले काठमाडौं विश्वबिद्यालय स्कूल अफ एजुकेसनका डीन प्राडा बालचन्द्र लुइटेलको संयोजकत्वमा पाठ्यक्रम प्रारुप परिमार्जन कार्यदल नै गठन गरेको छ। नौ सदस्यीय कार्यदलले गतसाता शिक्षामन्त्री सस्मित पोखरेलसँग पहिलो बैठक गरेर औपचारिक रुपमा काम अघिबढाएको बताइन्छ। कार्यदलले छमहिनाभित्रमा **बाँकी ७ पेजमा**

## पाठ्यक्रम...

प्रतिवेदन तयार पार्नेगरी काम अघिबढाएको छ। प्रारुप परिमार्जनका लागि कार्यदलले २२ वटा समूह बनाएर छलफल गर्दै छ। छलफलमा बिद्यार्थी, शिक्षक, उद्योगी, व्यवसायी, युवापुस्ता लगायतलाई समेटिने छ। साथै विज्ञान तथा प्रविधिको क्षेत्रमा पछिल्लो समय भित्रिएको नयाँ नयाँ आविष्कारलाई पनि पाठ्यक्रमसँग जोडिने छ। कार्यदलले पाठ्यक्रम प्रारुपको प्रतिवेदन बुझाएपछि बिद्यालयको तहगत र विषयगत रुपमा पाठ्यक्रम परिमार्जनको काम शुरुहुने छ। योजना अनुसार इसिडीदेखि कक्षा तीनसम्म एक तह, कक्षा चार देखि आठसम्म अर्को र कक्षा नौदेखि १२ सम्मलाई एकतह मानेर पाठ्यक्रम परिमार्जनको काम गरिन्छ। संयोजक लुइटेलले हामीले दिने प्रतिवेदनको दायरा निकै फराकिलो हुन्छ। हाम्रो प्रतिवेदनका आधारमा कुन तहको पाठ्यक्रम कस्तो बनाउने, कुन विषयको पाठ्यक्रम घटाउने वा बढाउनेभन्ने निर्णय अर्कै समूहले गर्छ भन्नुभएको छ। अहिलेकै योजनाअनुसार भयोभने आउने शैक्षिक सत्रमा नयाँ पाठ्यक्रमअनुसार पढाइ शुरुगरिने सरकारी योजना छ। हाल कायम गरेको हप्ताको दुईदिने साप्ताहिक बिदा अनुसार पठनपाठनमा परेको भार घटाउने वा बढाउने काम पनि पाठ्यक्रम परिमार्जनकैक्रममा गरिने भनिएको छ।

## बढ्दो...

८८ रोपनी सरकारी जग्गा धितो राखेर बैंकले अर्बौं रुपैयाँ ऋण दिएको छ। ०२१ सालअघि भएको सरकारी सम्पत्ति सरकारी कर्मचारी, भूमाफिया र राजनीतिक दलको मिलीभगतमा व्यक्तिको नाममा लगिएको छ। त्यही जग्गा बैंकमा राखेर कर्जा लिइएको छ। सहकारी र लघुवित्त कसरी डुब्यो ? सबैलाई थाहा छँदैछ। आँखा चिम्लेर सेयर, घरजग्गा र गाडीमा लगानीगर्न सहकारी र लघुवित्त डुब्यो। ०३८ सालसम्म नयाँ बानेश्वरस्थित मिलनचोक, शंखमुल, थापागाउँमा आनाको एक हजारमा पनि बिक्रि हुँदैनथ्यो। अहिले त्यहाँको जग्गाको भाउ आनाकै दुईदेखि पाँच करोड छ। यो बढाएको कसले ? दलालीले होइन ? त्यसमा बैंकले लगानी गरेको छ। बैंक तथा कम्पनीले एक सय रुपैयाँ प्रतिकित्तामा शेयर निकाल्छ। तर, रोचक प्रशंग केभने, बैंकले त्यहीं सेयर धितो राखेर ३२०० रुपैयाँ दिएको छ। छिमेकी देशमा २० हजारदेखि लाख रुपैयाँ पर्ने गाडीमा करोडौं लगानी गर्नुहुन्छ ? त्यही भएर आज बैंकको यो अवस्था बन्यो। कुनै बैंकका सिईयो समातिएका छन्, कुनै बैंकका कर्मचारीले आत्महत्या गरेका छन्। बैंकले आफ्नो खुट्टामा आफैं बञ्चरो हान्यो। बैंकले यो कृत्रिम मूल्य हो, हामीले लगानी गर्नुहुँदैन भनेर सोचेन। आँखा चिम्लेर लगानी गरियो। बैंकले घरजग्गा, सेयर र गाडीबाट निरन्तर नाफा भइरहन्छ भनेर सोच्यो। तर, त्यस्तो भएन। घरजग्गा, सेयर र गाडी कारोबारमा मन्दी आएसँगै बैंक पनि संकटमा पर्‍यो। बैंक संकटमा पर्नुभनेको बचतकर्ताको पैसा डुब्नु हो। बैंकले यो हाम्रो होइन, जनताको पैसा हो भनेर सोचेन। जथाभावी लगानी गरे। अहिले त्यसकै असर बैंकहरुले भोगिरहेको छ। हिजो बैंकले ऋणीलाई मर्नु न बाँच्नु बनाउँथ्यो, अहिले बैंक आफैं त्यो बाटोमा छ। बैंकको कारणले धैरैको उठिबास लाग्यो। धैरैले आत्महत्या गरे। विस्थापित भए, देश छोडेर भागे। हिजो ऋणी मर्दा न सरकार बोल्यो न अन्य कोही। अहिले सिईयो समात्दा विरोध जनाइरहेका छन्। बैंक फसिसकेको छ, त्यो चंगुलबाट निस्किन धैरै गाह्रो छ। बैंकले ऋण उठाउने उपाय धितो लिलाम हो। तर, त्यो लिलाम भएको धितो कसले किन्ने ? जनतासँग बिहानबेलुका छाक टार्न पैसा छैन। घरजग्गा, सेयर, गाडी सुनमा कसैले लगानी गर्दैन। पैसा हुनेले लुकाइसके, नहुनेसँग छँदैछैन। बैंक जञ्जालमा परिसकेको छ। बैंकको सबैभन्दा धैरे कर्जा लगानी घरजग्गा र सेयरमा छ। घरजग्गा कारोबार ठप्पजस्तै छ भने सेयरको मूल्य निरन्तर ओरालो लागिरहेको छ। यही अवस्थाले अबको केही समयमै बैंकहरु बन्द हुने अवस्थामा पुग्छन्। सहकारी भाग्दैन, भाग्दैन भन्दाभन्दै भाग्यो। बैंकको हविगत पनि त्यही हुने देखिएको छ। त्यसैले बचतकर्ता सचेत हुनु आवश्यक छ। बचतकर्ताहरुलाई आश्वस्त पार्ने र उनीहरुको रकमको सुरक्षा गर्ने/गराउने सरकारी नीति के छ ? त्यो जनताका माझमा स्पष्ट हुनु जरुरी छ।

## बिश्वमा..

बढावा दिनुपर्छ। ज्वरो, श्वासप्रश्वासमा समस्या वा अन्य असामान्य लक्षण देखिए नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ। नेपालमा हालसम्म हान्टा भाइरस संक्रमण पुष्टिभएको आधिकारिक तथ्यांक छैन। तथापि, अमेरिकाको सीडीसीको एक रिपोर्टअनुसार सन् २०१७ मा नेपाल भ्रमणगरेर फर्किएका एक स्पेनी यात्रुमा श्वासप्रश्वास सम्बन्धी समस्या देखिएपछि हान्टा भाइरस पुष्टि भएको थियो। उनले नेपालमा बस्दा लजमा मुसा प्रजातिका जनावरसँग सम्पर्क भएको बताएका थिए। एन्डिस भाइरसबाट संक्रमित मुसा नेपालमा नपाइने, हाल संक्रमित रहेको जहाजका यात्रु नेपाली नभएको तथा कुनै यात्रु नेपाल नआएको जानकारी भए पनि छिमेकी राष्ट्रका नागरिक जहाजमा रहेको उल्लेख गरिएको छ। नेपालमा हालसम्म हान्टा भाइरस पुष्टि नभएकाले जोखिम कम मानिए पनि अन्तर्राष्ट्रिय उडान तथा आवागमन, कमजोर निगरानी तथा परीक्षण प्रणालीका कारण सम्भावित जोखिमलाई पूर्णरुपमा नकार्न सकिँदैन। नेपालमा दैनिक ४-५ दर्जनभन्दा बढी मुसाको टोकाइका बिरामी अस्पताल आउने गरेका तथ्यांक छन्। एशियाली स्ट्रेन विशेषगरी रसिया, जापान तथा कोरियामा देखिने गरेको छ, जहाँ नेपालीहरुको आवतजावत उल्लेख्य छ। तर आवतजावत गर्ने व्यक्तिहरुको न त पर्याप्त स्क्रिनिङ छ न त निगरानी नै। नेपालमै हान्टा भाइरस निदानगर्न सक्ने सुविधा हालसम्म उपलब्ध छैन। परीक्षणका लागि किट नेपालमै ल्याउने वा नमुना विदेश पठाएर परीक्षणगर्ने भन्ने विषयमासमेत स्पष्ट निर्णय भइसकेको छैन। त्यसैले सरकार जोखिम नभएकोभन्दै प्रचारप्रसारमा मात्र सीमित नभई परीक्षण, निगरानी, निदान, उपचार व्यवस्थापन तथा पूर्वतयारी र जनचेतनामूलक कार्यमा सक्रिय हुन आवश्यक छ। रासस (लेखक वीर अस्पतालमा मुख तथा दन्त सर्जन प्रमुख हुनुहुन्छ)

## गौथलीको....

क्षेत्रीले उक्त चलचित्रमार्फत नयाँ पात्रलाई पर्दामा ल्याउने अवसर पाएको बताउनुभएको छ। अभिनेता क्षेत्रीले मैले अहिलेसम्म गरेका काममा यो भिन्न छ। यसका लागि मैले शारीरिकसँगै मानसिकरुपमा समेत तयारी गरेको छु। मेरो पात्रको बारेमा अहिले धेरै कुरागर्न मिल्दैन तर यसपटक दर्शकले फरक अरुणलाई देख्नु हुनेछ भन्नुभएको छ। उक्त चलचित्रमा अभिनेता क्षेत्रीसँगै अभिनेत्री सिम्रन खड्का, मदनकृष्ण श्रेष्ठ, प्रकाश घिमिरे, लुनिभा तुलाधर, रविन्द्र झा, ईश्वरी बराल, संयोग रसाइली, सीतादेवी तिमिल्सिना, लक्ष्मीनाथ तिमिल्सिना, राजेन्द्र नेपालीलगायत कलाकारले अभिनय गर्नुभएको छ।

## राष्ट्रिय....

बालुवा र गिट्टीको श्रोतमात्र होइन। यो क्षेत्रको पर्यावरणीय सन्तुलन, खेतीपाती, जैविक विविधता र स्थानीय जनजीवनसँग प्रत्यक्ष जोडिएको नदी हो। अत्यधिक उत्खननले नदीको प्राकृतिक बहाव परिवर्तन हुन्छ। किनार कटान बढ्छ। बाढीको जोखिम बढ्छ। भूमिगत पानीको स्तर घट्छ। सडक र पुलहरु कमजोर बन्छन्। दीर्घकालमा यसको असर सम्पूर्ण क्षेत्रले भोग्नुपर्छ। आज समनपुर क्षेत्रका नागरिकहरु टिपर आतंक शब्द प्रयोगगर्न बाध्य भएका छन्। कारण स्पष्ट छ कि रातदिन गुड्ने अत्यधिक भार बोकेका टिपरले सडक बिगारेका छन्, धुलो फैलाएको छ, दुर्घटनाको जोखिम बढाएको छ र जनजीवन प्रभावित पारेको छ। नदीबाट झिकिएको बालुवा र गिट्टीसँगै बग्ने पानीले कालोपत्रे सडक बिग्रिएको गुनासोसमेत स्थानीयले गरेका छन्। राज्यको पैसा खर्च गरेर बनाइएका सडक र पुल केही व्यक्तिको नाफाका लागि ध्वस्त बनाइनु कुनै पनि हालतमा स्वीकार्य हुनसक्दैन। यहाँ सबैभन्दा महत्वपूर्ण प्रश्न राजनीतिक नैतिकताको पनि हो। यदि बर्तमान मुख्यमन्त्रीकै पहल र प्रयासमा उक्त पुल बनेको होभने त्यसको संरक्षणको नैतिक जिम्मेवारी पनि उनकै हुन्छ। जनता विकास चाहन्छन्, तर विकासको नाममा राज्य संरचनानै नष्ट हुने अवस्था स्वीकार्य हुँदैन। कुनैपनि नेताको मूल्यांकन केवल उनले बनाएका संरचनाले होइन, ती संरचनाको दीर्घकालीन संरक्षणले पनि हुन्छ। काठमाडौंबाट आएका पत्रकारहरुलेसमेत यस विषयमा समाचार बनाइसकेका छन्भन्ने चर्चा छ। जब राष्ट्रियस्तरमा विषय उठिसक्यो, प्रशासनले प्रतिवेदन तयार गरिसकेको छ, स्थानीय जनता आन्दोलनको मनस्थितिमा छन्, तब पनि मुख्यमन्त्री मौन देखिनु झन रहस्यमय बन्दैगएको छ। मौनता कहिलेकाहीँ सहमति जत्तिकै शक्तिशाली संकेत मानिन्छ। त्यसैले जनतामा दाल में कुछ काला हैभन्ने धारणा बलियो बन्दैगएको देखिन्छ। लोकतान्त्रिक शासन व्यवस्थामा सार्वजनिक पदमा बसेका व्यक्तिहरुले जनताको प्रश्नको जवाफ दिनुपर्छ। यदि आरोप गलत छन्भने स्पष्ट खण्डन, तथ्य र पारदर्शिता आवश्यक हुन्छ। यदि गल्ती भएको छभने सुधार र कारवाही आवश्यक हुन्छ। तर मौनता समाधान होइन। आज आवश्यकता केवल प्रशासनिक कारवाहीको मात्र छैन। दीर्घकालीन समाधान आवश्यक छ। नदीजन्य पदार्थ उत्खननका लागि वैज्ञानिक अध्ययन, स्पष्ट मापदण्ड, डिजिटल निगरानी, भारक्षमता परीक्षण, सीसीटीभी निगरानी र स्थानीय समुदायको सहभागिता अनिवार्य बनाइनुपर्छ। पुलको तत्काल प्राविधिक परीक्षण हुनुपर्छ। यदि जोखिम देखिन्छभने भारी सवारी आवागमन तत्काल रोक्नुपर्छ। अवैध उत्खननमा संलग्न जोसुकै भए पनि कारवाही हुनुपर्छ। चाहे उनी सामान्य ठेकेदार हुन् वा शक्तिशाली राजनीतिक व्यक्तित्व। राज्यको सम्पत्ति जोगाउनु सरकारको पहिलो जिम्मेवारी हो। यदि राज्यकै संरक्षणमा राज्य सम्पत्ति नष्ट हुनथाल्योभने त्यो लोकतन्त्रका लागि खतरनाक संकेत हो। समनपुरस्थित बागमती पुलको अवस्था अहिले केवल एउटा स्थानीय मुद्दा रहेन। यो कानूनी शासन, राजनीतिक जवाफदेहिता, प्रशासनिक निष्पक्षता र सार्वजनिक सम्पत्तिको संरक्षणसँग जोडिएको राष्ट्रिय प्रश्न बनिसकेको छ। यदि अहिले पनि टिपर आतंक रोकिएन, अवैध उत्खनन नियन्त्रण गरिएन र पुल संरक्षणमा ध्यान दिइएनभने आगामी वर्षायामअघि नै ठूलो दुर्घटना हुनसक्ने स्थानीयहरुको डर अस्वाभाविक होइन। त्यसबेला हुने क्षति केवल पुलको हुँदैन कि जनताको विश्वास, राज्यको विश्वसनीयता र शासन प्रणालीमाथिको भरोषासमेत भत्किनेछ। त्यसैले अब समय आएको छ कि राजनीतिक प्रभावभन्दा माथि उठेर कानून लागूगर्ने। जनताको करबाट बनेको पुल बचाउने। बागमती नदीलाई दोहनबाट जोगाउने। र सबैभन्दा महत्वपूर्ण, जनताको सुरक्षालाई प्राथमिकतामा राख्ने। यो रौतहतको मात्र नभएर देशैभरीको समस्या हो। त्यसैले सबैतिर गंभिर ध्यानदिइनु आवश्यक छ।

## नेपालमा...

हालसम्म पनि कार्यकारी राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीको वकालत गरेर अमेरिकी पक्षधरता प्रदर्शनगर्ने काम गरिरहेका छन्। उनीहरुलेनै बिशेष जोड बल गरेर संविधानमा संघीयता, जातीय समावेशी, धर्मनिरपेक्षता र समानुपातिक सहितको मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरेका थिए। जुन विश्व साम्राज्यवादको नेपाल नीति अन्तरगतका कुराहरु भएको पछिल्ला बिभिन्न घटनाक्रमहरुले स्पष्ट पनि गरेका छन्। उपरोक्त कुराहरु नेपाल र नेपालीका समस्या बन्दैगर्दा कतिपयका लागि अपरिवर्तनीय महान उपलब्धी भएका थिए। त्यसैकारणले संविधानमा तेश्रो संशोधन हुननसकेको हो। नेपालको हालको मुख्य समस्या भनेकै संघीय शासन र एमसीसी हो। तर नेपाल यसरी फसेको छकि उपरोक्त दुबैकुरालाई सहजै हटाउन नसकिने अवस्था छ। नेपालको संघीय शासनका लागि अमेरिकाले आफ्नै देशबाट बार्षिक बजेटको ब्यवस्था गर्नेगरेको रहस्य खुलिसकेको छ। त्यसैगरी युरोपियन यूनियनलगायतले नेपालको संघीय शासन बचाउनका लागिभन्दै ठूलो धनराषि ऋण लगानी गरेका छन्। उक्त रकम चुक्ता नगरेसम्म संघीयता हटाउन पाइदैनभन्ने रहेको छ। गत फागुनको निर्वाचनबाट आएको नयाँ सरकारले थालेको संविधान संशोधनको बहससमेत अर्थहीन बन्दै गएको छ। जबसम्म सर्बदलीय र सर्बपक्षीय सम्मेलनद्वारा देशको राजनीतिक ब्यवस्थाकाबारेमा निष्कर्ष निकाल्ने काम हुँदैन, तबसम्म नेपालका राजनीतिक अस्थिरताको अन्त्य हुँदैन। आजको अवस्थामा यो सबैले बुझ्नुपर्ने कुरा हो।

## रुसी...

ठानिरहेका छन्। बेइजिङले युक्रेन युद्ध अन्त्यका लागि वार्ताको समर्थन गर्दैआएको छ। तर आफूलाई तटस्थ पक्षकारुपमा प्रस्तुत गरे पनि चीनले रुसको सैन्य कारबाहीको खुला आलोचना गरेको छैन। अर्कोतर्फ युद्धका लागि आवश्यक आर्थिक आधार कायम राख्न रुस चीनसँगको व्यापार र ऊर्जा कारोबारमा अत्यधिक निर्भर रहेको देखिन्छ। एशिया समाजका लाइल मोरिसका अनुसार पुटिन चीनको समर्थन गुमाउन चाहनु हुन्न। यद्यपि मध्यपूर्व युद्धको विषयमा चीन र रुसका प्राथमिकतामा केही भिन्नता देखिएको छ। हर्मुज जलमार्ग बन्द भएपछि तेलको मूल्य आकाशिएसँगै रुसले त्यसबाट आर्थिक लाभ लिन खोजिरहेको विश्लेषण गरिएको छ। रुसी विदेशमन्त्री सर्गेइ लाभरोभले गत अप्रिलमा सीसँगको भेटपछि मध्यपूर्व संकटका कारण विश्व ऊर्जा आपूर्ति प्रभावित भए रुसले चीनको ऊर्जा अभाव पूर्तिगर्न सक्ने बताउनुभएको थियो। तर चीनभने मध्यपूर्वको युद्ध चाँडो अन्त्य होस्भन्ने पक्षमा देखिएको छ। पुटिनसँगको वार्तामा सीले मध्यपूर्वमा थप शत्रुता अस्वीकार्य भएको बताउँदै व्यापक युद्धविराम अत्यन्त जरुरी रहेकोमा जोड दिनुभएको थियो। सिंगापुरस्थित नानयाङ प्राविधिक विश्वबिद्यालयका जेम्स चारका अनुसार चीन आफ्नो आर्थिक गतिविधि कायम राख्न विश्वका प्रमुख समुद्री मार्गहरुको निर्बाध सञ्चालनमा निर्भर छ। त्यसैले हर्मुज जलमार्गमा देखिएको तनाव सकेसम्म छिटो अन्त्य होस्भन्ने चाहना बेइजिङको रहेको उहाँले बताउनुभएको छ। पुटिनको चीन भ्रमणलाई भने दुवै देशबीच व्यावहारिक सहकार्य विस्तार गर्ने प्रयासका रुपमा विश्लेषण गरिएको छ। विशेषगरी युक्रेन युद्धका कारण पश्चिमी प्रतिबन्धको चापमा परेको रुस अहिले ऊर्जा निर्यातका लागि चीनमाथि अझ बढी निर्भर बन्दैगएको छ। पश्चिमी देशहरुले लगाएको प्रतिबन्धले रुसको ऊर्जा आम्दानीमा असर पारेपछि मस्कोले बेइजिङसँगको सम्बन्धलाई आफ्नो आर्थिक र रणनीतिक सुरक्षा दुवैका लागि महत्वपूर्ण ठानेको देखिन्छ। यसैबीच इरानविरुद्ध जारी अमेरिका-इजरायल युद्धका कारण मध्यपूर्वबाट तेल र ग्यास आपूर्तिमा अवरोध उत्पन्न भएपछि रुसले आफूलाई वैकल्पिक ऊर्जा आपूर्तिकर्ताकारुपमा प्रस्तुतगर्ने अवसर खोजिरहेको छ। विश्लेषकहरुका अनुसार पुटिनले यस भ्रमणकाक्रममा मंगोलियामार्फत चीनसम्म ल्याइने प्रस्तावित पावर अफ साइबेरिया-२ प्राकृतिक ग्यास पाइपलाइन परियोजनालाई अघि बढाउन दबाब दिनसक्ने सम्भावना छ। यो परियोजनालाई मध्यपूर्वबाट समुद्री मार्गहुँदै आउने ऊर्जाको स्थलीय विकल्पका रुपमा हेरिएको छ। बेइजिङस्थित विशाल ग्रेट हल अफ द पिपुलमा भएको वार्ताको उद्घाटन सत्रमा दुवै नेताले मैत्रीपूर्ण सहयोग सम्बन्धी सन्धि विस्तार गर्ने घोषणागर्दै दुई देशबीचको सम्बन्धलाई विशेष महत्व दिनुभएको थियो। चिनियाँ सरकारी सञ्चारमाध्यमकाअनुसार सीले पुटिनसँग राजनीतिक आपसी विश्वास र रणनीतिक समन्वयलाई निरन्तर गहिरो बनाइएको बताउनु भएको थियो। उता रुसी सञ्चार माध्यमले सार्वजनिक गरेको दृश्यअनुसार पुटिनले पनि प्रतिकूल बाह्य परिस्थितिहरुका बाबजुद चीन-रुस सम्बन्ध अभूतपूर्व उच्चस्तरमा पुगेको उल्लेख थियो। उहाँले कुनै देशको नाम नलिए पनि यो टिप्पणी अमेरिकातर्फ संकेत गरिएकोरुपमा हेरिएको छ। सीले वार्ताकाक्रममा एकपक्षीय र प्रभुत्ववादी प्रवृत्ति अनियन्त्रितरुपमा फैलिरहेको चेतावनीदिँदै अप्रत्यक्ष रुपमा अमेरिकाको आलोचना गर्नुभएको थियो। पछिल्ला महिनाहरुमा ट्रम्प नेतृत्वको अमेरिकाको अनिश्चित नीतिका कारण धैरै मुलुक चीनसँग नजिकिन थालेको विश्लेषण भइरहेका बेला बेइजिङले विश्व नेताहरुको श्रृंखलाबद्ध स्वागतलाई तीव्रता दिएको छ। सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण शुरु गरेपछि चीन-रुस सम्बन्ध अझ निकट बनेको छ। पश्चिमी देशहरुसँगको दूरी बढेसँगै पुटिनले हरेक वर्ष चीन भ्रमणगर्दै आउनुभएको छ। यही सन्दर्भमा वाशिंटनस्थित ब्रुकिङ्स संस्थाकी विश्लेषक प्याट्रिसिया किमले सी-पुटिन सम्बन्धलाई प्रदर्शनात्मक आश्वासनको आवश्यकता नपर्ने सम्बन्धकारुपमा व्याख्या गर्नुभएको छ। उहाँकाअनुसार ट्रम्पको भ्रमणभन्दा पुटिनको भ्रमण कम आकर्षक देखिए पनि त्यसको रणनीतिक महत्व बढी छ। सीले २०२५ को सेप्टेम्बरमा पुटिनलाई पुरानो मित्रभन्दै आत्मीय स्वागत गर्नुभएको थियो। विश्लेषकहरुकाअनुसार चीन र रुस दुवैले आफ्नो सम्बन्धलाई चीन-अमेरिका सम्बन्धभन्दा संरचनात्मकरुपमा स्थिर र बलियो ठानिरहेका छन्। बेइजिङले युक्रेन युद्ध अन्त्यका लागि वार्ताको समर्थनगर्दै आएको छ। तर आफूलाई तटस्थ पक्षकारुपमा प्रस्तुत गरेपनि चीनले रुसको सैन्य कारबाहीको खुला आलोचना गरेको छैन। अर्कोतर्फ, युद्धका लागि आवश्यक आर्थिक आधार कायम राख्न रुस चीनसँगको व्यापार र ऊर्जा कारोबारमा अत्यधिक निर्भर रहेको देखिन्छ। एसिया समाजका लाइल मोरिसका अनुसार पुटिन चीनको समर्थन गुमाउन चाहनुहुन्न। यद्यपि मध्यपूर्व युद्धको विषयमा चीन र रुसका प्राथमिकतामा केही भिन्नता देखिएको छ। हर्मुज जलघाँटी बन्द भएपछि तेलको मूल्य आकासिएसँगै रुसले त्यसबाट आर्थिक लाभ लिन खोजिरहेको विश्लेषण गरिएको छ।

## एमालेको...

कतिपयको भनाई छ। आमनिर्वाचनमा एमालेले ब्यहोरेको हारलाईनै ओली बिरोधीहरुले विशेष महाधिवेशनको मुख्य एजेन्डा बनाउन खोजेका छन्। विशेष महाधिवेशन पक्षधर समूहको भनाइमा पछिल्ला वर्षमा पार्टीभित्र निर्णय प्रक्रिया अत्यधिक केन्द्रीकृत बन्दै गएको भन्ने छ। संस्थापन पक्षभने अब पार्टीमा अनुशासनको विषयलाई कड्याइकासाथ लागू गर्ने/गराउने मनस्थितिमा रहेको देखिन्छ। यसरी समग्रमा हेर्दा एमालेभित्र पार्टी बिभाजन गराउने तत्व प्रबेश भैसकेको तर केही नेताहरु पार्टी एकता जोगाउने प्रयासमा रहेको देखिएको छ। यस्तो अवस्थामा एमालेको राजनीतिमा बिद्या भण्डारीको पुनरागमनले समस्यालाई सुल्झाउने देखिएको छ। बिद्या भण्डारीको सदस्यता नबिकरणपछि अध्यक्ष ओलीले पार्टी संकटमा परेको बेला नेतृत्व परिवर्तनको प्रयासगर्नेहरुमाथि कारवाही हुने बताएर पछिल्ला हल्लाहरुबारे स्पष्ट पनि गर्नुभएको छ।

## नेपाल...

त्यसको निगरानीगर्ने अन्तर्राष्ट्रिय निकायले नेपालका प्रयासमा देखिएका कमजोरी औंल्याउँदै त्यसलाई सम्बोधनगर्न सम्बन्धित निकायहरुलाई आग्रह गरेको सरकारी अधिकारीहरुले बताएका छन्। सम्पत्ति शुद्धिकरणको निगरानीगर्दै आएको अन्तर्राष्ट्रिय अन्तरसरकारी संस्था फाइनानशियल एक्शन टास्क फोर्स (एफएटीएफ) को एशियाली एकाइ एशिया प्यासिफिक ग्रुप (एपीजी) का प्रतिनिधिहरु गतसाता काठमाडौं आएका थिए। उनीहरुले अर्थमन्त्रीसहितका मन्त्री र सचिवहरुसँग भेटघाट गरेका थिए। त्यसैले बर्तमान सरकार आर्थिक र राजनीतिक दुबै दबावमा परेको देखिएको छ। राजनीतिक सहमति कायम गरेर अगाडि बढ्न नसक्ने होभने बर्तमान सरकारले पनि सफलता हातपार्न सक्ने संभावना कम देखिँदैगएको छ।

## नेपालमा...

दाहालले एमालेको नेतृत्वसँग मात्र वार्ता गरेको र फेरी ०७५ जेठमा भएको पार्टी एकतालाई ब्युँताउने प्रयास गरेकोभन्ने कुराहरु बाहिर आएका छन्। जसकाबारेमा एमालेलेभने खासै प्रतिक्रिया दिइरहेको छैन। ०७७ मा तत्कालीन एमाले र माओवादी केन्द्रकाबीचमा जुन तरिकाले बिभाजन भएको थियो, त्यसले उक्त दुई समूहलाई फेरी सहजै एकता हुन दिने संभावना रहेको छैन। देशको पछिल्लो अवस्थामा विकसित राष्ट्रिय राजनीति, बर्तमान सरकारको गतिविधि, जनाधिकार, नेपालको कम्युनिष्ट आन्दोलनको वर्तमान अवस्था र क्रान्तिकारी कम्युनिष्टहरुको दायित्व एवं आगामी अख्तियार गर्नुपर्ने बिचार र नीतिबारे संयुक्तरुपमा गहन छलफल नभएसम्म बाम एकताको प्रयासले सार्थकता नपाउने देखिएको छ। नेपालमा रहेका प्रायः कम्युनिष्टहरुमा बैचारिक कुरामै केही नमिलेजस्तो देखिएको छ। खासमा कम्युनिष्ट पार्टीहरु मित्रशक्ति हुन्। उनीहरु शत्रु शक्तिमा परिणत भएभने त्योभन्दा खतराको कुरा अरु केही पनि हुनसक्दैन। जसले नेपालमा रहेका कम्युनिष्टलाई नै समस्या बनाउँछ। कुनै न कुनै समयमा कम्युनिष्टहरु एकभएर काम गर्नैपर्ने हुन्छ। ७० प्रतिशतभन्दा बढी कम्युनिष्टहरु रहेको मुलुक नेपालमा उनीहरुकै बीचमा एकता नहुनु विश्वकै लागि दुखद् खबर हो। त्यसैले कम्युनिष्ट पार्टीहरुकाबीचमा रहेका विवादहरुलाई हलगर्नु सबैका लागि बाध्यता पनि रहेको छ। कम्युनिष्ट पार्टीकाबारेमा जनमानसमा सधैं भ्रमको अवस्था रह्योभने त्यसले संसदीय निर्वाचनमा भाग लिएका र नलिएका दुबैथरीलाई हानी गर्छ। यो कुरालाई अस्थित्वमा रहेका सबै कम्युनिष्ट पार्टीले स्वीकार गरेर त्यसको समाधान कसरी गर्ने/गराउने भन्ने उपायको खोजीमा लाग्नुपर्दछ। जसका लागि तत्काल अत्यन्त लचिलो खालको कम्युनिष्ट एकता मञ्चको स्थापना हुनुपर्दछ। जसका लागि हाल अस्थित्वमा रहेका कम्युनिष्ट पार्टीका प्रतिनिधिहरुले शुरुमा कार्यबिधि बनाएर त्यस अनुसार मोर्चा बनाउने प्रयासगर्नु राम्रो हुन्छ। होइनभने अलग अलग गरिएको प्रयासले राम्रो परिणति दिन सक्दैन। जुन हालको अवस्थामा एक बिचारणिय कुरा भएको छ।

## संविधान..

मधेसमा जनसंख्याको आधारमा निर्वाचन क्षेत्र निर्धारण हुनुपर्ने लगायतका मुद्दा नेपालको संविधानमा लाद्न चाहन्छ। त्यो अवस्थामा भारतले नेपालको संविधान संशोधनको प्रक्रियालाई उपयोग गर्नका लागि सम्भव सबै षड्यन्त्रगर्ने कुरामा कुनै दुविधा छैन। अहिलेको विश्व राजनीतिक स्थितिमा नेपालको राष्ट्रियता झन् संवेदनशील बनेको छ। नेपाल गम्भीर प्रकारको भूराजनीतिक अवस्थामा छ। चीन र अमेरिकाबिचको बढ्दो प्रतिस्पर्धाले नेपालमा अमेरिकी साम्राज्यवादको चासो, प्रभाव र हस्तक्षेप निरन्तर बढ्दो छ। भारतीय साम्राज्यवादबाट नेपाल शुरुदेखि नै पीडित रहँदैआएको छ। चीनको भौगोलिक उपस्थितिले नेपालको राष्ट्रियताको रक्षामा केही योगदान पुगे पनि कालापानीलाई भारतीय नक्सामा देखाउने र नेपालको सहमतिविना लिपुलेक नाका भएर भारतसँग व्यापार गर्ने चीन-भारतबिच भएको सम्झौताले पनि चीनबाट नेपालको राष्ट्रियतामाथि ठेस पुगेको छ। यो अवस्थामा विदेशी शक्तिराष्ट्रको प्रभाव र हस्तक्षेपबाट मुक्त भएर नै नेपालले संविधान संशोधनको कार्य अगाडि बढाउन सक्नुपर्दछ।